# प्रधानमन्त्री
# बमबहादुर कुँवर राणा



डा. तिलु थापा

# प्रधानमन्त्री बमबहादुर कुँवर राणा

(इतिहास)



प्रधानमन्त्री

# बमबहादुर कुँवर राणा

डा. तिलु थापा

प्रकाशक : नइ एकेडेमी
नइटोल– ७, घट्टेकुलो, अनामनगर
पोस्टबक्स : ११४४१, काठमाडौँ (नेपाल)
टेलिफोन : ४७७१४५५
मोबाइल : ९८५१०१६८९९, ९८४१२२४५९३
Email : nai.com.np@gmail.com
website : nai.com.np
भाषासंशोधक : लवप्रसाद भण्डारी
अक्षरसाधक : आयुष्मान शाक्य
आवरण फोटो : बमबहादुर कुँवर राणा
आवरण सज्जा : निश्चल गुरुङ
प्रथम संस्करण : २०८२ साल
मुद्रक : सहारा प्रिन्ट, डिल्लीबजार, मो.९८५१०७४१३३
नइ कृतिमाला : १८८
मोल : तीन सय रुपियाँ
© सुरक्षित, २०८२ (2025)
ISBN : 978-9937-786-23-2
Prime Minister Bam Bahadur Rana Kuwar by Dr.Tilu Thapa

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशन अर्थात् नइ एकेडेमीको स्थापना भएको हो । स्रष्टाद्वय नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको नाउँका अगाडिका अक्षर जोडेर 'नइ एकेडेमी'नामक साहित्यिक, सांस्कृतिक र सामाजिक संस्थाको स्थापना गरिएको हो । यो संस्था नेपाली वाङ्मयप्रेमीहरूको साझा चौतारी पनि हो । 'वसुधैव कुटुम्बकम्'को आदर्शमा आबद्ध नइ एकेडेमी नाफाविहीन गैरराजनीतिक सामाजिक संस्था हो ।

नइ एकेडेमीले सांस्कृतिक मूल्य, मान्यता र धारणालाई शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको खोजी गर्नु, अभिलेख राख्नु र सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नइ एकेडेमीबाट प्राज्ञिक महत्त्वका विभिन्न कार्यहरू हुँदै आएका छन् । नेपाली भाषासाहित्य, कला, संस्कृति, ज्ञानविज्ञान, समाजसेवा, खेलकुदलगायत विविध क्षेत्रका प्रतिभाको उच्च मूल्याङ्कन गर्दै उनीहरूको अर्चना गर्न यो संस्था सदैव अग्रसर छ ।

नइ एकेडेमीको योगदानलाई मूल्याङ्कन गरेर नेपाल सरकारले नइ प्रकाशनको लोगोअङ्कित दस रुपियाँको हुलाक टिकट र नेपाल राष्ट्र बैङ्कले एक सय रुपियाँको सिक्का प्रकाशनमा ल्याएर नइको उच्च कदर गरिदिएकोमा हामी थप प्रोत्साहित भएका छौँ । नेपाल राष्ट्र बैङ्कबाट नेपाली साहित्यिक संस्थाका नाउँमा सिक्का टकमरी भएको यो नै पहिलो अवसर भएकाले हामीलाई अरू गौरव लागेको छ ।

नइ एकेडेमीका विविध योजनामुताबिक 'प्रधानमन्त्री बमबहादुर कुँवर राणा'नामक प्रस्तुत कृति प्रकाशनमा आएको हो ।

नेपालको आधुनिक इतिहासको अध्ययन गर्ने क्रमको बलियो शृङ्खलामा प्रधानमन्त्री बमबहादुर कुँवर राणाको नाउँ पनि श्रद्धापूर्वक लिइन्छ । यति हुँदाहुँदै पनि उनीबारेको सिङ्गो किताप प्रकाशनमा आउन सकेको थिएन । अन्ततः त्रिभुवन विश्वविद्यालय केन्द्रीय इतिहास विभागका उपप्राध्यापक डा.तिलु थापाबाट 'प्रधानमन्त्री बमबहादुर कुँवर राणा'नामक कृति लेखिएको छ । त्यसैले यो कृति अरु ओजिलो भएको छ । यस्तो विशेष कृतिको लेखनका लागि डा.थापा थप बधाईकी पात्र भएकी छिन् ।

**प्रधानमन्त्री बमबहादुर कुँवर राणा**नामक कृति प्रकाशित गर्न पाउनु नइ प्रकाशनको लागि एउटा विशेष गौरवको अवसर हो ।

*नइ एकेडेमी*

मेरा पूज्य बुबाआमा
मोतीलाल थापा र मन्धरा थापामा
समर्पित !

# विषयसूची


- **भूमिका**– नरेन्द्रराज प्रसाई • ११
- **लेखकीय** • १७

१. कुँवर राणा वंशको सङ्क्षिप्त परिचय • २३
२. बमबहादुर राणाको प्रारम्भिक जीवन
(जन्म, शिक्षा, विवाह, परिवार) • ३५
३. राणा शासनको उदय • ४५
४. बमबहादुर कुँवर राणाको वृत्तिविकासको आरम्भ • ७७
५. कमान्डर इन चिफ बमबहादुर कुँवर राणा • ८३
६. नेपाल र तिब्बतको युद्धमा बमबहादुर कुँवर राणा • ८८
७. प्रधानमन्त्री बमबहादुर कुँवर राणा • १०४
८. प्रधानमन्त्री बमबहादुर कुँवर राणाको मृत्यु • ११३
९. बमबहादुर राणा र जङ्गबहादुर राणाबीच पारस्परिक सम्बन्ध • ११५
१०. बमबहादुर कुँवर राणाका सामाजिक तथा धार्मिक कार्यहरू • १२८
११. उपसंहार • १४४

- **परिशिष्ट**
  १. बमबहादुर कुँवर राणाको वंशवृक्ष • १४८
  २. काजी बमबहादुर कुँवरलाई प्राप्त कास्यपत्र • १६३
  ३. बमबहादुर कुँवरसम्बन्धी तस्बिर • १८८

- **सन्दर्भ सामग्रीसूची** • १९७

# प्रधानमन्त्री बमबहादुर कुँवर राणाको गाथा

**नरेन्द्रराज प्रसाई**

तिनको कतै पुर्ख्यौली छ, तिनको योगदान पनि छ र तिनको कतै दस्ताबेज पनि भेटिन्छ भने त्यस्ता व्यक्तिको सजिलैसित इतिहास लेख्न सकिन्छ । अनि मान्छेचाहिँ ठूलै भएका छन् तर त्यस प्रकारका मान्छेका बारे अभिलेख शून्य छ भने सुनेजानेका भरमा इतिहास लेखिएकै पनि देखिन्छन् । त्यसरी लेखिएको इतिहासलाई प्रामाणिक मान्न कठिन नै हुन्छ । त्यस्तो इतिहास भनेको चाहिँ व्यक्तिउपर सम्मानको माला गुथेको मात्रै पनि ठहरिन सक्छ । दस्ताबेजमा नै इतिहास कायम भएका व्यक्तिहरूको गाथा कहिले पनि हराउँदैन र त्यो आधिकारिक नै हुन्छ । वास्तवमा नै त्यस्ता व्यक्ति अमर हुन्छन् । अनि नेपालमा यसको ज्वलन्त उदाहरणीय व्यक्तित्व बमबहादुर कुँवर राणा हुन् भनेर डा.तिलु थापाले 'प्रधानमन्त्री बमबहादुर कुँवर राणा'नामक ग्रन्थ लेखेर भरपर्दो, दह्रो र उपयोगी बयान दिएकी छिन् । नेपाली समाजका चिरञ्जीवी पात्र अथवा एक जना वीर पुरुषको जीवनगाथा सुरक्षितै रहेछ भन्ने प्रमाण नै प्रस्तुत ग्रन्थ हो । वास्तवमा कर्म मर्दैन भन्ने साक्षात् प्रमाण डा.तिलु थापाले यही ग्रन्थमार्फत इतिहासमा बलियो उदाहरण प्रस्तुत गरेकी छिन् ।

डा.तिलु थापाद्वारा बमबहादुर राणाको जीवनलाई समेटेर सिङ्गो इतिहासको कृति लेखिएको बेहोरा इतिहासको एउटा सग्लो दस्ताबेज हुँदै हो । नत्र बमबहादुर कुँवर राणाजस्ता वीरहरूको

प्रसङ्गमा सिङ्गो कृतिको चिरप्रतीक्षा पनि गर्नुपर्ने नै हुन्थ्यो । अब यसबारेको तथ्य लेखिनु अधुरो रहेन । यतिका वर्षसम्म पनि कुनै इतिहासकारले बमबहादुर कुँवर राणाका नाउँमा एउटा सिङ्गो कृति नलेखिनु भनेको विदुषी डा.तिलु थापाका थाप्लोमा घाम लाग्नु नै हो रहेछ भन्ने पनि बुझियो ।

इतिहास क्षेत्रकै प्राज्ञ र त्रिभुवन विश्वविद्यालयको प्राध्यापन पेसामा आबद्ध डा.तिलु थापाको कृतिगत आगमन **'प्रधानमन्त्री बमबहादुर कुँवर राणा'**सितै भएको हो । अनि यो बेहोरा नेपाली इतिहास लेखनमा गौरवी पाइलो हुने नै छ । यस कृतिमार्फत एकातिर बमबहादुर कुँवर राणा सग्लै देखिए भने अर्कातिर तिलु थापाको पनि प्राज्ञिक भाग्यले थप लिस्नो चढेको मैले ठहर गरेको छु । किनभने भाग्यमानीले मात्र यस्तो सुनौलो इतिहास रचेर प्रथम कृति स्तम्भ ठडचाउने सुनौलो मौका पाएको हुन्छ ।

डा.तिलु थापाको प्रस्तुत 'प्रधानमन्त्री बमबहादुर कुँवर राणा' नामक कृतिको पाण्डुलिपि मैले अक्षर नबिराई पढेँ । कति थाहा पाएका र कति मेरा जानकारीमा नआएका इतिहासका कुरा पनि मैले दोहोऱ्याएर जान्ने मौका पाएँ । नेपालको इतिहासका छरिएर रहेका मधुरा पृष्ठहरूलाई पनि शृङ्खलाबद्ध रूपमा टड्कारै प्रस्तुत गरेर डा.थापाले गुनिलो काम गरेको साक्षी प्रस्तुत ग्रन्थ हो ।

डा.तिलु थापाले 'प्रधानमन्त्री बमबहादुर कुँवर राणा' लेख्ने क्रमको आरम्भमा 'कुँवर राणा वंशको सङ्क्षिप्त परिचय' लेखेकी छिन् । त्यस शीर्षकअन्तर्गत कुँवरहरूले आफूलाई सूर्यवंशी क्षेत्रीय भनेर चिनाएको पाइन्छ । ती सूर्यवंशीहरू चितौरगढबाट जुम्ला सरेका रहेछन् । कुँवरहरूको खास वंशचाहिँ डा.तिलु थापाले टाटा राय भन्ने देखाएकी छिन् । साथै जुम्लाका राजाले युद्धमा आफ्ना शत्रुहरूलाई जितेको पराक्रमका कारण कुँवर उपाधि दिइएको भन्ने बेहोरा यस ग्रन्थमा समाविष्ट गरिएको छ ।

त्यतिखेर जुम्लाका राजाद्वारा कुँवरहरूको संरक्षण भएको रहेछ । राजाले नै कुँवरलाई सेनामा भर्ना गर्नेदेखि भारदारको जागिरसमेत दिएका रहेछन् । कास्कीका राजा सिद्धिनारायण शाहले अहिराम कुँवरलाई जुम्लाबाट बोलाएका थिए भनेर डा.तिलु थापाले किटानी बयान दिएकी छिन् । कुँवरलाई राजाले भारदार बनाए, जग्गाजमिन दिए, गाउँ नै बिर्ता दिए । साथै राजाले अहिराम कुँवरकी सुन्दरी छोरी पनि ताकेका थिए । राजाले विवाह गर्न चाहे तापनि कुँवरले दोस्रो पत्नीका रूपमा अथवा भनौं उपरानी राख्न आफ्नी छोरी दिएनन् । त्यसपछि राजाले बलपूर्वक तारादेवीलाई भित्रेनी बनाउन खोजेको रोचक प्रसङ्ग पनि तिलु थापाले उल्लेख गरेकी छिन् । त्यसपछि अहिराम कुँवर ती राजाका डरले आफ्ना सन्तान लिएर त्यहाँबाट भागेका रहेछन् । अनि भागेर उनी लमजुङ हुँदै गोरखाका राजा नरभूपाल शाहका शरणमा पुगेका थिए ।

नरभूपाल शाहले लडेको नुवाकोटको लडाइँमा अहिराम कुँवरले राजालाई दिलोज्यानले सघाएका थिए । त्यसपछि यिनले राजाबाट सरदारको पदवी पनि पाएका थिए ।

अहिराम कुँवरका जेठा छोरा रामकृष्ण कुँवरले पनि नुवाकोटको लडाइँमा राजा नरभूपाल शाहलाई दिलोज्यानले सघाएका थिए । त्यसपछि यिनले पनि राजाबाट सरदारको पदवी नै पाएका थिए । रामकृष्ण कुँवरका माइला भाइ जयकृष्ण कुँवरका छोरा चन्द्रवीर कुँवर थिए । तिनै चन्द्रवीरका छोरा बलभद्र कुँवर नै नालापानी युद्धका वीर योद्धा रहेछन् भन्ने बेहोरा यसै कृतिमा लेखिएको छ ।

सरदार रामकृष्ण कुँवरका एउटै छोरा भएर पनि काजी रणजित कुँवरले हज्जारौं सेनाले गर्ने बुद्धिमताको काम एक्लैले गरेर देखाएका थिए । त्यसैले आधुनिक नेपालको एकीकरणका सन्दर्भमा यिनको नाउँ मुखैका अघि देखा परेको प्रसङ्गलाई डा.तिलु थापाले स्पष्ट पारेकी छिन् ।

काजी रणजित कुँवरका छोरा बालनरसिंह कुँवरको जन्म काठमाडौँमा भयो । तिनका बाजे रामकृष्ण कुँवर र बुबा रणजित कुँवरको योगदान, निष्ठा र समर्पणका कारण बालनरसिंह कुँवर रणबहादुर शाहका घनिष्ठ पात्र भए । घनिष्ठ मात्र नभएर उनलाई राजाले अङ्गरक्षक नै बनाएका थिए । रणबहादुर शाहलाई तरबारले काटेर मार्ने रणबहादुरकै सौतेनी भाइ चौतरिया शेरबहादुर शाहलाई तरबारैले काटेर मार्ने बालनरसिंह कुँवर नै थिए ।

बालनरसिंह कुँवर र उनकी कान्छी पत्नी गणेशकुमारीका जेठा छोराको नाउँ वीरनरसिंह कुँवर थियो । वीरनरसिंह जङ्गी देखिएकाले मामा माथवरसिंह थापाले यिनको नाउँ जङ्गबहादुर राखिदिए । उनी पढ्नलेख्नभन्दा साहसी काममा नै भिड्ने गर्थे ।

बालनरसिंह कुँवरका जेठी र कान्छी पत्नीबाट आठ जना छोरा जन्मे । बमबहादुरचाहिँ जङ्गबहादुरका सहोदर माइला भाइ थिए ।

बमबहादुर राणाको प्रारम्भिक जीवनबारे डा.तिलु थापाले सारगर्भित वर्णन गरेकी छिन् । बमबहादुर राणाका बुबा बालनरसिंहले घोडा, गाई पालेको सङ्क्षेपमा बयान गरिएको छ । अनि घोडा गाईलाई हेर्ने काम बमबहादुरले गर्थे । यिनी दाउरा चिर्ने र खाना पकाउन पनि सिपालु थिए भन्ने बेहोरा तिलु थापाले प्रस्तुत गरेकी छिन् । पढाइलेखाइमा पनि बमबहादुरको रुचि थियो । बमबहादुर गणितमा पारङ्गत देखिन्थे । साथै उनले उर्दू, बङ्गाली, अङ्ग्रेजी र फारसी भाषाहरू पनि पढ्नेलेख्ने गर्थे । डा.तिलु थापाले जनाए अनुसार बमबहादुर राणाको व्यक्तित्व बहुआयामिक देखिन्छ ।

•

बमबहादुर कुँवर राणा प्रधानमन्त्री भएर पनि अँध्यारोमा नै थिए । २०५५ सालको कुरा हो– दिवाकरविक्रम राणाले मलाई यही संवाद भनेका थिए । अनि यस सम्बन्धमा हामीमाझ निक्कै लामो बहस चलेको पनि थियो । डीबी राणाको गुनासो एउटै कुरामा

थियो– 'जङ्गबहादुर राणाबारे जति कुरा आउनुपर्ने थियो इतिहासले ती प्राय: सम्पूर्ण घटनाहरूलाई अगाडि ल्याइदियो । बमबहादुर भनेका जङ्गबहादुर राणाका सहोदर भाइ मात्र नभएर उनले नेपाल राष्ट्रका लागि बेग्लै र अति महत्त्वपूर्ण काम गरेका थिए । इतिहासकारहरू उनको बेग्लै दस्तावेज बनाउन कसरी चुके ?'

हो, इतिहासकारहरू बमबहादुर कुँवर राणाको गाथा लेख्न चुकेकै हुन् । वास्तवमा उनी इतिहास लेखिनुपर्ने एउटा सग्लो व्यक्तित्व थिए । उनको इतिहास लेखिनु भनेको उनीप्रतिको सम्मान मात्र होइन समग्र समाज र राष्ट्र नै पनि कृतज्ञ देखिनु हो । त्यसबारे मैले पनि डीबी राणालाई आफ्नो मत पोख्न छाडेको थिइनँ ।

मलाई भेटेपिच्छे डीबी राणाले 'बमबहादुरको गाथा' गाउन छोडेका थिएनन् । डीबी राणासित मेरो भेट भएका बेला उनैका मुखबाट मलाई थाहा भयो, उनी बमबहादुरकै वंशज रहेछन् । वंशज मात्र होइन बमबहादुरका नाति पूर्णविक्रम र उनका नाति दिवाकरविक्रम राणा रहेछन् । डीबी राणासित मेरो आत्मीयताका कारण पनि जोडिनाले मैले बमबहादुर कुँवरको नालीबेली गहिरिएर नै पढेँ । इतिहासको जराजुरी खोतलिएको प्रसङ्ग मेरा लागि पनि उपलब्धि नै भयो । किनभने ऐतिहासिक, अनुसन्धान र अन्वेषणात्मक लेखनप्रति म आकृष्ट हुने गर्छु र यसैमा घोत्लिँदै आएको पनि छु ।

म जतिजति बमबहादुरको इतिहास सुन्दै जान थालेँ, उतिउति उनको प्रभावमा डुब्दै जान थालेँ । साँच्चै इतिहासकार उनको गाथा लेख्न चुकेकै हुन् भन्ने हिसाब मेरो मनमस्तिष्कमा पस्तै जान थाल्यो । देशको एउटा होनहार व्यक्ति यसरी दियोमुनिको अँध्यारो भएकै रहेछन् भन्ने मलाई लाग्दै गयो । उनका बारेमा फाट्टफुट्ट त लेखिएकै थियो तर उनको इतिहास बेग्लै लेखिनुपर्थ्यो । किनभने उनको विषयमा लेखिनका लागि सामग्री पनि छँदै थिए । यसै परिवेशमा एउटा इतिहासकी विद्यावारिधि अर्थात् डा.तिलु थापालाई

सर्वप्रथम हुने साइत जुऱ्यो । अनि थापाजस्ती जागरुक र प्राध्यापन पेसामा आबद्ध विदुषीका कलमबाट बमबहादुर कुँवर राणा सिँगारिनु अर्को एउटा उपलब्धि हुँदै हो ।

बमबहादुर या जङ्गबहादुर राणाका बुबा बालनरसिंह कुँवर भीमसेन थापाका विश्वासिला र सहयोगी थिए ।

बमबहादुर कुँवरका जिजुहजुरबुबा रामकृष्ण कुँवर पृथ्वीनारायण शाहका दाहिने हात थिए । पृथ्वीनारायण शाहले जे जति दिग्विजय हासिल गरे त्यसमा रामकृष्ण कुँवरको पनि महत्त्वपूर्ण भूमिका जोडिएको तथ्य डा.तिलु थापाले उल्लेख गरेकी छिन् । यस कृतिमा बमबहादुर कुँवर राणाको गाथा मात्र गाइएको छैन नेपालको आधुनिक इतिहासका प्रमुख दफाहरूसमेत प्रस्तुत गरिएको छ ।

बमबहादुर कुँवर राणा कूटनीतिज्ञ थिए । उनी देशभक्त थिए । उनी विकासवादी पनि थिए । साथै उनी धार्मिक र सामाजिक पनि थिए । प्रतीकविक्रम राणाले भनेझैँ 'बमबहादुर कुँवर राणा प्रत्येक नेपालीका लागि अनुकरणीय र प्रेरक मानिन्छन् ।' प्रतीकविक्रम डीबी राणाका छोरा हुन् । आफ्नो बुबाको सपना पूरा गर्न प्रतीक लागेको तथ्यले यो कृति बनेको हो । अन्यायमा परेर इतिहासको गर्भमा पुरिन आँटेका आफ्नो पुर्खाका लागि प्रतीकविक्रम राणाको अग्रसरता स्तुत्य छ । प्रतीकविक्रम राणाले बमबहादुरका खलक उच्चस्तरीय हुनुको प्रमाण र डीबी राणाका सुयोग्य पुत्र भन्नुको प्रमाण यस कृतिलाई अघि बढाउन विशेष भूमिका खेलेकैबाट स्पष्ट हुन्छ ।

डा.तिलु थापाको भाषा, शैली र प्रस्तुति मनमोहक छ । इतिहास लेखिनु कथन र शब्दको भण्डार मात्र नभएर पाठकको रुचि गाँसिने खाले प्राञ्जल भाषा पनि हुनुपर्दछ भन्ने मान्यता प्रस्तुत ग्रन्थले दिएको छ । 'प्रधानमन्त्री बमबहादुर कुँवर राणा'जस्तो स्तरीय ग्रन्थ लेख्ने प्रिय बहिनी तिलु थापालाई मेरो हार्दिक बधाई छ ।

# लेखकीय

इतिहास एउटा गहन विषय हो । आफ्नो राष्ट्र, राष्ट्रियता र स्वयम् आफ्नो पहिचानका लागि इतिहासको अध्ययन आवश्यक छ । इतिहास यथार्थ चित्रण गराउने स्रोत हो । इतिहासको कुनकुन कालखण्डमा के कस्ता घटनाहरू घटे ? त्यसबाट राम्रा नराम्रा के कति प्रभावहरू पऱ्यो भन्ने कुरालाई इतिहासले छर्लङ्ग पार्दछ ।

इतिहासमा महत्त्वपूर्ण स्थान बनाएका कैयौँ यस्ता पात्रहरू छन्, उनीहरूको विषयमा लेखिएको छैन र खोजिएकै पनि छैन । तिनै पात्रहरूमध्ये बमबहादुर कुँवर राणा पनि एक हुन् । नेपालको प्रशासनिक क्षेत्रमा, कूटनीतिक क्षेत्रमा, सैनिक क्षेत्रमा र धार्मिक क्षेत्रमा बमबहादुर कुँवर राणाको महत्त्वपूर्ण योगदान छ । यति हुँदाहुँदै पनि उनको विषयमा आवश्यकीय अध्ययन र अनुसन्धान भएको देखिएन । त्यसैले उनी इतिहासको ओझेलमा परेका एउटा पात्र हुन् ।

आफू इतिहासकै विद्यार्थी भएकाले ओझेलमा परेका बमबहादुर कुँवर राणाको विषयमा खोजी गरी पुस्तक लेख्ने मेरो चाहना धेरै पहिलादेखि नै थियो । समय र परिस्थिति नमिलेकाले मेरो उक्त चाहना पूरा हुन सकिरहेको थिएन । यसैबीच मेरा श्रद्धेय गुरु प्रा.डा.सुरेन्द्र केसीमार्फत नरेन्द्रराज प्रसाईसँग मेरो सम्पर्कभेट भयो । प्रसाई अर्थात् नइ एकेडेमीबाट इतिहासको घुम्टोमा हराइरहेका महापात्रहरूको खोजी गरी उनीहरूको योगदानलाई जनसमक्ष ल्याउने

कार्य भइरहेको मलाई पनि केही न केही थाहा नै थियो । तिनै महापात्रहरूमध्येका बमबहादुर कुँवर राणाका विषयमा खोजी गर्ने, लेख्ने लेखाउने नइमा पनि चाहना रहेछ ।

बमबहादुर कुँवर राणाउपर नरेन्द्रराज प्रसाईको चाहनाजस्तै शाही नेपाल वायुसेवा निगम (RNAC) का पूर्वअध्यक्ष तथा महाप्रबन्धक र सिप्रदीका संस्थापक प्रवर्तकसमेत रहेका दिवाकरविक्रम राणाको पनि रहेछ । उहाँ बमबहादुर कुँवर राणाका पाँचौँ पुस्ताका वंशज हुनुहुँदो रहेछ । नइदम्पती र दिवाकरविक्रम राणाको घनिष्ठ सम्बन्ध रहेछ र उहाँहरूको भेट भएपिच्छे बमबहादुरका विषयमा पुस्तक प्रकाशन गर्ने कुरा हुने गर्दो रहेछ । संयोगले नरेन्द्रराज प्रसाईसँग मेरो सम्पर्क भएपछि हामी सबैको चाहनाको उपज प्रस्तुत 'प्रधानमन्त्री बमबहादुर कुँवर राणा'नामक कृति तयार भयो ।

'प्रधानमन्त्री बमबहादुर कुँवर राणा' पुस्तकमा अप्रकाशित र प्रकाशित दुवै प्रकारका दस्ताबेजहरूको प्रयोग गरिएका छन् । अप्रकाशित दस्ताबेजमा काजी बमबहादुर कुँवरको कस्यपत्र, बमबहादुर कुँवरले पाल्पाबाट श्री ५ राजेन्द्रविक्रम शाहलाई लेखेको अर्जी, श्री ५ राजेन्द्रले बमबहादुर कुँवरलाई दिएको कस्यरुक्का, श्री ५ सुरेन्द्रबाट जनरल बमबहादुर कुँवर राणा र खजाञ्ची शिवप्रसाद अर्याललाई लेखेको कस्यरुक्का, नेपालतिब्बत युद्धको समयमा जङ्गबहादुर राणाले स्याप्रु बाङ्गलाबाट बमबहादुर कुँवर राणालाई लेखेको पत्र, मेजर कप्तान बुद्धिमानसिंह बस्न्यातले दैलेखबाट प्राइम मिनिस्टर एन्ड कमान्डर इन चिफ बमबहादुर कुँवर राणालाई लेखेको पत्र पुरातत्त्व विभागबाट लिइएको हो । नेपाल तिब्बत युद्ध हुनुभन्दा अगाडि श्री ५ सुरेन्द्रविक्रम शाह, सुरेन्द्रका बाबु राजेन्द्रविक्रम शाह र सुरेन्द्रका छोरा त्रैलोक्यविक्रम शाहले छुट्टाछुट्टै छाप लगाएर कमान्डर इन चिफ जनरल बमबहादुर कुँवर राणालाई गरिदिएको लालमोहर मेजर (अ.प्र.) रुसेन्द्रविक्रम राणाको व्यक्तिगत

सङ्ग्रहबाट प्राप्त भएको हो । अन्य प्रकाशित दस्तावेजहरू इतिहास केन्द्रीय विभागका पुस्तकालय, त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालय, राष्ट्रिय अभिलेखालय, संस्कृति केन्द्रीय विभागका पुस्तकालयबाट सङ्ग्रह गरी पुस्तकमा उपयोग गरिएको छ । अप्रकाशित तथा मौलिक स्रोतहरूको धेरै प्रयोग गरी लेखिएको यस पुस्तकमा बमबहादुर कुँवर राणाको जीवनका विविध पक्षलाई समेटिएको छ । त्यसैले बमबहादुर कुँवर राणासम्बन्धी जानकारी लिन चाहने सबै पाठकका लागि प्रस्तुत पुस्तक उपयोगी हुने मैले विश्वास गरेकी छु ।

'प्रधानमन्त्री बमबहादुर कुँवर राणा' पुस्तक लेखनका लागि उत्साहित गर्नुका साथै लेखनको क्रममा आवश्यक सरसल्लाह र हौसला दिनुहुने नरेन्द्रराज प्रसाईप्रति आभारी छु । पुस्तकलेखनका लागि सामग्री सङ्कलन गर्ने क्रममा दिवाकरविक्रम राणाका छोरा प्रतीकविक्रम राणासँग पनि मेरो सम्पर्क भयो । पुस्तकलेखनका लागि प्राथमिक तथा मौलिक स्रोतसामग्रीका साथै द्वितीय स्रोतसामग्रीहरू सङ्कलन गर्नका लागि उहाँले मलाई धेरै सहयोग गर्नुभयो । तसर्थ प्रतीकविक्रम राणाप्रति हृदयदेखि नै आभार व्यक्त गर्दछु । उहाँले बडो मिहिनेत गरेर बमबहादुर कुँवर राणाको वंशवृक्ष तयार पार्नुभएको हो । यस कार्यमा उहाँलाई सहयोग गर्नुहुने सहायक रथी (अ.प्र.) सुदर्शनविक्रम राणा, संजिवविक्रम राणा, पवित्रविक्रम राणा, निरञ्जनविक्रम राणा, कल्पना राणालाई पनि हार्दिक धन्यवाद व्यक्त गर्दछु । साथै आफ्नो व्यक्तिगत सङ्ग्रहमा रहेका बमबहादुर कुँवर राणासम्बन्धी महत्त्वपूर्ण सामग्रीहरू उपलब्ध गराउनुको साथै महत्त्वपूर्ण जानकारी दिएर पुस्तक लेख्ने कार्यमा सहयोग गर्नुहुने मेजर (अ.प्र.) रुसेन्द्रविक्रम राणाप्रति कृतज्ञता प्रकट गर्दछु । बमबहादुर कुँवर राणाद्वारा स्थापित बमवीर विकटेश्वर शिवालयको गुठी व्यवस्था र बमबहादुर कुँवर

राणासम्बन्धी पटकपटकको भेटमा महत्त्वपूर्ण जानकारी दिएर पुस्तकलेखनमा सहयोग गर्नुहुने राजविक्रम राणाप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

अन्त्यमा पुस्तकको भूमिका लेखिदिने मेरा आदरणीय दाजु नरेन्द्रराज प्रसाई र पुस्तक प्रकाशनका लागि नइ एकेडेमीप्रति कृतज्ञता ज्ञापन गरेकी छु ।

**डा.तिलु थापा**

# प्रधानमन्त्री बमबहादुर कुँवर राणा

# कुँवर राणा वंशको सङ्क्षिप्त परिचय

नेपालका कुँवर राणाहरूको वंश चितौरका सिसौदिया वंशसँग जोडिएको पाइन्छ । कुँवरहरूले आफूलाई चितौरगढका सूर्यवंशी क्षत्रीयको सन्तान मान्दछन् । मुसलमानहरूको आक्रमणबाट चितौरगढको पतन भएपछि त्यहाँका राजा टाटा रायका भतिजा फकत सिंह आफ्ना छोरा राम सिंह र अन्य चार जना सहयोगीका साथ पहाड पसेका थिए । पहाडी राजाले उनीहरूलाई सम्मानका साथ आफ्नो राज्यमा बस्ने व्यवस्था मिलाएका थिए (राइट, १८७७ : XI)। यहाँ उल्लेख गरिएको पहाडी राजा भनेका चाहिँ जुम्लाका राजालाई मानिएको पाइन्छ ।

जुम्ली राजाले राम सिंहलाई आफ्नो दरबारनजिकै बस्नका लागि घर बनाइदिए । उनलाई सधैँ जुम्लामा नै राख्ने उद्देश्यले बगाले क्षत्री राजाको छोरीसँग उनको विवाह गरिदिए । ती कन्याबाट राम सिंहका छ भाइ छोराहरू भए । जुम्ला र सतहकोटका राजाको बीचमा भएको युद्धमा बहादुरीका साथ लडेर पराक्रम देखाएकाले राजाले राम सिंहका छोराहरूलाई कुँवर खड्काको उपाधिसमेत दिएका थिए । कुँवरका नामले प्रसिद्ध भई राम सिंहका सन्तान दरसन्तानहरू अहिलेसम्म नेपालमा बसिरहेका छन् ।

जुम्लाका राजाले राम सिंहका एउटा छोरा रतनजितसिंह कुँवर (राउत कुँवर) लाई आफ्नो फौजको अफिसर बनाएर सरदारको दर्जा दिए । राउत कुँवर जुम्ला राज्यको सेवामा आजीवन रहे (शर्मा,

२००८ : ३२२) । राउत कुँवरका छोरा अहिराम कुँवरलाई कास्कीका राजा सिद्धिनारायण शाहले जुम्लाबाट आफ्नो राज्यमा बोलाएर ससम्मान सेनामा भर्ती गरी भारदारसमेत बनाएर राखेका थिए । खान्कीको रूपमा उनलाई फुस्रे खोला र सेती नदीको दोभानमा रहेको ढुङ्गेसाँघु नामको गाउँ बिर्ता पनि दिए । अहिराम कुँवरका तीन छोराहरू रामकृष्ण कुँवर, जयकृष्ण कुँवर र अमरसिंह कुँवरका साथै एक अत्यन्त रूपवती छोरी पनि थिइन् (पन्त र सुवेदी, २०५६ : ६) । अन्य पुस्तकहरूमा भने अहिराम कुँवरको रामकृष्ण कुँवर र जयकृष्ण कुँवर दुई छोरा मात्र थिए भनिएको पाइन्छ (शर्मा, २००८ : ३२९, पन्त (सम्पा.), २०७९ : १) ।

त्यति बेला गोरखा राज्य सामरिक रूपमा कास्की र लमजुङभन्दा कमजोर थियो । कास्कीमा हुँदा अहिराम कुँवर नाम चलेका योद्धा थिए । उनको छोरीको नाम तारादेवी थियो । कास्कीका राजा सिद्धिनरसिंह शाहले अहिरामकी छोरीप्रति आकर्षित भएर उनीसँग विवाह गर्ने चाहना राखे । विधिवत् रूपमा शाहको विवाह पहिला नै भइसकेको थियो । त्यसैले उनी तारादेवीसँग दियो, कलश मात्र पुजेर विवाह गर्न चाहन्थे । यसरी गरेको विवाहबाट तारादेवी दरबारमा रानीभन्दा पनि उपरानी या भित्रिनीको दर्जामा रहनुपर्थ्यो । यस कुरामा असन्तुष्ट भएका अहिराम कुँवरले राजाले राखेको विवाहको प्रस्ताव सीधै अस्वीकार गरिदिए ।

अहिराम कुँवर आफ्नी छोरीलाई विधिवत् रूपमा विवाह गरी दरबारकी औपचारिक रानी भएको हेर्न चाहन्थे । अहिरामले 'प्रक्रिया पुऱ्याएर विवाह नगर्ने हो भने आफ्नी छोरी नै नदिने' भएपछि राजाले कुनै हालतमा भए पनि तारादेवीलाई दरबारभित्र हुल्ने अठोट गरे । त्यसैले राजाले दरबारको पुरोहित पराजुली र भारदार थापालाई जुनसुकै बल प्रयोग गरेर भए पनि तारादेवीलाई हरण गरेर दरबारमा ल्याउन आदेश दिएका थिए । ती पुरोहित र भारदारलाई राजाज्ञा

शिरोपर गर्नुपर्ने बाध्यता छँदै थियो । यति हुँदाहुँदै पनि त्यसरी जबरजस्ती गर्न तिनीहरूको मनले मानेन् । त्यसैले उनीहरूले अहिराम कुँवरलाई परिवारसहित राति नै त्यहाँबाट भागेर जान गोप्य रूपमा सन्देश पठाएका थिए । त्यो सूचना पाएपछि अहिराम कुँवर आफ्नी पत्नी र छोराछोरी लिएर कास्कीबाट रातोरात लमजुङ दरबारमा शरण लिन पुगेका थिए ।

अहिराम कुँवर कास्कीबाट भागेर आएका हुनाले लमजुङका राजा रिपुमर्दन शाहले उनीहरूलाई कुनै पनि प्रकारको मानमनितो र सम्मान गरेनन् । कतिसम्म भने राजाले उनीहरूलाई बस्ने व्यवस्थासम्म पनि गरेनन् । वास्तवमा अहिराम कुँवरले कास्कीमा केही काम बिगारेर भागी आफ्नो राज्यमा शरण लिन आएका हुन् भन्ने लमजुङका राजालाई शङ्का लागेको थियो ।

लमजुङका राजाले घोर उपेक्षा गरेपछि अहिराम कुँवर फेरि परिवार लिएर रातोरात त्यहाँबाट हिँडे । त्यसपछि उनीहरू सरासर गोरखाका राजा नरभूपाल शाहको दरबारमा शरण लिन पुगेका थिए । शाहले उनीहरूलाई सम्मानपूर्वक आश्रय दिएका थिए ।

त्यति बेला बाइसी, चौबिसी राज्यको समय थियो । अन्य राज्यको भित्री कुरा त्यस राज्यबाट आउने व्यक्तिबाट थाहा पाउन बाठा राजाहरू लालायितै हुन्थे । त्यसैले कास्की र लमजुङ दरबारको भित्री कुरा थाहा पाउने लालसाका कारणले पनि राजा नरभूपाल शाहले अहिराम कुँवरका परिवारलाई गोरखामा सम्मानपूर्वक बस्न दिएका थिए ।

आफ्नो राज्यको सैन्यशक्ति बलियो बनाउन नरभूपाल शाहले प्रयास गरिरहेकै थिए । तसर्थ उनले अहिराम कुँवरलाई गोरखामा नै बस्ने सुविधासम्पन्नको व्यवस्था मिलाएका थिए । त्यति मात्र नभएर नरभूपाल शाहले अहिराम कुँवरलाई जागिरसमेत

दिएका थिए । साथै उनलाई गोरखामा नै एउटा खोला पनि बिर्ता दिएका थिए । त्यति बेला कुँवरले राजाबाट पाएको बिर्तालाई 'कुँवर खोला' भन्ने चलन अझै छँदै छ (पन्त र सुवेदी, २०५६ : ६–११) । अहिराम कुँवरले गोरखा राज्यमा बसी नुनको सोझो गरेर बाँकी जीवन बिताएका थिए । उनका छोरा र पछिल्ला पुस्ताहरूले पनि गोरखा राज्यको उन्नति र प्रगतिका निम्ति सक्दो काम गरिरहे ।

अहिराम कुँवरको ५६ वर्षको उमेरमा स्वर्गारोहण भयो (पाण्डे र अरू, २०५६ : १) । त्यति बेलासम्म यिनका जेठा छोरा रामकृष्ण कुँवर नेपाली सेनामा भर्ती भइसकेका थिए ।

रामकृष्ण कुँवर चौध वर्षको कलिलो उमेरमा नै नेपाली सेनाको तल्लो तहमा भर्ती भएका थिए । क्षत्रीको कोखमा जन्मिएका उनी पढाइलेखाइमा भन्दा पनि दौड, घोडचढी, कुस्ती, युद्ध, चाँदमारी तथा सामाजिक ज्ञानमा निपुण थिए । त्यसैले उनी राजदरबारसँग चाँडै घुलमिल पनि भए ।

बाबुको मृत्युपछि परिवारको जेठा छोरा भएको नाताले परिवारको रेखदेख गर्ने सबै जिम्मा पनि रामकृष्ण कुँवरको काँधमा आयो । आफ्ना बुबाले राजाबाट पाएको बिर्ता कुँवर खोलाको जमिनमा उनले मिहिनेत गरी उत्पादनशील बनाएका थिए । पछि उक्त ठाउँ कुँवरहरूको कर्मथलो नै बनेको थियो ।

राजा नरभूपाल शाहले नुवाकोटमा आक्रमण गरेका बेला रामकृष्ण कुँवरले राजालाई आफ्नो बुताले भ्याएसम्मकै सहयोग गरेका थिए । साथै पृथ्वीनारायण शाहको उपत्यका विजय अभियान र पूर्वी विजयी अभियानमा यिनले नेतृत्व तहमा बसेर महत्त्वपूर्ण भूमिका निभाएका थिए । त्यसैले गोरखा दरबारमा रामकृष्ण कुँवरलाई आदर र सम्मानका रूपमा हेरिन्थ्यो । साथै उनको कुशल योगदानको

राजाबाट ठूलै कदर भएको थियो । उनलाई राजाबाट 'सरदारको पद दिइएको थियो' (पाण्डे र अरू, २०५६ : २) । जुन सेनाको सबैभन्दा माथिल्लो पद थियो ।

पृथ्वीनारायण शाहले पूर्वी विजयी अभियान सफल भएपछि सरदार रामकृष्ण कुँवरलाई प्युठान पठाएका थिए । त्यहाँ एक बारुदखाना तयार पार्न लगाउने क्रममा वि.सं.१८४४ मा उनको मृत्यु भयो (पन्त र सुवेदी, २०५६ : १३) ।

सरदार रामकृष्ण कुँवर वीर योद्धा मात्र थिएनन् । उनी कुशल प्रशासक थिए । साथै उनी समाजसेवी पनि थिए । यस विषयको ठोस जानकारी उनले ढुङ्गा छापेर बनाएको गुह्येश्वरीदेखि पशुपतिसम्मको बाटोले पुष्टि गर्दछ । यसबारे पनि एउटा प्रसङ्ग इतिहासमा आबद्ध छँदै छ । त्यो के हो भने– युद्धमा विजय प्राप्त गरेपछि राजाबाट युद्धमा सरिक अफिसरहरूलाई पुरस्कार वितरण गरिँदै थियो, राजाद्वारा रामकृष्ण कुँवरलाई आफ्नो पुरस्कार आफैँ तोक्न भनिएको थियो । उनले 'मलाई धनसम्पत्ति र जग्गाजमिन केही पनि चाहिँदैन, पशुपतिदेखि गुह्येश्वरीसम्म मेरै खर्चमा ढुङ्गाले छापेर एउटा बाटो निर्माण गर्न अनुमति पाऊँ' भने [पहाडी (अनु.), २०७४ : ५] । त्यो बाटो अहिलेसम्म पनि छँदै छ । पछि यस बाटोलाई उनका पनाति श्री ३ रणोद्दीपसिंह राणाले जीर्णोद्धार गरेका थिए ।

रामकृष्ण कुँवरका भाइ अर्थात् अहिराम कुँवरका माहिला छोरा जयकृष्ण कुँवर पनि वीर योद्धा थिए । प्युठानको बारुद कारखानामा दाजु रामकृष्ण कुँवरको मृत्यु भएको समयमा यिनी प्युठान म्यागेजिनका नाइके थिए । यिनले आफ्ना दाजुको स्मरणमा प्युठान खलङ्गामा गुठी राखेका थिए । गुठी राखेको केही समयपछि जयकृष्ण कुँवरको पनि वि.सं.१८४५ मा प्युठान म्यागेजिनमा नै मृत्यु भयो (पन्त र

सुवेदी, २०५६ : १३)। यिनै जयकृष्णका नाति अर्थात् चन्द्रवीर कुँवरका छोरा बलभद्र कुँवर हुन्। बलभद्र कुँवर नालापानी युद्धका वीर योद्धा मानिन्छन्।

रामकृष्ण कुँवरका कान्छा भाइ अमरसिंह कुँवरले सानै उमेरमा गोरखा र तिमालको युद्धमा वीरगति पाएका थिए। यस कुरालाई वि.सं.१८१९ मा राजा पृथ्वीनारायण शाहले रामकृष्ण कुँवरलाई लेखेको पत्रमा 'तिम्रा भाइ तिमालको युद्धमा परेकोमा बहुतै फिक्री लागेको' भनेर उल्लेख गरेबाट पुष्टि हुन्छ। केही इतिहासकारहरूले तिमालको युद्धमा वीरगति पाउने जयकृष्ण कुँवर हुन् भनेका छन् (पन्त : सम्पा.), २०७९ : १)। तर जयकृष्ण कुँवरको मृत्यु वि.सं.१८४५ मा प्युठानमा भएको कुरा यसअघि उल्लेख भइसकेको छ।

रामकृष्ण कुँवरका एक मात्र छोरा रणजित कुँवर थिए। यिनको जन्म गोरखाको बेखबिर्तामा नै भएको थियो। बुबा सरदार रामकृष्ण कुँवरको मृत्यु हुँदा यिनी १८ वर्षका थिए। वि.सं.१८४३ देखि यिनलाई जुम्लाको प्रशासनमा नियुक्त गरिएको थियो। नायब बहादुर शाहले जुम्ला, हुम्ला र अछाम नेपाल अधिराज्यमा एकीकरण गरेका थिए। ती नवविजित प्रदेशका जनताले त्यति बेला गोरखालीको विरुद्धमा विद्रोह गरेका थिए। रणजित कुँवरले लगातार १७ दिनसम्म लडेर त्यहाँको विद्रोहलाई दबाएका थिए (पन्त र सुवेदी, २०५६ : १४)। त्यसैले उनलाई अधिराज्यको चार काजीमध्ये एक काजी बनाएर राज्यले पुरस्कृत गऱ्यो। उनले पाएको मान र जागिर उनका उत्तराधिकारीले समेत पाउने भयो (शर्मा, २००८ : ३२४)। रणजित कुँवरले जीवनका धेरैजसो समय पश्चिमको लडाइँ र त्यहाँको व्यवस्था मिलाउनमा बिताएका थिए। वि.सं.१८६८ मा पश्चिम काँगडाको युद्धको क्रममा यिनले वीरगति पाएका हुन् (पन्त र सुवेदी, २०५६ : १५)।

वर्तमान आधुनिक नेपाललाई एकीकरण गर्ने महारथीहरूमा काजी रणजित कुँवरको नाम अग्रपङ्क्तिमा आउँछ । आधुनिक नेपालको इतिहासमा उनको योगदानलाई महत्त्वपूर्ण स्थान दिइएको छ ।

काजी रणजित कुँवरका बालनरसिंह कुँवर, बलरामसिंह कुँवर र रेवन्तसिंह कुँवर गरी तीन भाइ छोरा जन्मेका थिए । बालनरसिंह कुँवरको जन्म काठमाडौँमा भएको लेखियो । उनी वि.सं.१८४० पुस २४ गते जन्मेका थिए ।

पृथ्वीनारायण शाहले नेपाल एकीकरण अभियानमा विशेष योगदान पुऱ्याएबापत बालनरसिंह कुँवरका हजुरबुबा सरदार रामकृष्ण कुँवरलाई वि.सं.१८२९ मा स्वयम्भूवरिपरि र धुलिखेलको जमिन बिर्ता दिएका थिए (पन्त र सुवेदी, २०५६ : १८) । त्यसपछि रामकृष्ण कुँवर परिवारसहित काठमाडौँमा बस्न थालेका थिए । यही आधारमा बालनरसिंहको जन्म काठमाडौँको स्वयम्भू क्षेत्रतिर भएको मानिएको हो ।

रामकृष्ण कुँवर र रणजित कुँवरले नेपाल एकीकरण अभियानमा विशेष योगदान पुऱ्याएका हुनाले राजदरबारको भारदारमा महत्त्वपूर्ण स्थान लिन सफल भइसकेका थिए । त्यसैले बालनरसिंह कुँवर दरबारसँग नजिक थिए । यस्तै परिवेशमा बालनरसिंह कुँवर श्री ५ रणबहादुर शाहको अङ्गरक्षक बनेका थिए । आफू स्वयम्ले राजगद्दी त्यागेको घोषणा गरी रणबहादुर शाहले नाबालक छोरा गीर्वाणयुद्धविक्रम शाहलाई राजसिंहासनमा राखी श्री ५ महाराजाधिराज घोषणा गरिदिए ।

श्री ५ रणबहादुर शाहले आफ्ना छोरालाई राजा घोषित गरेर संन्यास लिएका थिए । त्यसपछि उनी निर्वाणानन्द स्वामी भए । उनको संन्यासी जीवनमा पनि उनले कान्तवतीलाई छाड्न सकेनन् (प्रसाई, २०७८ : ८०) । त्यसपछि कान्तवती पनि स्वामिनी भइन् ।

दुवैले गेरुवस्त्र धारण गरेर उनीहरू देउपाटनमा गएर बस्न थाले । पछिचाहिँ उनीहरू पुलचोकमा गएर बसेका थिए ।

पुलचोकमा सरेपछि शीतलामाईका कारणबाट रानी कान्तवती बिरामी परिन् र त्यसै रोगका कारण उनी स्वर्गीय भइन् । त्यसपछि राजा रणबहादुर शाह विक्षिप्तझैँ बनेका थिए । कान्तवतीको मृत्युपछि विक्षिप्त बनेका रणबहादुर शाहले राजदरबारको प्रशासनमा हस्तक्षेप गर्न थालेका थिए ।

वि.सं.१८५७ तिर नेपालमा तीनतिरबाट शाही आदेश जारी भई त्रयी शासनको अवस्था आउन थाल्यो । पुलचोकबाट स्वामी महाराज रणबहादुर शाहको आदेश, नुवाकोटबाट नाबालक राजा गीर्वाणयुद्धविक्रम शाहको नामबाट राजकाजसम्बन्धी आदेश र जेठी राजमाता राजराजेश्वरीले नाबालक राजाको नायबीका रूपमा फौजी जवानहरूलाई भारदारको विरुद्ध नाबालक राजा र आफ्नो पक्षमा सहयोग गर्ने आदेश (नेपाली, २०२० : ४३) थियो । यसरी स्थिति भयावह भएर गृहयुद्ध हुने स्थिति देखिन थालेपछि रणबहादुर शाहले मुलुकी खानाबाट प्रशस्त रकम झिकेर पुलचोक लगेर राखे ।

वि.सं.१७५७ जेठ ८ गते स्वामी महाराज रणबहादुर शाह दलबलसहित काशी प्रस्थान गरे । उनीसँग जेठी महारानी राजराजेश्वरी, भीमसेन थापा, बलभद्र शाह, बालनरसिंह कुँवर, रङ्गनाथ पण्डित, दलभञ्जन पाँडे, कुलदीप शाह आदि गएका थिए (रेग्मी, सन् १९७५ : ५९७) । झन्डै तीन वर्ष काशीमा बसेर वि.सं. १८६० सालमा रणबहादुर शाह दलबलसहित नेपाल फर्किंदा बालनरसिंह कुँवर पनि रणबहादुर शाहसँगै फर्किएका थिए । त्यति बेला पनि उनी रणबहादुर शाहको अङ्गरक्षक नै थिए ।

वि.सं.१८६१ को पजनीमा बालनरसिंह कुँवर सरदार पदमा बहाल भए । यिनी युवक, राम्रा र फुर्तिला थिए । त्यसैले पनि यिनी

रणबहादुर शाहको प्रिय बन्न सके। वि.सं.१८६३ वैशाख १६ गते, शनिबार रातको समयमा भारदार त्रिभुवन खवासको घरमा भारदारी कचहरी बस्यो। रणबहादुर शाह बनारस गएको समयमा त्रिभुवन खवास र शेरबहादुर शाहीले देशको राजस्व हिनामिना पारेको र रणबहादुर शाहलाई बनारस जान बाध्य बनाएको सम्बन्धमा छलफल गर्नु कचहरीको विषय नै थियो। उनीहरूले दोष कबुल गरेपछि भारदारी सभाले त्रिभुवन खबासको हत्या गर्ने र शेरबहादुर शाहीको आँखा झिकिदिने भनी निर्णय गऱ्यो। यही विषयमा रणबहादुर शाह र उनका सौतेनी भाइ चौतरिया शेरबहादुर शाहबीच सवालजबाफ भएको थियो। अनि शेरबहादुर शाहले आफूले कम्मरमा भिरेको तरबार झिकेर दाजुलाई काटेर मारेका थिए। तत्कालै बालनरसिंह कुँवरले पनि शेरबहादुरमाथि तरबार प्रहार गरे। शेरबहादुर शाहको पनि घटनास्थलमा नै ज्यान गएको थियो। यस घटना हुँदा बालनरसिंह कुँवर २२ वर्षका युवक थिए [पहाडी (अनु.) २०७०]। यस घटनापछि बालनरसिंह कुँवर काजी पदमा विभूषित भएका थिए। साथै यो पद उनको शाखासन्तानसम्म कायम रहने नियम बनेको थियो।

रणबहादुर शाहको मुक्तिकी लागि उनी काटिएको ठाउँ पोखल्डचाङ, धरहराछेउ पश्चिममा प्रधानमन्त्री माथवरसिंह थापाले रणमुक्तेश्वर मन्दिर स्थापना गरेका थिए। कपरदार भोटु पाँडेले पनि पशुपतिनाथको दक्षिण ढोकाछेउ रणबहादुर शाहको सालिकको स्थापना गरेका थिए (प्रसाई, २०७८ : ८०)।

बालनरसिंह कुँवरकी जेठी श्रीमती रक्षाकुमारीदेवी हुन् भने कान्छी श्रीमती गणेशकुमारी भीमसेन थापाका भाइ काजी नयनसिंह थापाकी छोरी थिइन्। रणबहादुर शाहको कान्छी महारानी ललितत्रिपुरसुन्दरीलाई पनि काजी नयनसिंह थापाकी कान्छी छोरी नै भनिएको पाइन्छ। यति हुँदाहुँदै पनि जनरल भीमसेन थापाका वंशज शमशेरबहादुर थापाले चाहिँ ललितत्रिपुरसुन्दरीलाई खड्काकी

छोरी हुनुपर्ने कुरामा विशेष प्रकाश पारेको देखिन्छ । यसबारे उनले लेखेका छन्– 'भीमसेन थापाको उन्नतिकाल उहाँ (ललितत्रिपुरसुन्दरी)कै प्रवाहले प्रवाहित भएको थियो भन्ने कुरालाई लिएर (ललितत्रिपुरसुन्दरीलाई) थापाकी छोरी भन्नु पनि राम्रो देखिँदैन ।' (प्रसाई, २०७८ : ३२) ।

बालनरसिंह कुँवरकी जेठी कजिनीबाट भक्तवीर सिंहको जन्म भयो भने कान्छी कजिनीतिरबाट क्रमश: जङ्गबहादुर, बमबहादुर, बद्रीनरसिंह, कृष्णबहादुर, रणोद्दीपसिंह, जगतशमशेर र धीरशमशेर गरी सात भाइ छोरा जन्मेका थिए । यसका साथै उनको लक्ष्मेश्वरी र रणदीपेश्वरी नाम गरेकी दुई जना छोरीहरू भए (पन्त र सुवेदी, २०५६ : १८) । नेपालको राज्य व्यवस्थामा भीमसेन थापा सर्वेसर्वा हुँदा बालनरसिंह कुँवरले मोफसलका विभिन्न जिल्लामा बडाहाकिम भएर काम गरेका थिए ।

बालनरसिंह कुँवरको घर स्वयम्भूतिर थियो । उनको विवाहपछि कान्छी पत्नी गणेशकुमारीले थापाथलीमा घर र जग्गा दाइजो पाएकी थिइन् । त्यही दाइजो जग्गामा बालनरसिंह कुँवरले विशाल महल बनाएका थिए । पछि उनका छोरा जङ्गबहादुरले पनि त्यही ठाउँमा भव्य दरबार बनाएका थिए । त्यही बेलादेखि कुँवरहरूको देवाली पनि थापाथलीमा नै हुने प्रचलन चल्यो ।

काजी बालनरसिंह कुँवर धार्मिक प्रवृत्तिका थिए । पूजापाठ र कीर्तनमा यिनी देवलहरूमा पुग्थे र त्यता पनि समय बिताउँदथे । उनले पशुपतिको मृगस्थलीमा रक्षेश्वर रणवालेश्वर महादेवको मन्दिर बनाई नित्य पूजाका लागि गुठी पनि राखेका थिए । उनैले मृगस्थलीनजिक रामकृष्णेश्वर पत्थर शिवलिङ्ग, देवल स्थापना गरेका थिए । साथै पशुपतिनजिकमा बाइस ब्राह्माणीदिलाई नित्य अन्नदान गर्न र बाटो, देवल, सत्तल आदिको मर्मत सम्भार गर्न उनले गुठी राखिदिए (पन्त र सुवेदी, २०५६ : १८–१९) ।

समाजसेवा र धर्मकर्ममा समर्पित भइरहेका बेला बालनरसिंह कुँवरको देहावसान भएको थियो । यिनी वि.सं.१८९८ पुसमा ५९ वर्षको उमेरमा स्वर्गीय भएका थिए ।

प्रधानमन्त्री तथा श्री ३ महाराजा जङ्गबहादुर बालनरसिंह कुँवर तथा उनकी कान्छी पत्नी गणेशकुमारीका जेठा छोरा थिए ।

जङ्गबहादुरको जन्म वि.सं.१८७४ असारमा भएको थियो । यिनको न्वारनको नाम वीरनरसिंह थियो । लडाकू र निर्भीक भएका कारणले यिनका मामा माथवरसिंह थापाले वीरनरसिंहको नाम जङ्गबहादुर राखिदिएका थिए ।

जागिरको सिलसिलामा काजी बालनरसिंह कुँवर जहाँजहाँ गए जङ्गबहादुर पनि बुबासँगसँगै गए । वि.सं.१८८५ देखि वि.सं. १८९२ सम्म पूर्व धनकुटा, पश्चिम डडेलधुरा, जुम्लामा बालनरसिंह कुँवर तैनाथवाला हुँदा जङ्गबहादुर पनि बुबासँग थिए । त्यही समयमा उनले दौड्नु, घोडा चढ्नु, निसाना मार्नु, रूख चढ्नु, पौड्नु, कुस्ती खेल्नुजस्ता अभ्यास गर्ने मौका पाएका थिए । लेखपढमा भन्दा यस्ता साहसी कामहरूमा जङ्गबहादुरलाई बढी चाख थियो । त्यसैले पनि यिनले धेरै पढेनन् । तर उनले जागिर भने खाए । चौध वर्षकै उमेरमा अर्थात् वि.सं.१८८८ मा सुबेदार पदबाट उनले जागिर खान थालेका थिए ।

पाँडे र थापाहरूको दरबारिया राजनीतिक चेपाइमा काजी बालनरसिंह कुँवर पनि परे । त्यसैले भीमसेन थापाको पतनपछि बालनरसिंह कुँवरको जागिर पनि खोसियो । साथै यिनको धन, सम्पत्ति पनि सबै जफत भयो । उनको सर्वस्व जफत भएपछि कुँवर परिवार सबै ढाक्रे भए । यस घटनापछि जङ्गबहादुर पनि जुवाडे बनेर दिन व्यतीत गर्न थाले । उनको जुवा खेल्ने बानीले घरपरिवारलाई झन् नराम्रो असर पर्न गएको थियो ।

जङ्गबहादुर केही समय तीर्थ तथा घुमफिर गर्दै काशीतिर पनि बसे । उनी काठमाडौँ फर्किएपछि राजा राजेन्द्रले जङ्गबहादुरलाई वि.सं.१८९७ मा तोपखानाको कप्तान पदमा नियुक्त गरे । त्यसपछि उनको जागिरे जीवन फेरि सुरु भएको थियो । दुई वर्षभित्रै अर्थात् वि.सं.१८९९ मा उनी कुमारीचोकको काजी पदमा नियुक्त भए (वैद्य र अरू, २०५६ : २७) । यसरी भीमसेन थापाको पतनपछि ढाक्रे बनेका कुँवरपरिवार माथवरसिंह थापा प्रधानमन्त्री भएपछि जागिरे हुँदै शासन प्रणालीमा पनि सक्रिय हुन थाले ।

नेपालको राजदरबारभित्र शक्ति प्राप्तिको सङ्घर्ष चरम सीमामा पुगेको थियो । विभिन्न विरोधी समूहमा राजपरिवार एवम् भारदारहरूको स्वार्थको परिणाम नै माथवरसिंह थापा र गगनसिंहजस्ता शक्तिशाली भारदारहरूको हत्या हुन गएको थियो । वि.सं.१९०३ असोज ९ मा कोत हत्याकाण्डजस्तो विध्वंसकारी अप्रिय घटना भयो । यस्ता अस्वस्थ राजनीतिक दाउपेचमा सहभागी भारदारहरूमध्ये जङ्गबहादुर पनि एक खेलाडी थिए । उनमा सतर्कता, चातुर्यता एवम् बुद्धिविवेक प्रयोग गर्न सक्ने खुबी थियो । यही कारण कोत हत्याकाण्डको तत्कालपछि जङ्गबहादुर मुख्तियार एवम् कमान्डर इन चिफको रूपमा सर्वशक्तिमान बन्न सफल भएका थिए ।

# बमबहादुर राणाको प्रारम्भिक जीवन

## (जन्म, शिक्षा, विवाह, परिवार)

बमबहादुर कुँवर राणाको जन्म वि.सं.१८७५ असार ८ गते काठमाडौँको थापाथलीमा भएको थियो [पन्त (सम्पा.), २०७९ : ६५]। यी काजी बालनरसिंह कुँवर र कान्छी कजिनी गणेशकुमारीका माहिला छोरा थिए। काजी कुँवरकी कान्छी कजिनीको नाउँचाहिँ गणेशकुमारी नै हो या होइन भन्ने कुरो इतिहासमा चर्चा हुँदै आएको विषय पनि हुँदै हो। तर यस व्यहोरालाई बमबहादुर कुँवर राणाले नै स्पष्ट पारिदिएका छन्। कुरा के हो भने– बमबहादुर कुँवर राणाले गुह्येश्वरी मन्दिरअगाडि स्थापना गरेको प्रस्तरको स्तम्भमा जोर सिंहले तरबार बोकेको मूर्ति पनि राखेका छन्। वि.सं.१९०७ सालमा स्थापित सो स्तम्भमा बमबहादुरकै आमाको नाम यक्षकुमारी लेखिएको छ। यसबाट गणेशकुमारीको अर्को नाम यक्षकुमारी पनि रहेछ भन्ने बुझिन्छ।

बमबहादुर कुँवर राणाका सहोदर दाजु जङ्गबहादुर राणा यिनीभन्दा एक वर्ष जेठा थिए। जङ्गबहादुरको जन्म वि.सं.१८७४ असार ७ गते भएको थियो। बमबहादुर राणा जन्मेपछि यिनका पाँच जना भाइहरू क्रमश: बद्रीनरसिंह, कृष्णबहादुर, रणोद्दीपसिंह, जगतशमशेर र धीरशमशेर जन्मेका थिए। कान्छी गणेशकुमारी पट्टिका सात जना दाजुभाइ जन्मे, र दुई दिदीबहिनी जन्मे भने जेठीपट्टिका एक जना दाजु भक्तवीर कुँवर जन्मेका थिए।

बमबहादुर कुँवर राणाकी आमा गणेशकुमारी मुख्तियार भीमसेन थापाका भाइ काजी नयनसिंह थापाकी छोरी थिइन् । नयनसिंह थापाकी कान्छी छोरी ललितत्रिपुरसुन्दरी हुन्, जो रणबहादुर शाहकी कान्छी पत्नी थिइन् (शर्मा, वैद्य र मानन्धर, २०४९) । तर नरेन्द्रराज प्रसाईकृत 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' (२०६४) नामक जीवनीकृतिमा उनलाई खड्काकी छोरी भन्ने पनि संशय व्यक्त गरेका छन् ।

बमबहादुर राणाका मामा प्रधानमन्त्री माथवरसिंह थापा हुन् । बालनरसिंह कुँवरले गणेशकुमारीलाई कान्छी कजिनीको रूपमा विवाह गर्दा थापाथलीको घर र जग्गा दाइजोको रूपमा पाएका थिए । यही घरमा काजीदम्पतीका सबै जना छोराछोरी जन्मिएका थिए । तर कुँवर राणाजीहरूको बृहत् वंशावलीमा जङ्गबहादुर राणाको जन्म गोरखा बोर्लाङस्थित मामाघरमा भएको थियो भनिएको छ (पन्त र अरू, २०५६ : २२) । ब्राह्मणले न्वारानमा जङ्गबहादुरको नाम वीरनरसिंह राखेका थिए । तर उनको वैयक्तिक स्वभाव, आचरण र रुचि देखेर उनका मामा माथवरसिंह थापाले उनलाई जङ्गबहादुर भनेर बोलाउने गर्थे । अन्ततः उनको चल्तीको नाम नै जङ्गबहादुर हुन गयो ।

ऋसेन्द्रविक्रम राणाका अनुसार बगाले थापाकी छोरी गणेशकुमारी कडा मिजासकी थिइन् । त्यसैले यिनले आफ्ना छोराछोरीलाई पनि कडा अनुशासनमा राखेर हुर्काएकी थिइन् । तर जङ्गबहादुर भने सानैदेखि उटपटयाङ स्वभावका थिए । आमालाई घरायसी काममा सघाउनेभन्दा पनि यस्तो गर्छु, उस्तो गर्छु भनेर उनी ठूलाठूला गफ लगाउँदथे । उनी प्रायः घरमा बस्दैनथे । त्यसैले उनले कहिलेकाहीँ आमाको ऋटारो पनि भेट्थे । उनका भाइहरू बमबहादुर र बद्रीनरसिंह भने सरल र ज्ञानी थिए । घरको काम गरेर उनीहरू आमालाई सघाउँथे ।

काजी बालनरसिंह कुँवरको एउटा घोडा थियो । दूध खानका लागि उनले एउटा गाई पनि पालेका थिए । घोडा र गाईको स्याहार सुसार गर्ने र खाना पकाउनका लागि दाउरा चिर्ने काम बमबहादुरले गर्दथे । बद्रीनरसिंहले चाहिँ चामल केलाउने, तरकारी केलाउनेजस्ता काम गरी आमालाई भान्सामा सघाउँदथे ।[1]

दैनिक रूपमा घरको कामकाज सकेर बमबहादुर, बद्रीनरसिंहलगायत अन्य भाइहरू थापाथलीबाट वटुटोलमा पढ्न जान्थे । त्यति बेला ब्राह्मण, नेवार, शिक्षकहरूले सत्तल तथा पाटीमा विद्यार्थीलाई राखेर पढाउँदथे । बमबहादुर पढ्नमा निकै सिपालु थिए । खास गरेर उनी हिसाब पढ्नमा सिपालु थिए ।

जङ्गबहादुरलाई पढ्नमा रुचि थिएन । पाँच वर्ष पुगेपछि जङ्गबहादुरलाई संस्कृतको प्रारम्भिक शिक्षा दिनका लागि एक जना शिक्षक राखिएको थियो । तर उनको पढ्नमा भन्दा खेलकुदतिर नै रुचि थियो । जङ्गबहादुरको मन पर्ने खेल कुस्ती थियो [पहाडी (अनु.) २०७४ : १३] । ऋसेन्द्रविक्रम राणा र राजविक्रम राणाका अनुसार भन्ने हो भने जङ्गबहादुर पढ्न जान्दैनथे । उनी आफ्नो नाम मात्र लेख्न सक्थे । प्रमोदशमशेर राणाले पनि जङ्गबहादुर मुस्किलले आफ्नो नाम मात्र लेख्न सक्थे भनेका छन् । यसबाट जङ्गबहादुर पढ्न नपाएर हैन कि पढ्नमा रुचि नभएर नपढेका रहेछन भन्ने देखिन्छ ।

बुबा बालनरसिंह कुँवरले जङ्गबहादुरलाई पढाउनका लागि शिक्षकको व्यवस्था गरेका थिए । साथै उनले बमबहादुरलगायत अन्य छोराहरूलाई पनि पढाउनका लागि शिक्षकको व्यवस्था गरेकै थिए । तर यसबारेको औपचारिक स्रोत कहीँकतैबाट भने आएको देखिएन ।

१. बमबहादुर राणाका पाँचौँ पुस्ताका ८७ वर्षीय ऋसेन्द्रविक्रम राणासँग २०८१ पुस २ गते उहाँकै निवास काठमाडौँ, वसुन्धरामा गरेको कुराकानी ।

नेपालको शैक्षिक इतिहास हेर्ने हो भने पौराणिक कालदेखि नै नेपालमा शिक्षा लिने परम्परा सुरु भएको देखिन्छ । इसाको पाँचौँ शताब्दीदेखि नेपालमा शिक्षाको राम्रो व्यवस्था भइसकेको थियो । त्यति बेलाको पाठ्यक्रमहरू विशेषतः वेद, पुराण, स्मृति, रामायण, महाभारत आदि प्राचीन धर्मशास्त्रहरू नै थिए । त्यस समय पठनपाठनको व्यवस्था धार्मिक मठमन्दिर, बिहारहरूमा हुने गर्दथ्यो । आयुर्वेद, शिल्पशास्त्र आदिको पनि पठनपाठन हुन्थ्यो (खत्री, दाहाल, २०५३ : ९५) । औपचारिक शिक्षाको सुरु नभए पनि समाज सुसंस्कृत र व्यवस्थित बनाउने नैतिक शिक्षा व्यवस्था रहेको पाइन्छ ।

पूर्वमध्यकालमा उत्तर भारतमा मुसलमानीहरूको आक्रमणबाट हिन्दूधर्म र आफ्नो ज्यान जोगाउन भारतबाट नेपाल पसेका विद्वान्हरूले नेपालका मठ र बिहारहरूमा बसेर शिक्षा दिन थाले । यसले गर्दा नेपालमा शिक्षाको विकास हुँदै गयो । त्यस समय तिब्बती भिक्षु धर्मास्वामी नेपाल आएर बुद्ध धर्मको शिक्षा दिन थालेपछि बौद्ध शिक्षा पनि पुनः प्रचलित हुन थालेको थियो । त्यसै गरी उत्तरमध्यकालतिर शास्त्रीय ग्रन्थहरू वेद, पुराण, धर्मशास्त्रका साथै राजनीतिशास्त्र, दर्शनशास्त्र, आयुर्वेद, ज्योतिष आदिको अध्ययन हुन पनि थालेको थियो । बज्राचार्य, शाक्य, लामा, जोशी, देउभाजु, आचार्य तथा मैथिली ब्राह्मणहरूले आआफ्नो समाजको धर्मअनुसार परम्परागत शिक्षा दिने गर्थे ।

आधुनिक कालतिर ब्राह्मणहरू अङ्कगणित, नीतिशास्त्रका साथै उनीहरूको परम्परागत पेसासँग मिल्ने विषयहरू पढ्दथे । संस्कृत, पाली, प्राकृत भाषामा लेखिएका पुराना ग्रन्थहरू उल्था गरेर व्याख्या गर्दथे । त्यति बेलासम्म नेपालीहरू अध्ययनका लागि काशी जानु सामान्य कुरा भइसकेको थियो । बङ्गालबाट न्यायसम्बन्धी पढेर आएका पण्डितहरू पनि नेपालमा थिए ।

हिन्दूधर्ममा बढी आस्था राख्ने तत्कालीन समाजमा पुराणप्रति बढी श्रद्धा थियो । पण्डितहरूले पुराण वाचन गर्दथे । पुराण सुन्न टाढाटाढाबाट मानिसहरू आउँदथे । त्यही नै परम्परा नेपाली समाजमा अहिलेसम्म पनि कायम रहेको छ ।

भीमसेन थापाको समयमा संस्कृत ग्रन्थहरू नेपालीमा उल्था गर्ने व्यक्तिहरूलाई भत्ता दिने व्यवस्था थियो (खत्री, दाहाल, २०५३ : ९६) । उनले पर्सियन भाषा पढ्नका लागि विद्यार्थीहरूलाई भारतको विभिन्न ठाउँहरूमा पठाएका थिए । पर्सियन भाषा नेपाल र भारतबीचको सञ्चार माध्यम थियो । यसबाट त्यस समय नेपालमा पर्सियन भाषाको महत्त्व धेरै थियो भन्ने देखिन्थ्यो । नेपालीहरूले अङ्ग्रेजी भाषा पनि सिक्नुपर्ने आवश्यकता महसुस भीमसेन थापाले गरेका थिए । त्यसैले उनले ई.१८२४ मा अङ्ग्रेजीमा राम्रो दखल भएको बङ्गाली शिक्षकलाई नेपालमा पढाउने आदेश दिएका थिए (परराष्ट्र मन्त्रालय, नेपाल : डिसेम्बर १८२४) । उनले अङ्ग्रेजसँग सम्बन्ध बढाउनका निम्ति पहिलो पटक अङ्ग्रेजी भाषाको प्रयोग गरेको पाइन्छ ।

राजा राजेन्द्रविक्रम शाहले शिक्षा व्यवस्था हेर्ने छुट्टै कार्यालय स्थापना गरेका थिए । अनि उनले त्यस कार्यालयमा रङ्गनाथ पौड्याललाई प्रमुख पदमा नियुक्त गरेका थिए (खत्री, दाहाल, २०५३ : ९७) । नेपालमा व्यवस्थित रूपमा शिक्षा व्यवस्थाको सुरुआत यसै समयदेखि भएको थियो ।

जङ्गबहादुर युरोप भ्रमण गरेर फर्किएपछि उनले नेपालमा अङ्ग्रेजी शिक्षाको आवश्यकता र महत्त्व रहेको महसुस गरे । उनले शिक्षाको कारणले युरोपको उन्नति र प्रगति भएको प्रत्यक्ष देखेर आएका थिए । सर्वप्रथम उनले आफ्ना छोराहरू, भाइ र भतिजाहरूलाई पढाउनका लागि एक जना बङ्गाली र एक जना अङ्ग्रेज शिक्षक झिकाएका थिए । ती गुरुजन राखेर उनले थापाथली दरबारभित्र नै

एउटा स्कुल स्थापना गरेका थिए (खत्री, दाहाल, २०५३ : १००–१०१) । त्यही स्कुल पछि गएर दरबार हाईस्कुलको नामबाट प्रख्यात भयो । दरबार हाईस्कुलमा अङ्ग्रेजी विषयलाई दिएको महत्त्व देखेर स्वयम् अङ्ग्रेजहरू पनि आश्चर्यचकित हुन्थे (थापा, १९८८ : ११४) । यसरी राणाकालमा नेपाली समाजमा अङ्ग्रेजी भाषाको महत्त्व ह्वात्तै बढेको थियो ।

नेपालमा पर्सियन वा फारसी भाषा त पृथ्वीनारायण शाहको समयदेखि नै अध्ययन हुन थालेको देखिन्छ । पृथ्वीनारायण शाहका छोरा प्रतापसिंह शाह, नाति रणबहादुर शाह फारसी भाषा जान्दथे । भीमसेन थापाको समयमा त नेपालका ठाउँठाउँमा फारसी भाषाका पाठशालाहरू खोलिएको थियो (खत्री र दाहाल, २०५६ : १०९) । राणा शासन सुरु हुनुअघि नेपालमा उर्दू, बङ्गाली, अङ्ग्रेजी र फारसी भाषाहरूको अध्ययन हुने भएकाले बमबहादुर कुँवर राणाले यी भाषाहरूको अध्ययन गर्ने अवसर पाएका थिए । उनलाई यी भाषाहरू राम्रोसँग पढ्न र लेख्न आउँदथ्यो ।

बमबहादुर राणा पढ्न र लेख्न राम्रो भएको हुनाले आफ्ना बाबु काजी बालनरसिंह कुँवरलाई लेखपढ गर्नुपर्ने विषयहरूमा सघाउने पनि गर्थे । त्यसैले बालनरसिंहले पनि आफू जहाँ जाँदा पनि बमबहादुरलाई सँगै लिएर जाने गर्दथे भन्ने राजविक्रम राणाको भनाइ छ ।[२] तर अहिलेसम्म प्राप्त स्रोतका अनुसार जङ्गबहादुर सानै उमेरदेखि बुबा बालनरसिंह कुँवरसँगै देशका विभिन्न इलाकाहरूमा गएको देखिन्छ । काजी बालनरसिंह कुँवर वि.सं. १८८५ पुसतिर धनकुटाका बडाहाकिम भएर गएका थिए । वि.सं. १८८९–९० तिर उनी डडेलधुरामा बडाहाकिम भएर बसेका थिए ।

२. बमबहादुर कुँवर राणाका छैटौँ पुस्ताका बमवीर विकटेश्वर पूजा सञ्चालन समितिका अध्यक्ष राजविक्रम राणासँग २०८१ साउन १५ गते बमवीर विकटेश्वर महादेव मन्दिरपरिसरमा गरिएको कुराकानी ।

त्यसपछि उनी जुम्लामा बडाहाकिम भएर बसे । ती सबै ठाउँमा जङ्गबहादुर बुबासँगै गएको पाइन्छ (बृहत् वंशावली, २०५६ : १९) । ती गौडाहरूमा बसेको समयमा जङ्गबहादुरले कुस्ती खेल्ने, हातहतियार चलाउने, पौडी खेल्ने, घोडचढी, निसाना लगाउनेलगायत थुप्रै सीप सिकेर व्यावहारिक शिक्षा लिएका थिए । यस समय जङ्गबहादुरका बमबहादुरलगायतका भाइहरू भने काठमाडौँको थापाथलीस्थित घरमा नै बसेर घरायसी कामहरू गर्नुका साथै शिक्षकहरूसँग विभिन्न विषयमा अध्ययन गरिरहेको देखिन्छ ।

**बमबहादुर राणाको विवाह**

हिन्दूधर्ममा विवाहलाई एक महत्त्वपूर्ण संस्कारको रूपमा राखिएको छ । जसअनुसार विवाह एक सम्झौता नभएर एउटा पवित्र बन्धन हो । हिन्दु दर्शनले विवाहको सामाजिक रूपका अतिरिक्त नैतिक र धार्मिक पक्षहरू समेटेको छ र ती धेरै महत्त्वका छन् । विवाहसम्बन्धी सम्पूर्ण संस्कार र विधिहरू यिनै धारणाहरूबाट निर्देशित छन् । प्राचीन कालमा पनि विवाह आजको जस्तो युवायुवतीहरू पूर्ण वयस्क भएपछि सम्पन्न हुन्थ्यो । विवाह गर्दा प्राय: दुवै पक्षको रुचिलाई प्राथमिकता दिएको हुन्थ्यो । तर पछि धर्मलाई अगाडि सारेर रजस्वला हुनुपूर्व छोरीको कन्यादान दिँदा पुण्य हुने र मृत्युपछि मोक्ष प्राप्त हुने विश्वास बढ्न थाल्यो । त्यसले गर्दा समाजमा छोरीको बालकैमा विवाह गरिदिने परिपाटी बस्न गयो । यसले बालविवाहको कुप्रथा हिन्दु समाजमा सुरु भयो र छोराछोरीको विवाहका लागि अभिभावकहरू निर्णायक भए (खत्री, २०६१ : १३९–१४१) । जुन प्रथा राणा शासनकालपछिसम्म पनि कायम रह्यो ।

राणा शासनका संस्थापक जङ्गबहादुर राणाको विवाह पनि ११ वर्षको उमेरमा वि.सं.१८८५ वैशाखमा भएको थियो (राणा, १९८० : १५) ।

बमबहादुर कुँवर राणाको विवाह पनि तत्कालीन समाजको प्रचलनअनुसार सानै उमेरमा नै भएको थियो । उनको विवाह कति वर्षको उमेरमा कहिले र कोसँग भयो स्पष्ट सामग्री भेटिएको छैन । ऋसेन्द्रविक्रम राणाका अनुसार बमबहादुर राणाको तीनवटा विवाह भएको थियो । उनकी जेठी मुख्यानी भुवनेश्वरी थिइन् । भुवनेश्वरी राजकुमारहरूसँग विवाह गर्नका लागि बागलुङतिरबाट डोला झिकाएर राजदरबारमा ल्याइएको कन्या थिइन् । राजकुमारहरू कसैले पनि यिनीसँग विवाह गर्न नमानेपछि जङ्गबहादुरकी रानी मैयाँ महारानीले बमबहादुर कुँवर राणासँग यिनको विवाह गराइदिएकी थिइन् । राणाका अनुसार यिनी निकै चल्तापुर्जा महिला थिइन् । श्री ५ महाराजाधिराज सुरेन्द्रवीरविक्रम शाहकी जेठी महारानीसँग यिनको राम्रो सम्बन्ध थियो । त्यसैले यिनले राजाबाट लालमोहर पनि प्राप्त गरेकी थिइन । त्यसै गरी राजविक्रम राणाका अनुसार बमबहादुरको जेठी इन्द्रदेवी, माहिली गीर्वाणनन्दकुमारी र कान्छी इन्द्रवदन गरेर तीन जना मुख्यानीहरू थिए ।

बमबहादुरका तीन जना छोरामध्ये जेठा तेगबहादुर कुँवर राणा, माहिला यक्षविक्रम र कान्छा बमवीरविक्रम थिए भने एउटी छोरी तारानानी थिइन् । ऋसेन्द्रविक्रम राणाका अनुसार भने बमबहादुर राणाकी छोरीको नाम गुमानेश्वरी पनि थियो । बमबहादुर राणाका रानी तथा छोरासम्बन्धी जानकारी दिने अर्को स्रोतमा बमबहादुर कुँवर राणाका जेठी मुख्यानीबाट लेफ्टिनेन्ट कर्णेल तेगबहादुर कुँवर राणा, माहिली मुख्यानीबाट जर्नेल बमवीरविक्रम कुँवर राणा र कान्छी इन्द्रवदनबाट कर्णेल यक्षविक्रम कुँवर राणा छोराहरू थिए (दर्नाल, असार २०६१ : ३२–५३) । बमवीर विकटेश्वर मन्दिरभित्र रहेको यक्षविक्रमबहादुर राणाको ताम्रपत्रमा बमबहादुरकी कान्छी रानी इन्द्रवदनदेवी भनिएको छ । उनले संवत् १९३४

सालमा बमवीर विकटेश्वर महादेवका गुठीयारहरूले सञ्चालन गर्ने गरी गुठी राखिदिएकी थिइन् । कुँवर राणाजीहरूको बृहत् वंशावलीमा बमबहादुर राणाको मुख्यानीहरू र छोरीको नाम उल्लेख गरिएको छैन । उनका तीन जना छोराहरू तेगबहादुर कुँवर राणा, बमवीरविक्रम कुँवर राणा र यक्षविक्रम कुँवर राणा रहेका छन् । उक्त वंशवृक्ष कुँवर राणाको वंशज सातौँ पुस्ता चल्दै छ (वंशवृक्ष परिशिष्टमा राखिएको छ) ।

केही स्रोतहरूले बमबहादुरको पहिलो विवाह पाल्पाको खाती क्षत्रीकी छोरी लीलादेवीसँग भएको थियो । उनीबाट एउटा छोरी भुवनेश्वरी मात्र जन्मिइन् । उनको विवाह गुमानसिंह कार्कीसँग भयो । बमबहादुरको दोस्रो विवाह पाल्पा राजघरानाकी कन्या इन्द्रकुमारीसँग भएको थियो । उनीबाट छोरा तेगबहादुरको जन्म भयो । उनको तेस्रो विवाह बस्नेतकी छोरी बदनकुमारीसँग भएको थियो । उनीबाट छोरा यक्षविक्रम जन्मिए । बमबहादुरको चौथो विवाह गीर्वाणनन्दकुमारीसँग औपचारिक रूपमा भएको थियो । उनी पश्चिमतिरकी ठकुरी कन्या थिइन् । उनीबाट छोरा बमवीरविक्रमको जन्म भएको थियो (सुबोध राणा, अगस्त २, २०२०, पेज नं. नभएको) । (बमबहादुरको विवाहसम्बन्धी माथि उल्लेखित स्रोतहरूमध्ये अन्य स्रोत नभेटाएसम्म सुबोध राणाले दिएको स्रोतलाई आधिकारिक रूपमा मान्न सकिन्छ) ।

तत्कालीन समाजमा नारीको मूल्य र मान्यता पुरुषको तुलनामा नगण्य नै थियो । त्यतिखेर बालविवाह, बहुविवाह, अनमेल विवाहजस्ता विवाह पद्धतिलाई सामान्य रूपमा हेरिन्थ्यो । पुरुष जातिले जति धेरै श्रीमती घरमा भित्र्यायो, त्यही नै बढी इज्जत र प्रतिष्ठा हुने त्यस समयको समाज थियो । प्राचीनकालदेखि नै बहुविवाह गर्ने प्रचलन थियो र मध्यकालमा आएर यो रीत झन् फस्टाएको देखिन्छ ।

मध्यकालमा सती प्रथा व्यापक रूपमा रहेको हुँदा राजा महाराजाहरूको मृत्यु हुँदा कति जना रानीहरू सतीका सिकार भएका थिए त्यही सङ्ख्यालाई हेरेर ती राजाका यति जना रानीहरू थिए भनेर थाहा पाउन सकिन्थ्यो । उपत्यकाको मल्ल राजाहरूको मृत्यु हुँदा उनका कैयौँ रानीहरूलाई सती पठाएको पाइन्छ । पाटन (ललितपुर)का राजा योगनरेन्द्र मल्लका ३३ जना, कान्तिपुर (काठमाडौँ)का राजा पार्थिवेन्द्र मल्लका २४ जना र प्रताप मल्लका ९ जना रानीहरू सती गएका थिए (बर्मा, १९७२ : १३६) । आधुनिक नेपालका निर्माणकर्ता वडामहाराजाधिराज पृथ्वीनारायण शाहको मृत्युपछि रानी नरेन्द्रलक्ष्मीसहित नौ जना नारीहरू सती गएका थिए (आचार्य, २०२२ : १२६) । त्यस्तै गरी रणबहादुर शाहको मृत्यु भएपछि १६ जना नारीहरू सती गएका थिए (आचार्य, २०६० : ४६–४७) । यहाँ नारी भन्नाले विवाहिता रानीसहित ल्याइते र रखेलहरूसमेतलाई भनिएको हो ।

राणाहरू सत्तामा आएपछि बहुविवाह प्रथा झन् झाङ्गिएको पाइन्छ । प्रमोदशमशेरका अनुसार जङ्गबहादुर राणाका एक दर्जनभन्दा बढी रानीहरू र विभिन्न जातका दुई सयजति पत्नीहरू थिए (राणा, १९७८ : ३८–३०) । बमबहादुर राणाका पनि धेरै ब्याइते र ल्याइते श्रीमतीहरू थिए होलान् । यससम्बन्धी जानकारी दिने आधिकारिक स्रोत भने त्यति पाइएको छैन ।

# राणा शासनको उदय

आधुनिक नेपालको इतिहासमा कोतपर्व महत्त्वपूर्ण घटना थियो । यसै घटनाले गर्दा एउटा शक्तिशाली शासकको रूपमा जङ्गबहादुर राणाको उदय भएको थियो । एक शताब्दीभन्दा बढी समय राणाहरूले नेपालमा एकछत्र शासन गरेका थिए । यस महत्त्वपूर्ण घटना घट्नुको प्रमुख कारणहरू निम्नानुसार थिए–

**राजनीतिक अस्थिरता**

सन् १८३७ देखि १८४७ (भीमसेन थापाको पतनदेखि जङ्गबहादुरको उदय हुने समय) सम्मको दस वर्षको अवधिमा सातवटा मन्त्रिमण्डल विघटन भएका थिए । यी सात मन्त्रिमण्डलका नेतृत्व गर्ने व्यक्तिहरू क्रमश: मुख्तियार रणजङ्ग पाण्डे (भीमसेन थापाको पतनपछि डिसेम्बर १८३७ सम्म पहिलो पटक र ८ फेब्रुअरी १८४०–१ नोभेम्बर १८४० सम्म दोस्रो पटक), मुख्तियार रङ्गनाथ पौडयाल (डिसेम्बर १८३७–अगस्त १८३८ सम्म), मुख्तियार चौतरिया पुष्कर शाह (अगस्त १८३८–फेब्रुअरी १८४० सम्म), मुख्तियार फत्तेजङ्ग शाह (१ नोभेम्बर १८४०–डिसेम्बर १८४३ सम्म), प्रधानमन्त्री र कमान्डर इन चिफ माथवरसिंह थापा २६ डिसेम्बर १८४३–१७ मे १८४५ सम्म) र फत्तेजङ्ग शाह २३ सेप्टेम्बर १८४५ मा मुख्तियार पदमा नियुक्त भए (स्टिलर, १९८१ : २७९) ।

१८४५ मई १७ मा माथवरसिंह थापाको हत्या भएको थियो । त्यसपछि देश एक किसिमको अन्योल अवस्थामा भास्सिएको थियो ।

ठूलो आँधी आउनुअघि जुन सन्नाटा हुन्छ, त्यस्तै सन्नाटा देशमा फैलिएको थियो । यसले कोतपर्वजस्तो नरसंहारकारी घटनालाई निम्त्याएको थियो ।

**भारदारी गुटबन्दी**

पृथ्वीनारायण शाहका छोरा प्रतापसिंह शाह राजा भएकै समयदेखि राजदरबारभित्र भारदारी गुटबन्दी सुरु भएको थियो । प्रतापसिंह शाहकी भित्रिनी भनौँ उपपत्नी मैजुरानी, चौदण्डीका स्वरूपसिंह कार्की र रिसिङका बज्रनाथ पण्डितको राजदरबारभित्रै एउटा सशक्त गुट थियो । यो गुटलाई अगोर्खाली गुट पनि भन्ने गरेको पाइन्छ (आचार्य, २०२२ : ७१) ।

तेइस वर्षको अल्पआयुमा १८३४ मा प्रतापसिंह शाहको मृत्यु भएको थियो । त्यसपछि उनकी रानी राजेन्द्रलक्ष्मी र भाइ बहादुर शाहको छुट्टाछुट्टै गुट बनेको थियो । त्यसपछि भारदारहरू पनि दुई गुटमा बाँडिएका थिए । भारदारहरूको गुटबन्दीकै कारणले देवर भाउजुबीच मेलमिलाप हुन सकेको थिएन । यो क्रम भीमसेन थापाको उत्तरार्धकालसम्म आइपुग्दा निकै बढेर विभिन्न गुट उपगुट दरबारभित्रै बनिसकेको थियो । त्यस बखत नेपालमा पाँडे, थापा, चौतारा, ब्राह्मण, जेठी महारानी साम्राज्यलक्ष्मी, कान्छी रानी लक्ष्मीदेवी, राजा राजेन्द्र आदिले आआफ्नो स्वार्थ सिद्धका लागि गुटहरू बनाएको उल्लेख पाइन्छ (रमाकान्त, १९६८ : ९९) । यी गुटहरूको मुख्य उद्देश्य नै राज्यशक्ति प्राप्त गर्नु र सत्तामा अन्य गुटको हस्तक्षेपलाई रोक्नु रहेको थियो । यस प्रकारको गुटबन्दीले गर्दा देशमा राजनीतिक अस्थिरता आएको थियो । अनि यसै बखत जङ्गबहादुरचाहिँ अब्बल खेलाडी बन्न सफल भएका थिए ।

**राजा राजेन्द्रको कमजोर स्वभाव**

राजा राजेन्द्रविक्रम शाह कमजोर स्वभावका थिए । त्यसैले दरबारभित्रका भारदारहरूको गुटबन्दीलाई उनले रोक्न सकेनन् ।

खास गरेर उनले आफ्नी दुई जना रानीहरू जेठी साम्राज्यलक्ष्मी र कान्छी राज्यलक्ष्मीदेवीबीचको आपसी द्वन्द्वलाई मिलाउन नै सकेनन् । रानीहरूले मात्र होइन युवराजाधिराज सुरेन्द्रविक्रम शाहले पनि उनलाई टेर्दैन थिए । युवराजाधिराज उदण्ड स्वभाव भएका थिए । उनले छोरालाई पनि नियन्त्रण गर्न सकेनन् । त्यसैले कोतको भयावह अवस्था देखेर पनि राजाले बलियो निर्णय लिन सकेनन् । बरु उनी कोतबाटै भागेका थिए । त्यहाँबाट भाग्नु उनको अर्को भयानक ठूलै कमजोरी थियो ।

**कान्छी रानी राज्यलक्ष्मीदेवीका हातमा शासकीय अधिकार**

दरबारिया गुटबन्दी चरम चुलीमा टेकिएको थियो । त्यही परिणतिका कारण राजा राजेन्द्रविक्रमकी जेठी रानी साम्राज्यलक्ष्मी भने मुख्तियार रणजङ्ग पाण्डेको समर्थनमा थिइन् । वास्तवमा राजाको कमजोर स्वभाव र सौता अर्थात् कान्छी रानी राज्यलक्ष्मीदेवीको व्यवहारबाट आफ्नो छोरा सुरेन्द्रको भविष्यलाई लिएर यिनी चिन्तित थिइन् । त्यसैले उनले राजा राजेन्द्रलाई आफ्नो छोराका लागि राजगद्दी छाडिदिन दबाब दिन थालिन् । उनी रणजङ्ग पाण्डेले आफ्नो उद्देश्य पूरा गर्नेछन् भन्ने कुरामा ढुक्क नै थिइन् । तर राजाले मुख्तियार रणजङ्ग पाण्डेलाई हटाएर चौतरिया फत्तेजङ्ग शाहलाई मुख्तियारी बनाएका थिए । अनि त्यो आकस्मिक घटना १ नोभेम्बर १८४० मा घटेको थियो ।

फत्तेजङ्ग शाहले मुख्तियारी पाएपछि साम्राज्यलक्ष्मी राजा राजेन्द्रविक्रमसँग रुष्ट भएकी थिइन् । त्यसपछि उनी काशी प्रस्थान गरिन । त्यही क्रममा तराईको भयङ्कर औलो लागेर उनी थला परिन् । अनि ६ अक्टोबर १८४१ मा हैटौँडामा उनको निधन भयो (शर्मा, २००८ : २९३) ।

युवराज सुरेन्द्रविक्रम पहिलेदेखि नै सन्की र लहडी स्वभावका छँदै थिए । आमाको मृत्युपछि उनीमा बौलाहापन र क्रूरताले सीमा

नाघ्न थालेको थियो । युवराजाधिराजको व्यवहारले काठमाडौँका जनतामा हाहाकार नै मच्चिन थाल्यो । कतिसम्म भने उच्चस्तरका सरकारी कर्मचारीहरूलाई समेत यिनले बिनाकारण समातेर पिट्न लगाउँदथे । बाटोमा हिँडिरहेका जोकोहीलाई पनि समातेर हात्तीको खुट्टामा बाँधेर घिसार्न लगाउँदथे । राजकर्मचारीहरूलाई कालो मोसो दलेर गधामाथि चढाएर सहर घुमाउने हुकुम दिन्थे । दरबारका नानी सुसारेहरूलाई पाल्कीसहित बागमतीमा फ्याँक्न लगाउँथे (शर्मा, २००८ : २९३) । यस्ता घृणित र उदण्ड कार्यहरू गरेर उनी मनोरञ्जन लिन्थे । युवराजको बहुलट्ठीपनलाई रोक्न राजाले कुनै पनि प्रकारको चासो देखाएनन् । महारानी साम्राज्यलक्ष्मीको मृत्युपछि दरबारमा पाण्डेहरूको प्रभाव सेलाउँदै गयो । त्यसैले उनीहरूले पनि युवराज सुरेन्द्रको पक्ष लिन थालेका थिए ।

राजदरबार एक प्रकारले भताभुङ्ग हुन थालेको थियो । त्यसै कालखण्डमा कान्छी रानीको प्रभाव एक्कासि बढ्न थालेको थियो । दरबारमा राजा, युवराजाधिराज र कान्छी रानीको आआफ्नै हिसाबले एकअर्काको विरोधमा दिइने हुकुम प्रमाङ्गीबाट भारदार र सर्वसाधारण जनता वाक्क न व्याक्क भइसकेका थिए । अन्त्यमा चौतरिया फत्तेजङ्ग शाहको नेतृत्वमा ६७५ जना सैनिक एवम् निजामती कर्मचारीले एउटा भारदारी सभाको आयोजना गऱ्यो । सभाले देशको गतिविधि सुधार गर्न र युवराजाधिराजको उदण्ड कार्यहरू रोक्नका लागि राजासमक्ष मागपत्र पेस गरेको थियो । उक्त मागपत्रलाई The Nepalese Petition of Rights भनी उल्लेख गरिएको छ (राणा, १९८० : ३५) ।

भारदारी सभाको मागपत्रको समस्याको समाधानका लागि राजा राजेन्द्रविक्रमले युवराजाधिराज र कान्छी रानी राज्यलक्ष्मीदेवीलाई प्रशासनिक अधिकार दिन चाहेका थिए । तर भारदारहरूको सल्लाह मुताबिक नै कान्छी रानीलाई मात्र अधिकार दिन राजा राजेन्द्रले

शाही घोषणा जारी गरेका थिए । ५ जनवरी १८४३ मा राजाबाट जारी भएको घोषणाको स्वरूप यस प्रकारको रहेको छ–

'नेपाली प्रजाजनमा यो कुरो विदित होस् कि आजदेखि तिमीहरू सबैले श्रीमती महारानी राज्यलक्ष्मीदेवीलाई नेपाल राज्यको मालिक्नी सम्झी उनैको हुकुम मान्नु । यस कुरामा खुसीसाथ मेरो मन्जुरी छ । म आफ्नो मनोमान खुसी राजीसँग श्रीमतीलाई राज्याधिकार सुम्पन्छु । अब उप्रान्त मसमेत श्रीमतीको सम्मति विरुद्ध काम गर्ने छैन । यसमा मेरो सफत छ तथा आज उप्रान्त तिमीहरूले युवराज सुरेन्द्रविक्रमको आज्ञा मान्नु पर्दैन, कसैले मानेको ठहर्‍यो भने उसलाई श्रीमतीको हुकुमबमोजिम दण्ड हुनेछ । आजका मितिदेखि निम्नलिखित सबै काम श्रीमतीका तर्फबाट हुनेछ–

१. राजपरिवारका व्यक्ति बाहेक कसैलाई पनि कारावास, अङ्गभङ्ग, देश निकाला, प्राणदण्ड र पदच्यूत गर्ने अधिकार ।
२. देशका सबै कर्मचारीहरूलाई नियुक्ति गर्ने, पदच्यूत गर्ने, सरुवा गर्ने, पदोन्नति गर्ने अधिकार ।
३. चीन, ब्रिटेन र तिब्बतसँग वार्ता चलाउने र आवश्यकताअनुसार ती देशहरूसँग युद्ध वा सन्धि गर्ने अधिकार । (राणा, सन् १९८० : ३५–३६) ।

नेपालको इतिहासमा यस घोषणाले ठूलो महत्त्व राख्दछ । कारण यस घोषणाले युवराज सुरेन्द्रको बौलाहपनमा नत्थी नै लागेको थियो । साथै यस घोषणाबाट सम्पूर्ण राजकीय अधिकार कान्छी महारानीले पाएपछि उनमा अनावश्यक घमन्ड बढ्न थालेको थियो । उनले जेठी महारानीका छोराहरू सुरेन्द्रविक्रम र उपेन्द्रविक्रम शाहलाई हटाएर आफ्ना छोरा रणेन्द्रविक्रम शाहलाई गद्दीको हकवाला बनाउने योजना बनाएकी थिइन् । यसमा वैधताको पनि प्रश्न त छँदै थियो । त्यसैले राजा, चौतरियालगायत अरूहरूले पनि उनको यस

कदमको विरोध गरेका थिए । पाण्डेहरू सुरुदेखि नै उनको विरोधमा छँदै थिए ।

आफ्नो योजना सार्थक नहोला भनेर कान्छी रानी आत्तिन थालेकी थिइन् । त्यसैले उनले आफ्नो पुरानो समर्थकमध्ये थापाहरूलाई राजदरबार बोलाएर सम्झाउन थालिन् । थापा खानदानमा माथवरसिंह थापा जेठाबढा थिए । उनी भीमसेन थापाको मृत्युपछि नेपालको राजनीतिबाट टाढा भएर भारतको सिमलामा बसिरहेका थिए । यिनीमार्फत आफ्नो उद्देश्य पूरा गराउने हेतुले महारानी राज्यलक्ष्मीदेवीले माथवरसिंह थापालाई काठमाडौँ झिकाएकी थिइन् ।

राजा राजेन्द्रवीरविक्रम शाह र महारानी राज्यलक्ष्मीदेवी भएर माथवरसिंह थापालाई २६ डिसेम्बर १८४३ मा प्रधानमन्त्री र कमान्डर इन चिफको पदमा नियुक्त गरे (उपाध्याय, २०२९ : २७३–२७५) ।

माथवरसिंह थापा नेपालमा प्रधानमन्त्री पद प्राप्त गर्ने पहिलो व्यक्ति हुन् । उनलाई धर्म र न्याय, पजनी, परराष्ट्रनीति, दैनिक प्रशासन र सैनिक आदि सम्बन्धित सम्पूर्ण अधिकार दिएर उक्त पदमा नियुक्त गरिएको थियो । त्यस बखत उनले प्राप्त गरेका सम्पूर्ण अधिकारले उनी शक्तिसम्पन्न मात्र नभएर एक प्रकारको अघोषित सार्वभौमजस्ता नै थिए ।

प्रधानमन्त्री माथवरसिंह थापा न्यायिक विचारका एक जना कुबेर नै थिए । त्यसैले उनले रानीको इच्छाअनुसार अवैधानिक रूपमा युवराज सुरेन्द्रलाई हटाएर उनको छोरा रणेन्द्रलाई राजगद्दीको उत्तराधिकारी बनाउन सकेनन् । आफ्नो उद्देश्य पूरा गर्ने रानीको जिद्दी छँदै थियो । त्यसैले आफ्नो उद्देश्यअनुरूप कार्य नगरेपछि रानीले उनलाई मन पराउन छाडेकी थिइन् । साथै प्रधानमन्त्री थापालाई राजा र युवराजले पनि मन पराउँदैन थिए । अनि माथवरसिंह

थापा राजदरबारका लागि तिखो काँडाजस्तै भएका थिए । त्यसैले त्यस काँडालाई झिकेर फाल्ने योजना राजा र रानीले बनाउन थालेका थिए । त्यस प्रयोजनका लागि राजदरबारले जङ्गबहादुर राणालाई अघि सारेको थियो । राजारानीको योजनाअनुरूप १७ मे १८४५ को राति राजदरबारभित्र राजा राजेन्द्रको कोठामा माथवरसिंह थापालाई बोलाइएको थियो । त्यसै बेला आफ्नै भान्जा जङ्गबहादुरद्वारा गोली प्रहार गरी माथवरसिंह थापाको हत्या गरिएको थियो (राणा, सन् १९८० : ५४) । प्रधानमन्त्री थापाको लासलाई भुइँमा ओछ्याइएको कपडाले बेरेर बरन्डाबाट तल भुइँमा खसालियो र तुरुन्तै पशुपति आर्यघाटमा लगेर दाहसंस्कार पनि गरिएको थियो । यसरी निष्ठावान् र शक्तिशाली प्रधानमन्त्री माथवरसिंह थापा दरबारिया षड्यन्त्रको सिकार बनेका थिए ।

राजा राजेन्द्रले ब्रिटिस रेजिडेन्ट हेनरी लरेन्सलाई १८ मे १८४५ मा एउटा पत्र पठाएका थिए । त्यस पत्रमा 'राजाको सम्पूर्ण अधिकार आफैँले उपभोग गर्न खोजेको, युवराज सुरेन्द्रको स्थानमा कान्छी महारानीको छोरा रणेन्द्रलाई राख्न खोजेको, ढुकुवावासमा धेरै सेनाको हत्या गरेको' जस्ता अनेकौँ दोष देखाई माथवरसिंह थापाको हत्या म आफैँले गरेको हो भनी लेखेका छन् । राजा राजेन्द्र डरपोक व्यक्ति भएकाले माथवरसिंह थापाको हत्या उनले गरेका होलान् भन्ने कुरामा ब्रिटिस राजदूत हेनरी लरेन्सलाई विश्वास थिएन (ओल्डफिल्ड, १९८६ : ३४७) । जङ्गबहादुर प्रधानमन्त्री भएर आफ्नो स्थिति मजबुत भएपछि सन् १८५१ मा उनले मामा माथवरसिंह थापाको हत्या मैले नै गरेको हुँ भनी अपराध स्वीकार गरेका थिए (शर्मा, २००८ : ३०१) ।

प्रधानमन्त्री माथवरसिंह थापाको हत्यापछि उनका छोरा कर्णेल रणोज्जलसिंह थापालाई जङ्गबहादुरले नै अब देशको अवस्था राम्रो छैन, आफ्नो जीवन रक्षाका लागि भारतमा शरण लिएर बस्दा राम्रो

हुन्छ भनेर भारत जान सल्लाह दिएका थिए । जङ्गबहादुरले रणोज्जलसिंह आफूले लिएर जान सक्नेजति सम्पत्ति लिएर जान र आफूले पनि उनलाई सहयोग गर्ने वचन दिएका थिए । रणोज्जलसिंहलाई सुरक्षा दिएर थानकोटसम्म पुऱ्याउन जङ्गबहादुरले आफ्ना भाइहरू बमबहादुर र रणोद्दीपसिंहलाई खटाएका थिए (राणा, सन् १९८० : ४४) । यस कार्यबाट जङ्गबहादुर निकै कुटिल र चलाख थिए भन्ने तथ्य पुष्टि हुन्छ । किनभने एकातिर रणोज्जलसिंह आफ्नै मामाका छोरा भाइ भएकाले यो कठिन समयमा उसको जीवनरक्षाका लागि भरपुर सहयोग गरेको देखियो भने अर्कातिर सेनामा माथवरसिंह थापाको निकै प्रभाव थियो । यदि सेनाले माथवरसिंह थापाको छोराको पक्षमा राजदरबारविरुद्धमा विद्रोह गरेको खण्डमा स्थिति गम्भीर हुन सक्दथ्यो । त्यसैले जङ्गबहादुरले यो चाल चलेको देखिन्छ । जे होस्, यस कार्यमा उनी सफल भएका थिए । माथवरसिंह थापाको हत्या प्रकरणमा सेनाबाट कुनै विद्रोहको आवाजचाहिँ उठेन ।

माथवरसिंह थापाको हत्यापछि जङ्गबहादुर राजा र रानीको विश्वासिलो पात्र बन्न सफल भए । कान्छी महारानीले अब जङ्गबहादुरजस्तो कठोर र धूर्त व्यक्तिबाट आफ्नो उद्देश्य पूरा हुनेछ भन्ने सोचेकी थिइन् । यसरी कान्छी रानीको व्यक्तिगत स्वार्थको कारणबाट दरबारमा ठूलाठूला हत्याकाण्डको शृङ्खला सुरु भएको थियो ।

**काठमाडौँस्थित अङ्ग्रेज रेजिडेन्टको नेपालको आन्तरिक मामलामा हस्तक्षेप** : सुगौली सन्धिपछि ब्रिटिस रेजिडेन्ट काठमाडौँमा रहन थालेको हो । तर नेपाल सरकारको अङ्ग्रेजप्रति हेर्ने दृष्टिकोण राम्रो थिएन । त्यसैले उनीहरू नेपालमा स्वतन्त्र रूपले हिँड्डुल गर्न, जनसहभागिता बढाउन पाउँदैन थिए । यसबारे नेपाल सरकारले उनीहरूमाथि कडा प्रतिबन्ध लगाएको थियो । ब्रिटिस सरकार आफ्नो रेजिडेन्टलाई नेपाल सरकारले अन्तर्राष्ट्रिय कानुनअनुसार व्यवहार गरोस् भन्ने चाहन्थ्यो । त्यसैले ब्रिटिस रेजिडेन्ट नेपालको

सरकारमा आफ्नो इसारामा चल्ने मान्छे रहोस् भन्ने चाहन्थ्यो। अङ्ग्रेजले खोजेको जस्तो मान्छे जङ्गबहादुर राणा मात्र नै थिए। जङ्गबहादुरले सुरुदेखि नै अङ्ग्रेजको समर्थन पनि गरेका थिए। दरबारभित्रको अन्य गुटलाई एकअर्कामा फुट पैदा गरेर जङ्गबहादुरले ब्रिटिस रेजिडेन्टको सहयोग गरेको हुनाले नै नेपालको राजनीतिमा जङ्गबहादुर कुँवरको उदय भएको थियो।

**कोतपर्व**

जनरल गगनसिंह भण्डारी रानी राज्यलक्ष्मीदेवीको विश्वासपात्र थिए। राजा राजेन्द्रले रानी राज्यलक्ष्मीदेवीलाई राज्यको सम्पूर्ण अधिकार दिएपछि दरबारमा गगनसिंहको स्थिति बलियो बनेको थियो र उनको महत्त्वाकाङ्क्षा पनि बढेको थियो। उनी महारानीको सल्लाहकारको रूपमा काम गर्न थालेका थिए (मानन्धर, २०४८ : १)। उनले रानीको दुई छोराहरू रणेन्द्र र वीरेन्द्रलाई पढाउने काम पनि गर्ने हुँदा रानीको खोपीसम्म पनि यिनको आउजाउ थियो।

आफ्नै घरको पूजा कोठामा पूजा गरिरहेका जनरल गगनसिंह भण्डारीलाई कसैले गोली हानेर हत्या गर्‍यो। यो घटना १९०३ साल असोज ९ गते (१४ सेप्टेम्बर १८४६) को राति १० बजे भएको थियो।

प्रधानमन्त्री माथवरसिंह थापाको हत्यामा गगनसिंहले ठूलो भूमिका खेलेका थिए। उनले नै जङ्गबहादुर कुँवरलाई गोली हान्ने निर्देशन दिएका थिए। माथवरसिंहको हत्यापछि राजाले २३ सेप्टेम्बर १८४५ मा फत्तेजङ्ग शाहलाई मुख्तियार पदमा नियुक्त गरेका थिए। यस मन्त्रिमण्डलमा जनरल गगनसिंह, जनरल अभिमानसिंह राना, जनरल जङ्गबहादुर कुँवर र दलभञ्जन पाँडे सम्मिलित थिए। रानीको कृपापात्र भएको हुँदा गगनसिंहलाई मन्त्री पद दिनुका साथै सेनाध्यक्षको काम पनि दिइएको थियो। उनको अधीनमा सात रेजिमेन्ट फौज राखिएको थियो। मुख्तियार फत्तेजङ्ग शाहको अधीनमा

भने जम्मा तीन रेजिमेन्ट फौज मात्रै थियो (राणा, सन् १९८० : ६२)।  तत्कालीन मन्त्रिमण्डलमा फत्तेजङ्ग शाह मुख्तियार भए पनि शक्तिशाली गगनसिंह थिए। केही स्रोतहरूमा उल्लेख भएअनुसार जङ्गबहादुर त्यस मन्त्रिमण्डलमा समावेश थिएनन् तर पनि उनको निकै महत्त्व थियो। किनभने यिनी फौजको विशेष प्रतिनिधि मानिन्थे। यिनको मातहतमा पनि तीन रेजिमेन्ट फौज थिए। उनलाई जनरल पद दिइएको थियो। प्रत्येक दलका मानिसहरू यिनलाई हात लिन चाहन्थे (शर्मा, २००८ : ३०४)। तर आफ्नै मामाको हत्या गर्न सक्ने जङ्गबहादुरजस्ता निडर व्यक्ति यस मन्त्रिमण्डलमा समावेश थिएनन् भन्ने आधारचाहिँ देखिँदैन।

यसैबीच वि.सं.१९०३ असोज ९ गते राति १० बजे गगनसिंहको हत्या भयो। आफ्नो प्रिय पात्रको हत्याको खबरले महारानी अत्यन्त शोकाकुल भएकी थिइन्। अनि उनी तुरुन्तै नाङ्गो तरबार लिएर आफ्ना केही सुसारे केटीहरूको साथ गगनसिंहको घरमा पुगिन्। त्यहाँ उनले मृत आत्माको शान्तिको कामना गर्दै हत्यारा पत्ता लगाएर छाड्ने प्रण गरेकी थिइन्। साथै उनले गगनसिंहको दाहसंस्कार र अन्य खर्चका लागि राज्य कोषबाट एक लाख रुपियाँ झिक्न आदेश दिइन् (राणा, सन् १९८० : ६८)।

रानीले गगनसिंहकी तीन जना पत्नीहरूलाई सान्त्वना दिँदै सती जानबाट पनि रोकेकी थिइन्। त्यसपछि उनी हातमा तरबार लिएर नै कोतमा पुगेकी थिइन्। त्यस समय राजदरबारनजिकैको नयाँ भवनमा राजसभा हुने परम्परा चल्दै आएको थियो। त्यस नयाँ भवनलाई 'सिसमहल' भन्दथे। सिसैसिसाको झ्याल भएको त्यो भवन भीमसेन थापाले बनाएका थिए। त्यसै भवनको दक्षिणतर्फको चोकलाई कोत भनिन्थ्यो (आचार्य, २०६० : ९६)।

रानीले जङ्गबहादुरसँग गगनसिंहको हत्याका बारे सल्लाह गरिन्। गगनसिंहको हत्यामा ठूलाठूला मान्छेहरूको हात छ भन्ने

कुरा उनले जङ्गबहादुरबाटै सुनिन् । त्यस बेला जङ्गबहादुरले रानीलाई भनेका थिए– 'तत्काल हत्याराहरूलाई पत्ता लगाएर सजाय नदिने हो भने महारानी स्वयम्लाई पनि खतरा छ ।' त्यस घटनालाई लिएर जङ्गबहादुरले रानीलाई थप उत्तेजित बनाउने काम गरेका थिए । शोक, क्रोध र भयबाट घाइते बघिनीजस्ती भएकी रानीलाई जङ्गबहादुरले नै सबै भारदारहरूलाई कोतको पटाङ्गिनीमा जम्मा गरेर हत्यारा पत्ता लगाउन सुझाएका थिए (शर्मा, २००८ : ३०८) । त्यसपछि सबै भारदारहरूलाई कोतमा भेला गराउन अभिमानसिंह रानालाई बिगुल बजाउने आदेश थिएका थिए । बिगुल बजेपछि बिनाहातहतियार सबै भारदार अनिवार्य रूपमा कोतमा उपस्थित हुनुपर्ने परम्परा थियो । सबै भारदारहरू कोतमा नि:शस्त्र उपस्थित भए पनि जङ्गबहादुर एक जना भने आफ्नो तीन रेजिमेन्ट पल्टन र आफ्ना दाजुभाइहरूसहित पूरा हातहतियार लिएर कोतमा उपस्थित भएका थिए । साथै जङ्गबहादुरचाहिँ बिगुल नबज्दै सिसमहल पुगिसकेका थिए । जङ्गबहादुर मात्र दलबलसहित यसरी तयारी अवस्थामा कोतमा पुगेको हुनाले गगनसिंहको हत्यामा जङ्गबहादुरको संलग्नता थियो कि ? अथवा कोतमा हुने हत्याकाण्डको सङ्केत उनलाई पहिला नै थियो कि ? भनेर आशङ्का गर्ने ठाउँको पनि सिर्जना भएकै थियो । तर पद्मजङ्गको भनाइअनुसार गगनसिंह र जङ्गबहादुर असल मित्र भएका कारण हत्याराहरूले गगनसिंहपछि आफूलाई दोस्रो सिकार बनाउन सक्ने सम्भावनालाई मध्यनजर राखेर आफू सुरक्षित हुन जङ्गबहादुर पूर्वतयारीका साथ कोतमा पुगेका थिए (राणा, सन् १९८० : ६८–६९) ।

जङ्गबहादुरको तीन पल्टनले कोतको पर्खाल पूरै घेराबन्दी गरेका थिए । त्यति बेला सेनाले कसैलाई पनि हातहतियार लिएर भित्र जान दिएका थिएनन् । त्यस घडी राजा राजेन्द्रविक्रम शाह र रानी राज्यलक्ष्मीदेवी दुवै जना कोतमा उपस्थित थिए । मध्यरातसम्म

सबै भारदारहरू भय र आशङ्काले घेरिएको अवस्थामा कोतमा पुगेका थिए । त्यस बेलासम्म पनि रानी भने क्रोधले व्याकुल बनेकी थिइन् । त्यही सभामा उनी चिच्च्याउँदै 'गगनसिंहको हत्यारा को हो' भन्न थालिन् । कोतको स्थिति भयावह बन्दै थियो । त्यसैले रानीले सभामा प्रश्न गर्दा जङ्गबहादुरले वीरकेशर पाँडेतिर सङ्केत गरे । वीरकेशर पाँडे पहिलेदेखि नै रानी र गगनसिंहको विरोधी हुन् भन्ने कुरा जङ्गबहादुरलाई थाहा थियो (आचार्य, २०६० : ९८) ।

सभामा वीरकेशर पाँडेले आफू यस विषयमा अनभिज्ञ रहेकाले निर्दोष छु भनी रानीउपर बिन्ती गर्न थाले । तर रानीले तत्कालै वीरकेशरको हत्या गर्न अभिमानसिंह रानालाई आदेश दिइन् । अभिमानसिंहले यस कुरामा राजाको पनि हुकुम चाहिन्छ भनेर रानीको आदेश पालना गरेनन् । त्यति बेलासम्म मुख्तियार फत्तेजङ्ग शाह कोतमा उपस्थित भइसकेका थिएनन् । राजा राजेन्द्रलाई पनि कोतको पटाङ्गिनीबाट बाहिर निस्कने उपयुक्त बहाना मिल्यो । उनी मुख्तियारको राय बुझेर मात्र वीरकेशरलाई कस्तो सजाय दिने भनेर निर्णय गर्न सकिन्छ भन्दै उनलाई बोलाएर ल्याउँछु भनी बाहिर निस्के । राजा सरासर फत्तेजङ्गको घर नारायणहिटी पुगेर उनलाई भेटी कोतको स्थितिबारे सामान्य जानकारी दिएर ब्रिटिस राजदूतावासतर्फ लागे (शर्मा, २००८ : ३०९) । यस वस्तुस्थितिलाई मनन गर्दा राजा राजेन्द्र कतिसम्म कमजोर र अदूरदर्शी थिए भने कोतको भयावह अवस्थाले नरसंहारको रूप लिन सक्छ भन्ने देखिसकेको थियो । यस्तो अवस्थामा राजाको उपस्थिति कोतमा हुनु अनिवार्य थियो । तर राजा परिस्थितिको सामना गर्न नसकी बहाना बनाएर बाहिर निस्केका थिए । ब्रिटिस राजदूत ओटलेले रातको समयमा भेट गर्न मिल्दैन भनी राजालाई भेट दिएनन् । त्यसपछि उनी बाध्य भएर कोतमा फर्कंदा कोतबाहिरको नाल रगतले भरिएको

थियो । यो देखेर राजा साह्रै डराए । त्यसैले कोतभित्र पस्न उनले आँट गर्न सकेनन् । उनी फर्केर फत्तेजङ्गको घरमा गएर लुकेर बसे (शर्मा, २००८ : ३०९) ।

राजा राजेन्द्र कमजोर र डरपोक त थिए नै, राजदूतावासबाट फर्किएर कोतमा आउँदा विजयराज पण्डितले कोतभित्रको अवस्था भयावह छ, सरकार राजभवन फर्किबक्सियोस् भनेकाले उनी राजदरबारमा नै फर्किए भन्ने पनि पाइन्छ (आचार्य, २०६० : १०४) । तर घटनाक्रम हेर्दा राजा डराएर कोतभित्र नबसी राजदरबारतिर फर्किएको भने देखिन्छ ।

राजासँग छुट्टिएर मुख्तियार फत्तेजङ्ग शाह कोतमा पुग्दा कोतको अवस्था निकै भयानक बनिसकेको थियो । महारानी रिसाउँदै एकोहोरो 'गगनसिंहको हत्यारा को हो ?' भन्दै चिच्च्याइरहेकी थिइन् । जङ्गबहादुरले चाहिँ मुख्तियारलाई कोतभित्रको अवस्थाको जानकारी गराएका थिए । उनले त्यस्तो तनावको अवस्थामा या त रानीलाई कैद गर्ने या त उनको आदेशलाई कुनै पनि प्रतिवाद नगरी पालना गर्नुपर्ने राय व्यक्त गरेका थिए (बर्मा, सन् १९१५ : ९३–९४) । तर फत्तेजङ्गले यी दुवै कुरा मान्न अस्वीकार गरेका थिए । रानीले मुख्तियारलाई हत्यारा पत्ता लगाउन आदेश दिइरहिन् । उनले हत्यारा पत्ता लगाउन केही समय लाग्ने जानकारी दिएपछि रानीले यस सभाबाट हत्यारा पत्ता नलागेसम्म कोही पनि कोतबाहिर निस्कन नपाउने घोषणा गरिन् ।

एकछिनपछि 'वीरकेशरको हत्या म आफैँ गर्छु' भन्दै तरबार लिएर रानी माथिल्लो तलाबाट भुइँ तलामा झरिन् । त्यस घडी जङ्गबहादुर र फत्तेजङ्गले सम्झाएर रानीलाई रोकेका थिए । त्यहाँको स्थिति डरलाग्दो बन्न थालेपछि अभिमानसिंह रानाले पर्खाल बाहिर भेला भएका आफ्ना सैनिकहरूलाई तयारी अवस्थामा रहन आदेश दिएका थिए । यो देखेर जङ्गबहादुरले स्थितिलाई आफूअनुकूल

बनाउन अभिमानसिंहले आफ्नो सैनिकको प्रयोग गरी सत्ता हत्याउन खोज्दै छ भनेर रानीलाई सुनाइदिए । अनि रानीले कुनै सोचविचारै नगरी तुरुन्तै अभिमानसिंहलाई बन्दी बनाउनु भन्ने हुकुम दिएकी थिइन् ।

स्थिति जटिल र भयावह बन्दै गएको बुझेर अभिमानसिंह बलजफ्ती ढोकाबाट बाहिर निस्कने प्रयास गर्दै थिए । तर जङ्गबहादुरले यस मौकालाई खेर फाल्न दिएनन् । जङ्गबहादुरको इसारामा ढोकामा खटिएका सैनिक जवानले अभिमानसिंहको छातीमा सङ्गीन रोपिदिए । उनको छातीबाट रगतको भल बग्न थाल्यो । असह्य पीडाले आफ्नो रगत पोतिएको हातको छाप भित्तामा लगाउँदै कराएर 'गगनसिंहको हत्या गर्ने जङ्गे नै हो' भनेर भुइँमा ढले ।

कोतमा मारिने पहिलो व्यक्ति अभिमानसिंह राना बन्न पुगेका थिए । यो दृश्य देखेपछि मुख्तियार फत्तेजङ्ग शाहका छोरा खड्कविक्रम शाहले त्यहाँ उपस्थित चौतरियाहरूलाई सम्बोधन गर्दै 'चौतरियाहरू यदि मर्नु छ भने बहादुरीका साथ लडेर मरौँ अभिमानसिंहले भनेको कुरा ठीक हो, यो सबै षड्यन्त्रको जाल बुन्ने जङ्गे नै हो' भने । यो सुनेपछि जङ्गबहादुरका काहिँला भाइ कृष्णबहादुरले खड्कविक्रमलाई चुप लाग चौतरिया, नत्र तेरो पनि यही गति होला मात्र भनेका थिए । त्यसपछि खड्कविक्रम नै उनीमाथि जाइलागे । कृष्णबहादुरले खड्कविक्रमको तरबार छेक्दा उनको दाहिने हातको बूढी औँला काटिएको थियो । तत्कालै बमबहादुरले भाइको बचावटका लागि तरबार झिक्न खोज्दा म्यानबाट तुरुन्त तरबार निक्लिएन । त्यही अवधिमा खड्कविक्रमले बमबहादुरमाथि पनि तरबार प्रहार गरेका थिए । भाग्यवश तरबार दलिनमा लाग्न पुग्यो र बमबहादुरलाई सामान्य चोट मात्र लाग्यो । त्यो देखेर तुरुन्तै बमबहादुरको कान्छा भाइ धीरशमशेरले प्रहार गरेको तरबारको एकै चोटमा खड्कविक्रमको मृत्यु भएको थियो (नेपाल, २०५२ : २३५) ।

राजविक्रम राणाले कोत हत्याकाण्डमा खड्कविक्रमको तरबार प्रहारबाट बमबहादुरको दाहिने हातको तीनवटा औँला काटिएको थियो भनेका थिए । तर ऐतिहासिक अध्ययनबाट कोत हत्याकाण्डमा बमबहादुरको नभएर कृष्णबहादुरको हातको बूढी औँलाचाहिँ काटिएको व्यहोरा उल्लेख भएको पाइन्छ ।

खड्कविक्रम शाह मारिएपछि मुख्तियार फत्तेजङ्ग शाह पुत्र वियोगले विह्वल बन्न थाले । त्यतिखेर जङ्गबहादुरले उनलाई सान्त्वना दिने प्रयत्न गर्न पनि थालेका थिए । तर फत्तेजङ्ग अनियन्त्रित रूपमा 'गगनसिंहको हत्यारा जङ्गे हो' भनी कराउँदै रानी बसेको तलामा जाँदै थिए । उनी भऱ्याङ उक्लिरहेका थिए, तर उनी रानीसमक्ष भने पुग्न पाएका थिएनन् । त्यसै क्षण जङ्गबहादुरका पेटमा अनेक कुरा खेल्न थालेको थियो ।

त्यस बखत जङ्गबहादुरले अड्कल काटेका थिए– 'यदि फत्तेजङ्गले रानी भएको ठाउँमा पुगेर मेरो कुरा राखे भने जुनसुकै अवस्था पनि आउन सक्छ ।' यस्तो स्थिति आउन सक्ने सम्भावना देखेर जङ्गबहादुरले फत्तेजङ्ग शाहलाई मार्ने नै अभिप्राय राखे । अनि उनले आफ्ना विश्वासिला सिपाही राममेहर अधिकारीलाई फत्तेजङ्गलाई गोली हान्न आदेश दिए । भऱ्याङ चढ्दै गरेका शाहलाई सिपाहीले तुरुन्तै गोली हाने । गोली लागेर फत्तेजङ्ग शाह भऱ्याङबाट लड्दै तल भुइँमा पछारिन पुगेका थिए ।

कोतको पटाङ्गिनीमा जङ्गबहादुरका भाइ तथा समर्थकहरू र चौतारिया, पाण्डे, थापाहरू र यिनका समर्थकहरूबीच भिडन्त चलिरहेको थियो । जङ्गबहादुर पक्षसँग हातहतियार सबै थोक थियो । तर उनका विपक्षीहरूसँग तरबार र खुकुरी मात्र थिए । यसो भए तापनि फत्तेजङ्गका भाइ वीरबहादुर शाहले चौतरिया पक्षको नेतृत्व गर्दै बहादुरीका साथ लडे । तर बद्रीनरसिंहले हानेको गोली लागेर उनको पनि प्राणपखेरु उडचो (शर्मा, २००८ : ३११) । अझ

पनि कोतमा मर्ने र मार्ने क्रियाकलाप भइ नै रहेको थियो । यसरी परिस्थितिले भयङ्कर रूप लिइरहँदा पनि रानीले यसलाई रोक्नका लागि कुनै कदम चालिनन् । बरु उनले माथिल्लो तलाको झ्यालबाट उक्त कारुण दृश्य हेरिरहेकी थिइन् । यसै समय जङ्गबहादुरका तीन सय फौज हातहतियारसहित कोतको पटाङ्गिनीमा प्रवेश गरेका थिए । त्यसपछि जङ्गबहादुरका विपक्षीहरू सबै भागाभाग भएका थिए । तिनीहरूमध्येले कोही पर्खाल नाघे र कोही ढल वा नालबाट बाहिर निस्केर ज्यान बचाएका थिए । ज्यान बचाएर भागेका मध्ये केहीले कोतको विध्वंस दृश्य हेरिरहेकी रानीलाई लक्षित गरी झ्यालमा ढुङ्गा हानेका थिए । त्यसपछि रानीले झ्यालको खापा बन्द गरेकी थिइन् । त्यस घडी केही विपक्षीहरूलाई जङ्गबहादुरका भाइहरूले बचाएका थिए । बचाइएको मध्ये एक जना कप्तान रणशेर शाह थिए । उनी फत्तेजङ्गका काहिँला भाइ हुन् (राणा, सन् १९८० : ७६) ।

कोतमा रक्तपातपूर्ण नरसंहार धेरै समयसम्म चलेको थियो । यस हत्याकाण्डमा कति जनाको ज्यान गएको थियो भन्नेबारे इतिहासकारहरूको भनाइमा एकरूपता देखिएको छैन । बालचन्द्र शर्माले उल्लेख गरेअनुसार ५५ जना, रामजी उपाध्यायले उल्लेख गरेअनुसार २९ जना, नेपाल देशको इतिहासमा उल्लेख गरेअनुसार ३३ जना भारदारहरूको हत्या कोतको पटाङ्गिनीमा हुन गएको थियो । बाबुराम आचार्यले उल्लेख गरेअनुसार यस घटनामा मारिनेहरूमा– चौतरिया फत्तेजङ्ग शाह, चौतरिया खड्गविक्रम शाह, चौतरिया नरहरिविक्रम शाह, जनरल अभिमानसिंह राना, काजी दलभञ्जन पाँडे, काजी रणगम्भीर पाँडे, काजी रणजोर थापा, काजी नरसिंह थापा, काजी गोप्रसाद शाह, काजी दलबहादुर शाह, काजी बख्तबहादुरसिंह भण्डारी, कपरदार वीरकेशर पाँडे, कपरदार कीर्तिध्वज पाँडे, सरदार समरबहादुर शाह, सरदार गुणप्रकाश

शाह, सरदार शत्रुभञ्जन शाही, सरदार युद्धरञ्जन शाही, सरदार अर्जुन थापा, कप्तान मोहनवीर शाही, कप्तान नरसिंह शाही (छोरासमेत), कप्तान वीरबहादुर शाह, बद्रीबाण शाहीका छोरा, कुमेदान गैँडा मल्ल, ददा दण्डकेशर, द्वारे जोगराम, जमादार विष्णु भगत, हबलदार कालु खवास र अर्दली इन्द्रवीर राउत थिए ।

साथै भाग्नेहरूमा– गुरु नारायण पण्डित, गुरु हेमनाथ पण्डित, चौतरिया दक्ष शाह, चौतरिया बबरजङ्ग शाह, काजी सिंहवीर पाँडे, काजी कालु शाही, काजी दलकेशर पाँडे, कर्नेल वीरविक्रम शाह, कर्नेल नारायणसिंह थापा, सरदार सुमेदसिंह कुँवर, सरदार जयद्रथ अधिकारी, रणकेशर शाह, ददा रससिंह, कप्तान कुलचन्द्र राना, कप्तान रत्नसिंह राना, पूर्णचन्द्र शाही, कप्तान जयविक्रम शाह, कुमेदान सिंहदल गुरुङ, कुमेदान केशरसिंह राउत, कुमेदान भूमिनन्दन उपाध्याय, सुबेदार विक्रमार्क मल्ल, गोपी पण्डित, रघुनाथ ढुङ्गाना, जमादार रघुवीर बस्न्यात, लेफ्टिनेन्ट भोटु थापा र जुद्धवीर राना आदि थिए ।

चारपाटे मुडिनेहरूमा– खडानन्द उपाध्याय, रङ्गनाथ खनाल आदि थिए ।

निकालिनेहरूमा– चौतरिया ज्यान शाह, चौतरिया दण्डजित शाह, जनरल माथवरसिंह थापाका सम्पूर्ण परिवारहरू, जनरल रणवीरसिंह थापाका परिवारहरू, काजी जगवीर पाँडे एवम् काजी त्रिविक्रम थापाका परिवारहरू, काजी शेरजङ्ग थापाका परिवारहरू, कप्तान सन्तवीर थापा तथा कप्तान भवानीभक्त शाहीका परिवारहरू, कप्तान भैरवबहादुर पाँडे, कप्तान कीर्तिवीर थापा, कुमेदान शक्तिवीर हमाल, कप्तान भक्तिकुमार हमाल, कुमेदान फौदसिंह कुँवर, कुमेदान अभिनसिंह खत्री, खरिदार ज्ञाननिधि उपाध्याय, सुबेदार अजयसिंह, चोपदार देवु उपाध्याय, सहदत्त पण्डित, वैद्य त्रिलोचन उपाध्याय, जमादार काशीनाथ उपाध्याय, जमादार सर्वजित थापा, मुसी धाई,

हबलदार जुद्धवीर राउत, अर्दली दधिराम उपाध्यायका भतिजा र द्वारे रत्नवदन आदि थिए (आचार्य, २०६० : १०७) ।

त्यस घटनामा मारिने, भाग्ने, निष्कासन हुने सबैको सर्वस्वहरण भएको थियो । कोत हत्याकाण्डको भोलिपल्ट अर्थात् असोज १० गते मुडिनेहरू मुडिए भने देश निकाला हुनेहरू निकालिएका थिए । त्यस घटनाका सन्दर्भमा भागेर चारभन्ज्याङ कट्ने पनि थिए । रानीको आदेशअनुसार राजकुमारहरू सुरेन्द्र र उपेन्द्रलाई कडा निगरानीका साथ दरबारभित्रै नजरबन्दमा राख्ने कुरा भइरहेको थियो । तर जङ्गबहादुरले चलाखीपूर्ण रूपमा आफ्ना विश्वासी भाइहरू बमबहादुर कुँवर र जगतशमशेर कुँवरलाई दरबारको पहरा गर्न अफिसरको दर्जा दिएर नियुक्ति गरे (शर्मा, २००८ : ३१३) । बाहिरबाट हेर्दा राजकुमारहरूलाई निकै कडाइका साथ नजरबन्दमा राखेको देखिए तापनि भित्र जङ्गबहादुरले राजकुमारहरूसँग राम्रो सम्बन्ध राखेका थिए । यसले गर्दा जङ्गबहादुर राजकुमारहरूको साथै रानीको पनि विश्वासिलो पात्र बन्न सफल भएका थिए ।

जङ्गबहादुर निकै चलाख, चतुर र परिस्थितिलाई आफ्नो अनुकूल बनाउन सक्ने खुबी भएका व्यक्ति थिए । त्यसैले उनी कोत हत्याकाण्डको परिणाम आफ्नो पक्षमा पार्न सफल भएका थिए । केही इतिहासकारहरूले कोत हत्याकाण्ड जङ्गबहादुरको पूर्वयोजना थियो भनेका छन् । तर यो उनको योजना थियो नै भन्न सकिँदैन । यसलाई आकस्मिक रूपमा भएको घटना पनि मान्न सकिन्छ । विशेष गरी हत्याकाण्डको मुख्य उत्तरदायित्व कान्छी रानीको महत्त्वाकाङ्क्षा, जिद्दी स्वभाव र स्वार्थी भावनालाई मान्न सकिन्छ । गगनसिंहको हत्यारा पत्ता लगाउनका लागि कोतमा ठूलाठूला पद र जिम्मेवारी बहन गरेका व्यक्तिहरूको निर्मम हत्या हुँदा पनि रानीले चुप लागेर त्यो कारुणिक दृश्य हेरेर बस्नु उचित थिएन । वास्तवमा त्यो उनको निन्दनीय सोच थियो । यस घटनामा राजा राजेन्द्र पनि

कम दोषी देखिँदैनन् । उनी फत्तेजङ्ग शाहलाई बोलाएर ल्याउने निहुँमा कोतबाट बाहिर नगई कोतमा नै बसिरहेका भए त्यहाँको अवस्था रक्तकुण्डमा नै परिणत हुँदैन थियो कि !

धेरैजसो इतिहासकारहरूले जङ्गबहादुरलाई रानीद्वारा कोत हत्याकाण्ड भएकै राति कमान्डर इन चिफ र पर्सिपल्ट प्रधानमन्त्री पदमा नियुक्त गरिन् भनेका छन् (आचार्य, २०६० : १०८) । तर कोतको हत्याकाण्डपछि उनलाई कमान्डर इन चिफ बनाउनुका साथै मन्त्रिमण्डलको एक मात्र सदस्यको रूपमा उनलाई देश चलाउने सम्पूर्ण अधिकार दिइएको थियो । उनले प्रधानमन्त्री पद भने भण्डारखाल पर्वपछि राजा राजेन्द्रलाई खुसी पारेर मात्र प्राप्त गरेका थिए ।

कोत हत्याकाण्डपछि राजा राजेन्द्र पक्षका सबै जना भाइ भारदारहरूलाई नेपालको राजनीतिक मञ्चबाट हटाइएको थियो । त्यसपछि भने जनरल जङ्गबहादुर कुँवर एक मात्र अधिनायक बन्न पुगे । हत्याकाण्डको पर्सिपल्ट यिनले औपचारिक रूपमा कमान्डर इन चिफको पद ग्रहण गरेका थिए ।

कोत हत्याकाण्डमा जङ्गबहादुरका भाइहरूले आफ्नो ज्यानको परबाह नगरी दाजुलाई सहयोग गरेका थिए । त्यस समय जङ्गबहादुरका दाजुभाइ एक ढिक्का नभएको भए चौतरिया बन्धुहरूलाई हराउन सजिलो छँदै थिएन । त्यसैले देशको शक्ति आफ्नो हातमा आएपछि जङ्गबहादुरले आफ्ना भाइहरूलाई विभिन्न विभागका महत्त्वपूर्ण जिम्मेवारी दिएका थिए । यिनका भाइ काजी बमबहादुर कुँवरले कौसीतोसा खानाको, काजी बद्रीनरसिंह कुँवरले कुमारीचोक, काजी जयबहादुर कुँवरले पहाड बन्दोबस्त र कर्णेल कृष्णबहादुर कुँवरले पाल्पा गौडाको तैनाथी पाए (आचार्य, २०६० : १०) । त्यसपछि जङ्गबहादुर र यिनका भाइहरू नै नेपाल अधिराज्यका सर्वेसर्वा भएका थिए । कोत हत्याकाण्डले त्यसपछिको नेपालमा जहानियाँ राणा शासनको रीत बसेको थियो ।

कोतमा डरलाग्दो र बीभत्स नरसंहार भयो । त्यस बेलाको हत्याकाण्डमा उच्चस्तरका भारदारहरू कति काटिए, कति देश निकाला भए र कति मुडिए त्यसको लेखाजोखा नै भएन । रानीमा अझै पनि कुनै पश्चात्ताप आएको देखिएन । बरु त्यसपछि पनि उनी आफ्नो उद्देश्यअनुरूप राजाको पदच्यूत गराएर आफ्नो छोरा रणेन्द्रलाई राजा बनाउने सपना नै देखिरहेकी थिइन् । उनी अझै पनि जङ्गबहादुर कुँवरप्रति नै विश्वस्त भएर आफ्नो उद्देश्य उनैद्वारा पूरा हुने कुरामा ढुक्क थिइन् । उता जङ्गबहादुर आफ्ना प्रतिद्वन्द्वी सबै भाइभारदारहरूको अवसान भइसकेको, रानी तथा युवराजको पूर्ण समर्थन रहेको र आफ्नो मातहतमा प्रयाप्त सैनिकहरू तैनाथीमा रहेकाले राजालाई पनि नटेर्ने भइसकेका थिए ।

जङ्गबहादुर कोत हत्याकाण्डको भोलिपल्ट बिहान राजाको दर्शनभेट गर्न गएका थिए । त्यतिखेरसम्म पनि राजा राजेन्द्र उत्तेजित नै थिए । त्यसैले उनले कड्केर जङ्गबहादुरलाई भनेका थिए– 'कसको हुकुमले यतिका भाइभारदारहरूको यसरी एकै पटक नरसंहार भयो । उनीहरूको गल्ती के थियो ?' अनि जङ्गबहादुरले पनि नरम स्वरमा जबाफ फर्काएका थिए– 'सरकारबाट जसलाई आफूमा रहेको सम्पूर्ण शासन अधिकार औपचारिक रूपमा नै सुम्पिबक्सेको छ, उसकै हुकुमबाट नै यी सबै काम कारवाहीहरू भएका हुन, यसमा मेरो कुनै दोष छैन ।' त्यस घडी उनले रानीलाई इङ्गित गरी प्रतिउत्तर दिएका थिए (आचार्य, २०६० : १०९–१०) । राजाले जङ्गबहादुरबाट बिनाहिचकिचाहट यस्तो खालको उत्तर आउला भन्ने कल्पना पनि गरेका थिएनन् । त्यसपछि राजा केही नबोली रानीको खोपीतिर गए र यही प्रश्न रानीसँग पनि गरेका थिए । त्यस बखतसम्म पनि रानीचाहिँ आफ्नो प्रिय पात्र गगनसिंहको हत्याको वियोगमा नै थिइन् । भनौँ उनको क्रोधाग्नि शान्त भएकै थिएन । रानीले राजासँग कड्किँदै– 'अहिलेसम्म त के पो भएको

छ र ? हेरिबक्सेला अझै केके हुनेछ' भन्ने जबाफ थिइन् । त्यसपछि राजाले आफू उपेक्षित भएको महसुस गरे र केही गर्न नसक्ने महसुस गरी उनी राजदरबारबाट निस्किए । अनि जङ्गबहादुरले आफ्नो विश्वासिलो गुप्तचर करवीर खत्रीलाई राजाको प्रत्येक क्रियाकलापका निगरानी राख्न पठाए । टुँडीखेलमा राजा र सरदार भवानीसिंह खत्री गोप्य सल्लाह गरेको खबर करवीर खत्रीले रानीलाई दिए । महारानीले कुनै सोचविचार नगरी एक सुबेदारका साथ पचास जनाजति सेना पठाएर भवानी सिंहलाई मार्ने आदेश दिइन् । महारानीको आदेशको पालना भयो । अनि भवानीसिंहको राजाकै अगाडि हत्या भयो । तर राजा निरीह भएर कुनै पनि प्रतिक्रिया जनाउन सकेनन् । त्यसपछि राजा हताश भएर चुपचाप पाटनमा गएर बसे । राजा पाटन गएर बसेको बेला जनतासँग सम्पर्क भएर स्थितिले अर्कै मोड लिन्छ कि भन्ने डर जङ्गबहादुरलाई थियो । त्यसैले उनले आफ्ना एक जना भाइलाई पठाएर राजाको पूर्ण सुरक्षाको जिम्मा आफूले लिने र राजा ढुक्क भएर दरबार फर्किंदा हुने खबर पठाए । जङ्गबहादुरको आश्वासन पाएपछि राजा हनुमानढोका दरबारमा फिर्ता भए । त्यसपछि जङ्गबहादुर राजा राजेन्द्रको पनि विश्वासिलो पात्र बन्न पुगे ।

रानी आफ्नो उद्देश्यअनुरूप कार्य गर्नका लागि जङ्गबहादुरलाई फकफकाउन थालिन् । उनी आफ्नो छोरालाई राजाको उत्तराधिकारी बनाउने भित्री चाहना भएको जङ्गबहादुरलाई फेरि पनि व्यक्त गरिन् । तर जङ्गबहादुरले रानीको आग्रहलाई आलटाल गरि नै रहे ।

जङ्गबहादुरको शक्ति दिनप्रतिदिन बढिरहेको थियो । तर आफ्नो उद्देश्यअनुरूपको कार्य गर्न आनाकानी गरेको देखेर रानीलाई जङ्गबहादुरप्रति विश्वास हराउँदै गयो । अनि उनी जङ्गबहादुरलाई आफ्नो बाटोबाट हटाएर अन्य व्यक्तिमार्फत आफ्नो काम पूरा गर्ने सोचमा पुगिन् । तर उनलाई साथ र सहयोग गर्ने सबैजसो भारदारहरू

गुमिसकेका थिए । बचेका केही भारदारहरूलाई लिएर रानीले जङ्गबहादुरलाई मार्ने गोप्य योजना बनाउन लागिन् । उनको यस योजनाप्रति राजा राजेन्द्र पनि सहमत भए (आचार्य, २०६१ : ११३) । रानी राज्यलक्ष्मीदेवीले बनाएको गोप्य योजनामा वीरध्वज बस्नेत सहभागी थिए । उनलाई रानीले तामा, तुलसी, हरिवंश समात्न लगाएर जङ्गबहादुरको हत्या गर्ने जिम्मा दिएकी थिइन् । उक्त योजना सफल भएमा उनलाई नै प्रधानमन्त्री पद दिने र उक्त पद उनकै सन्तान दरसन्तानले उपभोग गर्न पाउने आश्वासन पनि वीरध्वजलाई दिइयो (राणा, १९८० : ८५) । यस योजनासम्बन्धी एउटा भनाइ के पाइन्छ भने जब रानीले वीरध्वजसँग जङ्गबहादुरलाई मार्ने योजनाको कुरा गरिन्, वीरध्वजले सीधै भनेका थिए– 'मबाट यो काम हुन सक्दैन किनभने जङ्गबहादुरका भाइहरू एकजुट छन्, उनीहरू सर्प हुन्, एकअर्कालाई हेरिराखेका हुन्छन् । अलिकति अनिष्टको सङ्केत पाउनासाथ एकअर्काका लागि ज्यान दिन्छन् ।'[१] वीरध्वजले सही भनेका थिए । त्यस समय जङ्गबहादुरका दाजुभाइ एकअर्कालाई सहयोग गर्न तयार हुन्थे । जङ्गबहादुरलाई मार्ने काममा वीरध्वज पूर्ण तयार थिएनन् तर पनि उनले रानीको आज्ञापालन गरेकाले उक्त योजना बनेको थियो । गगनसिंहका छोरा बजिरसिंह पनि त्यस योजनामा सामेल भए । उनी आफ्ना निरअपराध बुबालाई मार्न जङ्गबहादुर कुँवरको पूर्ण हात रहेको कुरामा विश्वस्त थिए । विडम्बना ! पण्डित विजयराज पाँडे पनि यस योजनामा समावेश भए । यिनी त जङ्गबहादुरका विश्वासिला मान्छे हुन् । कोतपर्वमा यिनले जङ्गबहादुरलाई ठूलो सहयोग गरेका थिए । रानी र उनका सहयोगीहरूले भण्डारखालमा भोजको आयोजना गर्ने, जङ्गबहादुर र उनका सहयोगीहरूले खाने खानामा विष राखी खान दिने, यदि खान मानेनन् भने गोली ठोकेर उडाइदिने योजना बन्यो । महारानीले

१. ऋसेन्द्रविक्रम राणा (८७ वर्ष) सँग २०८१ मङ्सिर ३० गते उहाँकै निवास बसुन्धरामा गरिएको कुराकानीको आधारमा) ।

अझै पनि पण्डित विजयराजलाई आफ्नो मान्छे भनेर यस गोप्य योजनामा समावेश गरिन् । यो नै उनको ठूलो भूल थियो । यिनी त जङ्गबहादुरले राजदरबारको सम्पूर्ण गतिविधिको जानकारी आफूलाई दिनका लागि राखिएको गुप्तचर थिए ।

३१ अक्टोबर १८४६ या १९०३ साल कात्तिक १७ गते योजनाअनुरूप चालिसपचास जना सैनिक जवानलाई भण्डारखालमा बन्दुक लिएर लुकाएर राखी वीरध्वज बस्नेत महारानीबाट बोलावट भएको छ तुरुन्त आउनु भनेर जङ्गबहादुरलाई बोलाउन उनको निवास लगनटोल गए । यस षड्यन्त्रको सूचना जङ्गबहादुरले पण्डित विजयराज र दरबारकी एक दासीमार्फत पाइसकेका थिए । सूचना पाउनासाथ जङ्गबहादुर आफ्ना चार कम्पनी फौजलाई तयार हुन ओदश दिएर दलबलसहित भण्डारखालतिर लागे । बोलाउन आउँदै गरेका वीरध्वज दलबलसहित आइरहेको जङ्गबहादुरलाई देखेर झस्किए । उनले भाग्ने समय पनि पाएनन् । उनले मुस्किलले 'महारानीबाट बोलावट भएर म प्रधानमन्त्रीलाई बोलाउन आएको हुँ' भन्न सके । जङ्गबहादुरले व्यङ्ग्यात्मक रूपमा 'अब तपाईंलाई नै प्रधानमन्त्री बनाउने भएपछि मसँग महारानीको के काम' भनेका थिए । यस छोटो संवादपछि जङ्गबहादुरको इसारामा कप्तान रणमेहरले उनलाई त्यहीँ दुई टुक्रा पारे (शर्मा, २००८ : ३१५) । उता बजिरसिंहले भण्डारखालमा सैनिक घेराबन्दी गर्न लगाए । जङ्गबहादुर दलबलसहित भण्डारखाल पुगेर त्यहाँ रहेका सबै भारदारहरूलाई आत्मसर्पण गर्ने आदेश दिए । उनले आत्मसमर्पण गर्नेलाई कैद मात्र गरे भने आत्मसमर्पण नगर्नेलाई गोलीले उडाइदिए । त्यस दिन भण्डारखालमा तेइस जनाको हत्या गरिएको थियो (आचार्य, २०६१ : ११५) । वीरध्वज काटिएको सूचना पाउनासाथ बजिरसिंह भण्डारी र दलमर्दन थापा त्यहाँबाट भागेर ज्यान बचाई मुग्लान पसे । भण्डारखालमा मारिनेहरू वीरध्वज बस्नेत, मानसिंह

बस्नेत, वीरकेशवर बस्नेत, उमेदसिंह बस्नेत, पुरन्दर शाह आदि थिए भने सत्र जना त तत्कालै भागेका थिए । यस हत्याकाण्डमा अधिकांश बस्नेतहरू परेको हुनाले यसलाई 'बस्नेतपर्व' पनि भन्दछन् ।

जङ्गबहादुरले कोत हत्याकाण्डमा बचेखुचेका आफ्ना शत्रुहरूलाई भण्डारखालमा सखाप पारेपछि राजाबाट प्राइममिनिस्टरको पदवी पाएका हुन् (मानन्धर, २०४८ : ४४) । भण्डारखालमा गएर आफ्ना शत्रुहरूको सखाप पारेपछि जङ्गबहादुर हनुमानढोका दरबार गएर राजा, युवराज र आफ्नो शत्रुलाई नास गरेको विवरण सुनाएर राजाबाट प्राइममिनिस्टरको पदवी लिएका थिए । जङ्गबहादुरलाई प्राइममिनिस्टरको पदवी दिएको कुरा १९०४ साल जेठ ४ (४ जुन, १८४७) मा बनारसबाट राजा राजेन्द्रले नेपाल सरकारलाई पठाएको पत्रमा उल्लेख छ । पत्रकै शब्दमा 'वीरध्वज र दलमर्दनले मेरो र मेरा दुई छोराको ज्यान लिने प्रयत्न गरेका थिए । मेरो हुकुमबमोजिम मन्त्री जनरल जङ्गबहादुरले उनीहरूलाई मारी हाम्रो रक्षा गरे । यस कामदेखि खुसी भई मैले उनलाई प्राइममिनिस्टर र कमान्डर इन चिफको पदवी दिनुका साथै मुख्तियार पनि बनाएर आफैँ बनारस आएँ' (मानन्धर, २०४८ : २२–२३) ।

भण्डारखाल पर्वमा जङ्गबहादुर कुँवरलाई सहयोग गरेका पण्डित विजयराज पाँडेलाई पुरस्कारस्वरूप जङ्गबहादुरले राजाबाटै सन्तान दरसन्तानले पाउने गरी 'राजगुरु' र यिनका दाजु तीर्थराज पाँडेलाई 'राजपुरोहित'को पद प्रदान गरे (आचार्य, २०६० : ११५) । राजगुरु विजयराज र राजपुरोहित तीर्थराजलाई जङ्गबहादुरले राणाहरूको पनि गुरु र पुरोहित बनाएका थिए । अनि जङ्गबहादुरलाई सहयोग गर्ने दरबारकी दासीलाई चाहिँ उनले पत्नी बनाएर राखेका थिए (राणा, १९८० : २२) । जसलाई 'पुतली महारानी' भनिन्थ्यो । तिनै दासीबाट जङ्गबहादुरको छोरा बबरजङ्ग जन्मेका थिए ।

जङ्गबहादुरले यहाँसम्म आइपुग्दा एकतन्त्रीय तानाशाह व्यवस्थाको रूप धारणा गरिसकेका थिए । त्यसपछि त उनी देशको कमान्डर इन चिफ र प्रधानमन्त्री भए । आफ्नो हातमा देशको सम्पूर्ण अधिकार आएपछि जङ्गबहादुरले रानीलाई राजदरबारबाट नै सदाका लागि पन्छाउन आवश्यक ठाने । त्यसपछि तुरुन्तै भारदारी सभा डाकिएको थियो । सभामा सबैजसो जङ्गबहादुरकै मानिसहरू थिए । यस सभाले रानीलाई सयौँ मानिसहरूको हत्या गरेको, देशमा अशान्ति ल्याएको, युवराज र प्रधानमन्त्रीको समेत हत्या गर्ने प्रयास गरेको आदि दोष लगाइएको थियो । यसका साथै रानी नेपालमा नै रहिन् भने धनजनको सुरक्षा नहुने भएकाले उनलाई बनारस पठाउनुपर्ने प्रस्ताव पास गरेको थियो (राणा, १९८० : ८८) । यी अभियोग लागेपछि रानीको मुख्तियारीको अधिकार स्वत: खोसियो । अब रानी आफ्ना दुई छोराहरू रणेन्द्र र वीरेन्द्रलाई लिएर २३ नोभेम्बर १८४६ मा ३१ लाख नगद र १५ लाखबराबरको बहुमूल्य जबाहरात लिएर बनारसतर्फ लागिन् । उनीहरूलाई बसोबासको व्यवस्था मिलाउन र तीर्थयात्रा गर्न भनी राजा राजेन्द्र पनि महारानी र छोराहरूसँग बनारस गए (राणा, १९८० : ४९) । आफू जानुअघि राजाले आफ्नै अनुपस्थितिमा उत्तराधिकारी युवराज सुरेन्द्रलाई राजगद्दीमा बसालेका थिए । नेपालमा भएका हत्याकाण्डको कारण निर्वासित भएका उच्च तहका भारदारहरू भारतको बनारसमा गएर बसेका थिए । ती भारदारहरू गुरुप्रसाद शाह, रङ्गनाथ पौडेल, जगतबम पाँडे आदिले जङ्गबहादुरको हातमा गएको शासन आफ्नो हातमा लिन राजालाई सल्लाह दिइरहेका थिए । यता जङ्गबहादुरले राजालाई स्वदेश फर्कन आग्रह गरे तापनि राजा नेपाल फर्किन मानेनन् ।

राजाले बनारसबाट जङ्गबहादुरलाई मार्न मानिसलाई काठमाडौँ पठाएका थिए । तर जङ्गबहादुरले आफ्ना गुप्तचरबाट ती कुरा थाहा पाए । अनि उनी राजासँग चिडिए र राजा राजेन्द्रलाई राजगद्दीबाट

हटाएर १२ मे १८४७ का दिन युवराज सुरेन्द्रको राज्याभिषेक नै गरिदिए । त्यसको भोलिपल्ट राजा राजेन्द्रलाई जति आग्रह गर्दा पनि नेपाल फर्केर राजकाज चलाउन नमानेको हुँदा युवराज सुरेन्द्रलाई राजा बनाइएको हो भन्ने प्रस्ताव लेखी जङ्गी र निजामती गरी ३७० जना अफिसरहरूले हस्ताक्षर गरी त्यस प्रस्तावलाई पास गरेका थिए । जङ्गबहादुरले यो प्रस्ताव पत्र राजा राजेन्द्रलाई पनि पठाए (शर्मा, २००८ : ३१९) । उक्त प्रस्ताव पत्र पढेर जङ्गबहादुरसित राजा आगो भए । यही मौकामा बनारसमा रहेका भारदारहरूले जङ्गबहादुरको विरोधमा एउटा बलियो गुट बनाउन राजालाई सल्लाह दिन थाले ।

**अलौ पर्व**

देशबाट निष्कासन गरिएका भारदारहरूले जङ्गबहादुरको विरोधमा बनारस गएका राजा राजेन्द्रलाई उचाल्न थाले । उनीहरूको सरसल्लाहमा राजाले एउटा सानो फौजको निर्माण गरे । गुरुप्रसाद शाहले यस कार्यमा सहयोग गरेका थिए । राजा राजेन्द्रले जङ्गबहादुरको विरुद्धमा सहयोग गर्न इस्ट इन्डिया कम्पनीसँग पनि अनुरोध गरेका थिए । आफ्नो भक्त जङ्गबहादुरको विरोधमा सहयोग त के कुरा आफ्नो भूभागमा बसेर जङ्गबहादुरको विरोधमा गर्ने कार्यमा समेत इस्ट इन्डिया कम्पनी सरकारले प्रतिबन्ध लगाएको थियो । त्यसपछि राजा राजेन्द्र स्वयम्सेवक लिएर बनारसबाट वीरगन्जनजिकैको अलौ भन्ने ठाउँमा आएर किल्ला बाँधी बसे । त्यति बेला उनीसित चार रेजिमेन्ट थिए र प्रत्येक रेजिमेन्टमा ५०० जवान हुन्थे ।

राजा रणबहादुर शाह बनारसबाट भीमसेन थापासँगै नेपाल फर्कंदा नेपाली सेनाले रणबहादुरलाई देखाएको जस्तै सद्भाव राजा राजेन्द्रले पनि पाउने आशा राखेका थिए । तर त्यो सम्भवै थिएन । किनभने राजाका समर्थक र सहयोगीहरू धेरै काटिइसकेका थिए भने केही भारतमा निर्वासन भइसकेका थिए ।

राजा राजेन्द्र दलबलसहित अलौमा आएर बसेको सूचना पाउनासाथ जङ्गबहादुरले कप्तान सनकसिंह भण्डारीको नेतृत्वमा गोरखनाथ पल्टन अलौ पठाएका थिए । सनकसिंहले राजासँग सेनाको सङ्ख्या बढी भएको खबर गरेपछि जङ्गबहादुरले आफ्ना भाइ जनरल बमबहादुरको नेतृत्वमा चार रेजिमेन्ट थप सेना पठाएका थिए । आवश्यक परेमा स्थानीय जनतामा प्रभाव पार्न जङ्गबहादुरले यस फौजका साथ सुरेन्द्रका भाइ उपेन्द्रलाई पनि सेनासँगै पठाएका थिए । २७ जुलाई १८४७ भनौँ १९०४ असार १५ गते जङ्गबहादुरले पठाएको सेनाले राजा राजेन्द्रको दलबलमाथि एक्कासि आक्रमण गऱ्यो । राजाका दलबलले केही बेर कप्तान सनकसिंहको फौजसँग बहादुरीका साथ लडे तर उनीहरूको केही लागेन । राजाका पक्षबाट लड्नेमध्ये केही घाइते भए र करिब अढाई सयको ज्यानसमेत गएको थियो । बाँकी सबै भागाभाग भए । अलौमा नै रहेका गुरुप्रसाद शाह, वीरविक्रम शाह, जगतबम पाँडेलगायतहरू राजा राजेन्द्रको सुरक्षाको कुनै परबाह नगरी भागेर इस्ट इन्डिया कम्पनी सरकारको भूभागभित्र प्रवेश गरेका थिए । राजा राजेन्द्र पनि हात्तीमा चढेर त्यतैतिर भाग्दै थिए । काठमाडौँबाट गएका सेनाद्वारा उनी समातिए (शर्मा, २००८ : ३१९–२०) । राजा राजेन्द्रलाई ८ अगस्त १८४७ मा शाही कैदीको रूपमा काठमाडौँमा पुऱ्याइएको थियो । त्यसपछि उनलाई भक्तपुरको पुरानो दरबारमा राखिएको थियो । भक्तपुरमा रहँदा भेट्न आउने मानिसहरूको सहायताले भाग्ने प्रयत्न गरेकाले उनलाई काठमाडौँ ल्याएर हनुमानढोका दरबारमा नजरबन्द गरिएको थियो । यही अवस्थामा करिब ३४ वर्ष रहेर सन् १८८१ मा राजा राजेन्द्रको मृत्यु भएको थियो ।

भण्डारखाल पर्वदेखि अलौ पर्वसम्मको करिब नौ महिनाको समय जङ्गबहादुरका लागि सङ्क्रमणकाल थियो । देशभित्र युवराज सुरेन्द भारदारसँग मिल्न जान्छन् कि भन्ने उनलाई डर थियो भने

देशमा भएको हत्याकाण्डपछि निष्कासित भएर बनारस पुगेका भारदारहरूले जङ्गबहादुरका विरुद्धमा उचालिरहेका थिए । यी कुराहरू बुझेरै जङ्गबहादुरले सर्वप्रथम सुरेन्द्रको क्रियाकलापमाथि नियन्त्रण गर्न १९०३ पुसमा एउटा धर्मपत्र लेखिदिए । १९०३ असोज वदी ९ रोज २ को कोतपर्व र कार्तिक सुदी १२ रोज ७ को भण्डारखाल पर्वमा काटिएकाहरूका भाइ, छोराहरू भागेका या डाँडा कटाइएकाहरूलाई स्वदेश फिर्ता नबोलाई, उनीहरूसँग कुनै सम्पर्क नगरुन्जेलसम्म हजुरको गाथगादी कायम राखी नुनको सोझो चिताएर फौजलाई आफ्नो काबुमा राख्नेछु । यदि उनीहरूलाई स्वदेश फिर्ता बोलाई उनीहरूसँग मिलेमतो गरी मेरो विरुद्धमा कुनै षड्यन्त्र रच्ने काम भयो भने त्यसै दिनदेखि आफ्नो जीउधन बचाउनेतिर लाग्नेछु । त्यस बखत हजुरको जीउधनमा केही खलल आयो भने मलाई अपजस नदिई बक्सेला भन्ने व्यहोरा धर्मपत्रमा रहेको छ (मानन्धर, २०४८ : ४५–४६) । यसै धर्मपत्रले सुरेन्द्रको क्रियाकलापमा नियन्त्रण गऱ्यो । त्यसपछि जङ्गबहादुरले आफ्ना विरोधीहरूलाई पूर्ण रूपमा दमन गर्न सुरेन्द्रबाट कानुनी अधिकार लिने योजना बनाए । त्यहीअनुरूप १९०३ साल फागुन वदी १२ रोज ६ मा कार्यवाहक राजा सुरेन्द्रबाट एउटा अधिकार पत्र प्राप्त गरे । अधिकार पत्रमा– 'आगे श्री प्राइम मिनिस्टर यान कमान्डर इन चीफ जनरल जङ्गबहादुर कुंवर प्रति तेस्तरफ हेटौडालगायत अडा अडा वाट आश्विन वदी ९ रोज २ र कार्तिक सुदी १२ रोज ७ का दिन काटिन्याहरूका भाइ भतिजासमेत डांडो कटाइ धपायाका र भाग्याका दुस्मनहरू सबै ज्मा भै दगा गर्न आउछन् भन्या षवर मेरा हजुरमा जाहेर भयो तसर्थ श्री ५ वुवाज्यूको गाथ र मेरो गाथ येकै हामी सर्कारहरूका गाथ वचाई मेरा हकुम वेगर मेरा मुलुकमा चढि आउन्या दुस्मनहरूलाई र तेरा जियमा दगा गर्न्याहरू लाई तैले मारी दिनु भन्या हुकुम वक्स्यां मैले हुकुम वकस्याबमोजिम तेरा कमानमा जो चलैनन् तिन्हेरू लाइ जात अन्सारको सजाय गरी वकसौँला हेटौडालगायत पालपा तक र येता

सिंधुली सम्मका अडा अडा लाई चाहीन्या माफीक फौज राषी अड़ा गौडा वलियो गरी राषनु राषना लाई तं संग गयाका पल्टनले पुगेन भन्या मेरा हजूरमा बिंति गरी पठा र तैँले बिंति गरी पठायाबमोजिम पल्टनहरू पठाइ बक्सौँला' (मानन्धर, २०४८ : ४६–४७) ।

सुरेन्द्रबाट प्राप्त उक्त पूर्ण कानुनी अधिकारमा 'कोतपर्व र भण्डारखाल पर्वमा मारिने र काटिनेहरूको भाइ, छोराहरू, भतिजाहरू, जो डाँडा कटाई भागेका र धपाइएका थिए, उनीहरू एकजुट भएर बदला लिन आउँदै छन् भन्ने खबर मेरो हजुरमा आएको छ । तसर्थ मेरो बुबाज्यूको गाथ र मेरो गाथ अथवा हामी सरकारको गाथ बचाई मेरो हुकुमविपरीत मुलुकमा आउने जोकोही दुस्मनहरूलाई र तेरो जीउधनमा खलल पुऱ्याउन खोज्नेहरूलाई तैँले मारिदिनु भनी हुकुम बक्सेको छु । मैले दिएको हुकुमअनुसार तेरो आदेश नमान्नेहरूलाई जातअनुसारको सजाय बक्सौँला । हेटौँडा, पाल्पा र सिन्धुलीसम्मका अड्डाहरूमा चाहिनेजति फौज राखी गौडा बलियो बनाउनु । तँसँग भएका फौजले पुग्दैन भने मेरो हजुरमा बिन्ती पठाएर चाहिनेजति फौज लिएर जा' भन्ने व्यहोरा उल्लेख गरिएको छ ।

यसरी सुरेन्द्रबाट पूर्ण कानुनी अधिकार पत्र प्राप्त भएपछि जङ्गबहादुर कुँवर कानुनी रूपमा बलियो भएका थिए । उनले उक्त लालमोहरअनुरूप कार्य गर्न गौडागौडाका पल्टनहरूलाई आदेश पठाए । उनले आफ्ना भाइ कमान्डर कर्णेल कृष्णबहादुरलाई पठाएको पत्रमा 'ती दुस्मनहरू आइलाग्या भन्या ठोकिदिनु भन्या श्री ५ सरकारको हुकुम छ ती भरुवा बन्दुक नभएकालाई पनि मार्न सकीनस् भन्या म बहुत दिक मान्या छु तसर्थ ती भगुवा आया भन्या ठोक्न्या काम गर्नु... ।' (मानन्धर, २०४८ : ४७) । जङ्गबहादुरले उपरोक्त तरिका अपनाएर देशभित्रको परिस्थिति मजबुत पारेका थिए । उनले कान्छी रानी र राजा राजेन्द्रविक्रमको क्रियाकलापमाथि निगरानी राख्न राजेन्द्रको साथै कप्तान खड्कबहादुर कुँवर, कप्तान

धीरबहादुर कुँवर, कपरदार करवीर खत्रीजस्ता विश्वासिला भारदारहरूलाई गुप्तचरको रूपमा बनारस पठाएका थिए। उनीहरूलाई राजारानीको निगरानी राखी सबै गतिविधिहरू गोप्य रूपमा आफूलाई पठाउन कडा निर्देशन दिएका थिए। यिनीहरूले पठाएको गोप्य सूचनाले जङ्गबहादुरको हत्या गर्न आउने व्यक्तिहरू पक्राउमा परेका थिए।

जङ्गबहादुर कुनै हालतमा पनि राजा राजेन्द्रलाई राजगद्दीमा राख्न चाहँदैन थिए। तर राजा बनारसमा बसिरहँदा पनि उनका लागि खतरा नै थियो। राजालाई उनका समर्थकहरूले आफ्नो राज्यशक्ति हातमा लिन प्रोत्साहित गरिरहेकै थिए। त्यसैले उनले राजालाई नेपाल फर्काउनका लागि फकाउन कुनै कसर बाँकी राखेनन्। राजाले पनि आफू नेपाल आउनका लागि जङ्गबहादुरले राखेका सबै सर्तहरू मान्ने सहमति दिए। यसबीच राजाले जङ्गबहादुरको नाममा दुईवटा लालमोहर जारी गरिदिए। एउटा लालमोहरमा यदि आफूद्वारा जङ्गबहादुरविरुद्ध कुनै षड्यन्त्र गरेको खण्डमा युवराज सुरेन्द्रलाई राजगद्दीमा राख्ने पूर्ण अधिकार दिइएको थियो भने अर्को लालमोहरमा भविष्यमा आफूले कान्छी रानी राज्यलक्ष्मीदेवीलाई राजकाजमा कुनै स्थान नदिने वचन दिइएको थियो। राजा राजेन्द्रबाट दिइएका यी लालमोहरहरूबाट पनि जङ्गबहादुर बलियो बनेका थिए। त्यसपछि जङ्गबहादुरलाई कसैको डर पनि भएन। उनले आफ्ना जङ्गी र निजामती कर्मचारीहरूको हस्ताक्षरसहित 'श्री प्राइममिनिस्टर बजीरका आग्याले कामकाज गर्न लाग्यूँ अब देषि हजुरका हुकुमले कामकाज गर्न सक्दैनौ हजुर ञाहा पाउ लागि बक्सनु भयो भन्या अघि जनरल भीमसेन थापाका पालामा जस्तो मान मर्यादा गरि आयाका थिया सोबमोजिम हजुरको मान मर्यादा जिउनार गैह्रको टलह गर्नामा हामिहरू हाजीर छौं' भनेर अर्जी लेखेर पठाए। यो अर्जी पढेपछि राजा राजेन्द्र क्रोधित भएका

थिए । उनले सेनाको नाममा एउटा आदेश जारी गरी जङ्गबहादुर र उनका भाइहरूलाई कैद गर्न हुकुम दिए । राजा राजेन्द्रले पठाएको यस लालमोहर*ले सेनामा कुनै असर परेन, उल्टै जङ्गबहादुरले यस लालमोहरलाई आधार मानेर विधिवत् रूपमा १२ मे १८४७ का दिन सुरेन्द्रलाई नयाँ राजा घोषणा गरे (मानन्धर, २०४८ : ५३) । यसपछि राजेन्द्रले आफ्नो शासन अधिकार फिर्ता लिन निकै कोसिस गरे । अलौमा भएको उनको प्रयास असफल भयो । उनी कैदीको रूपमा आजीवन रहनुपऱ्यो ।

राजा सुरेन्द्रविक्रम शाह कमजोर र अपरिपक्व थिए । त्यही भएर त जङ्गबहादुरले अनेकौँ प्रपञ्च गरी सबै बाधा अड्चनहरू हटाएर उनलाई राजगद्दीमा राखेका थिए । यी अबोध राजा सुरेन्द्रबाट विभिन्न लालमोहरहरू प्राप्त गरी जङ्गबहादुर नेपालका वास्तविक शासक बन्न र जहानियाँ राणा शासनको जग मजबुत पार्न सफल भए ।

जङ्गबहादुरले राजा सुरेन्द्रबाट विभिन्न समयमा प्रशस्त लालमोहरहरू प्राप्त गरी परम्परादेखि राजाको हातमा निहित गरेको अधिकारहरू आफ्नो हातमा केन्द्रित गरे । ती लालमोहरहरूमध्ये १९०५ वैशाख सुदी १३ मा प्रधानमन्त्री जङ्गबहादुरले श्री ५ सुरेन्द्रबाट जङ्गबहादुर कुँवरले अबउप्रान्त 'राणा जी'थर लेख्न पाउने लालमोहर[२]* प्राप्त गरे । उक्त लालमोहरमा 'तिम्रा बुढा जिज्जु बाज्या अैराम कुँवर चाँहि हाम्रा पुर्खा नरभूपाल शाहका पालामा गोर्खा आएका रहेछ, आजतक कुँवर कहलाएका थियौँ, ...तिमीहरूका वंशावलीमा तिम्रा पुर्खाहरू कुँवर राणा जी रहेछ, ...मधेश पहाडका राजपुतहरूका हाम्रा डोला लिनु दिनु गरेका घरबाहेक आफ्ना खुसी राजीसँग छोरीहरू लेनदेन गरी विवाह वारी गर्नु, राजपुतको जो चलन चलिआएको छ सोही चलन माफिक चलन गर्नु भनी धर्मपत्र गरी तिमीलाई बक्स्यौ...' भन्ने उल्लेख छ ।

२. लालमोहरको पूर्ण अंश परिशिष्टमा राखिएको छ ।

## राजपरिवारसँग वैवाहिक सम्बन्ध

१९०५ सालको लालमोहरबाट अब जङ्गबहादुर कुँवरले 'राणाजी' थर लेख्न पाउने भए । यसका साथै जङ्गबहादुरका परिवारले राजपुत परिवारसँग वैवाहिक सम्बन्ध कायम राख्न पनि पाउने भए । राजपरिवारसँग वैवाहिक सम्बन्ध कायम राख्ने जङ्गबहादुरको पहिलेदेखिको चाहना त्यस लालमोहरले पूरा गरेको थियो । त्यसपछि जङ्गबहादुरले आफ्ना आठ वर्षका छोरा जगतजङ्गको विवाह श्री ५ सुरेन्द्रको छ वर्षकी जेठी छोरीसँग १८५४ मे अर्थात् १९१० साल वैशाख महिनामा गरिदिए । स्वयम् जङ्गबहादुरले पनि सन् १८५४ मा नै गुरुप्रसाद शाहको बहिनीसँग विवाह गरे । त्यसै गरी उनले सन् १८५५ मा आफ्ना माहिला छोरा जितजङ्गको विवाह सुरेन्द्रकी माहिली छोरीसँग गरिदिए । सन् १८५७ मा जङ्गबहादुरले आफ्नी तीन छोरीहरूको विवाह युवराज त्रैलोक्यसँग गराइदिए । त्यस्तै गरी आफ्नी दुई छोरीहरूको विवाह राजपरिवारको सदस्य वीरेन्द्र शाहसँग गरिदिए (राणा, १९७८ : ३३) । राजपरिवारसँग वैवाहिक सम्बन्ध स्थापित गरेर राणापरिवारको आर्थिक स्तर, सामाजिक स्थिति, राजनीतिक शक्ति मजबुत भयो । अब राजपरिवारसँग राणाहरूको मात्र सम्बन्ध रहने भयो । प्रजा र राजाबीचको दूरी भने बढ्दै जान थाल्यो । जङ्गबहादुरले राजा र प्रजाबीचको सम्पर्क टुटाउन कडा नियमहरू बनाए । नियमविपरीत राजासँग सम्पर्क राख्न खोज्नेहरूले ज्यानसमेत गुमाउनुपर्‍यो ।

# बमबहादुर कुँवर राणाको वृत्तिविकासको आरम्भ

बमबहादुर कुँवर राणाका पुर्खाहरू प्रारम्भदेखि नै सेनामा आबद्ध थिए । राष्ट्रनिर्माणदेखि राष्ट्रको संरक्षण र संवर्द्धनसम्ममा उनका पुर्खाको उल्लेखनीय योगदान रहेको थियो । उनका पिता बालनरसिंह कुँवर रणबहादुर शाहको अङ्गरक्षक थिए । १८६३ वैशाख १६ गते शनिबार भाइभारदारको सभामा श्री ५ रणबहादुर शाहको हत्या गरिएको थियो । रणबहादुर शाहलाई उनका सौतेनी भाइ चौतरिया शेरबहादुर शाहले आफूले कम्मरमा भिरेको तरबार झिकेर काटेका थिए (प्रसाई, २०७८ : ८०) । राति काजी खजाञ्ची त्रिभुवन प्रधानको घरमा भएको उक्त हत्याकाण्डमा कुँवरले रणबहादुर शाहको जीवन रक्षा गर्न सकेनन् तापनि रणबहादुरको हत्यारा शेरबहादुर शाहलाई घटनास्थलमा नै तरबारले काटी उनले मारेका थिए । त्यसपछि उनी दरबारको विश्वासिलो पात्र बनेका थिए ।

१८६४ असोज ३ गतेको एक पत्रमा बालनरसिंह कुँवरलाई 'काजी' भनी सम्बोधन गरी लेखिएको छ । काजी पद उनलाई शेरबहादुर शाहीको हत्यापछि दिइएको देखिन्छ ।

**बमबहादुरको जागिर**

बमबहादुर कुँवर राणाले कति वर्षदेखि जागिर सुरु गरे स्पष्ट पार्ने स्रोत भेटिएको छैन । १८८४ चैतको ज्वालामुखी देवीको

गुठीसम्बन्धी एउटा कस्यपत्र[1]मा बमबहादुर कुँवरलाई 'काजी' भनी सम्बोधन गरिएको छ ।

बमबहादुर कुँवरलाई 'काजी' पदबारे एउटा आश्चर्यको कुरा पनि रहेको छ । कुरा के हो भने बमबहादुर कुँवरको जन्म १८७५ असार ७ गते भएको थियो । १८८४ सालमा त यिनी नौ वर्षका देखिन्छन् । नौ वर्षको उमेरमा नै यिनले काजी पद कसरी प्राप्त गरेका थिए ?

प्रकाश दर्नालले बमबहादुर कुँवरले सेनाको सुबेदार पदबाट जागिर सुरु गरेका थिए भनेका छन् (दर्नाल, २०६१ : ३२–५३) । उनका दाजु जङ्गबहादुरले पनि १८८८ सालमा १४ वर्षको उमेरमा सेनाको सुबेदार पदमा जागिर खान सुरु गरेका थिए (वैद्य र अरू, २०५६ : २७) । यसको आधारमा बमबहादुरले पनि तेह्रचौध वर्षकै उमेरदेखि जागिर खान थालेको हो भनिएको हुन सक्दछ । यससम्बन्धी स्पष्ट पार्ने स्रोत भने भेटिएको छैन ।

ऋसेन्द्रविक्रम राणाका अनुसार बमबहादुर कुँवर सानैदेखि पढाइमा तेज थिए । हिसाबमा सिपालु भएका कारण उनले कुमारीचोक विभागमा लेखनदासको जागिर पाएका थिए । पछि उनी कुमारीचोककै तालुकवाला हाकिम भए ।[2] कुमारीचोक राष्ट्रिय राजस्वको लेखापरीक्षण गर्ने विभाग हो । हिसाबकिताब दुरुस्त राख्न हिसाब जान्ने मान्छेलाई त्यस विभागको कर्मचारीमा नियुक्त गरिन्थ्यो । बमबहादुर हिसाबमा सिपालु भएकाले त्यस विभागमा जागिर पाए भन्ने राणाको भनाइ हो तर यस भनाइलाई पुष्टि गर्ने अन्य स्रोत भने पाइएको छैन । बरु कुँवर राणाजीहरूको बृहत् वंशावलीमा जङ्गबहादुर कुँवर १८९९ साल वैशाखमा कुमारीचोकको काजी पदमा नियुक्त भएका थिए भन्ने उल्लेख छ (वैद्य

१. कस्यपत्रका नकल परिशिष्टमा राखिएको छ ।

२. बमबहादुर कुँवर राणाा पाँचौँ पुस्ताका ऋसेन्द्रविक्रम राणा (८७ वर्ष) सँग उहाँकै निवास वसुन्धरामा गरिएको कुराकानीको आधारमा ।

र अरू, २०५६ : २७) । अघिल्लो परिच्छेदमा भनिसकिएको छ– 'जङ्गबहादुरले मुस्किलले आफ्नो नाम मात्र लेख्न सक्दथे ।' यस्ता व्यक्तिलाई कुमारीचोकजस्तो विभागमा काजी पदमा कसरी राखियो ? सोचनीय कुरा छ, बरु बमबहादुरलाई त्यस समय कुमारीचोकमा काजी पदमा राखिएको हुन सक्छ कि ! हुन त चाकडी र चाप्लुसी गरेर आफ्नो काम लिने तत्कालीन समयमा जङ्गबहादुरजस्ता चतुर र महत्त्वाकाङ्क्षी व्यक्तिले राजा राजेन्द्र र युवराज सुरेन्द्रलाई खुसी पारेर त्यस विभागको काजी पद लिएको पनि हुन सक्दछ । १८९९ साल फागुन सुदि १५ मा बमबहादुर कुँवर राणाले पाल्पाबाट राजा राजेन्द्रलाई लेखेको अर्जी[३] छन् । अर्जीअनुसार उनी राजाको हुकुमले पाल्पा काजमा गएको देखिन्छ । तर त्यस समय उनी कुन पदमा थिए भन्ने तथ्य पत्रमा खुलेको देखिँदैन ।

त्यसै गरी बमबहादुर कुँवरलाई १९०० चैत वदी ८ रोज ३ का दिन श्री ५ राजेन्द्रबाट जारी भएको रुक्का[४]मा '...कप्तान बमबहादुर कुँवर १९०० सालमा श्री सेर पल्टनको कपतानी दर्जा गरी पाल्पा गैथिस, अब श्री सेर पल्टन पनि याहि राख्याको छ तेरो पनि थमौति गरिबक्सेको छ । यो बोलाहाटको लालमोहर पुगनि मात्र तँ चाडो आइ श्री सेर पल्टनमा सामेल हुन्या काम गर...' भन्ने बेहोरा उल्लेख छ । यसमा बमबहादुर कुँवर १९०० सालमा श्री सेर पल्टनमा कप्तान पदमा भर्ती भएका, श्री सेर पल्टन पाल्पाबाट काठमाडौँमा आएको र त्यस वर्षको पजनीमा उनी थमौती भएकाले पाल्पामा नै रहेका बमबहादुरलाई काठमाडौँ आएर पल्टनमा सामेल हुने राजाबाट हुकुम भएको छ । बमबहादुर कुँवर पाल्पाबाट काठमाडौँ आएर श्री सेर पल्टनमा कति समय जागिरे भए भन्ने तथ्य थाहा पाउन सकिँदैन ।

---

३. अर्जीको पूर्ण पाठ परिशिष्टमा राखिएको छ ।
४. कस्यरुक्का नकल परिशिष्टमा राखिएको छ ।

बमबहादुर कुँवर १९०२ जेठ २४ मा कलकत्ताका लागि नेपालको वकिल (वाणिज्यदूत) भएर गएका थिए (कार्की, २०६६ : २) । जनरल माथवरसिंह थापा प्रधानमन्त्री भएको समयमा यिनी वाणिज्यदूत भएर इस्ट इन्डिया कम्पनीमा गएका थिए । यिनी ज्यादै मिजासिला र नरम स्वभावका थिए । यिनले कलकत्तामा वाणिज्यदूत भएर बस्दा अङ्ग्रेजसँग राम्रो सम्बन्ध राखेका थिए । यिनीसँगको सम्बन्धले गर्दा पछि जङ्गबहादुरलाई अङ्ग्रेजसँग सम्बन्ध स्थापित गर्न सजिलो पनि भएको थियो । उनलाई अङ्ग्रेजले विश्वास गरे । बमबहादुर लेखपढमा राम्रा थिए । उनलाई अङ्ग्रेजी, उर्दू, बङ्गाली सबै भाषा लेख्न र बोल्न आउँथ्यो । त्यसैले उनलाई प्रधानमन्त्री (आफ्नै मामा)को सिफारिसमा राजाले कलकत्ताका लागि वाणिज्यदूत बनाएर पठाएका थिए । वाणिज्यदूत बनेर गएको समयमा उनी बङ्गालमा बसेका थिए । उनले पटनामा अलैँचीको कोठी खोलेर नेपालबाट अलैँची निर्यात गरी त्यहाँ बेच्ने गर्दथे । यसबाट उनलाई निकै फाइदा हुन्थ्यो । उनी वाणिज्यदूत भएर बसेको समयमा काशीको विश्वनाथ मन्दिरमा मूल पण्डा या भनौँ पुजारी राख्नेसम्बन्धी आएको समस्या यिनले समाधान गरिदिएका थिए । पहिलादेखि नै विश्वनाथ मन्दिरको मुख्य पुजारी नेपाली रहेछन् । मूल पण्डाको चेलाहरू पनि नेपाली नै रहेछन् । पण्डाको मृत्युपछि उनका चेलाहरूबीच को पण्डा बन्ने भन्ने विषयमा मुद्दा परेको थियो । इस्ट इन्डिया कम्पनीले यो नेपालीबीचको विवाद हो भनेर वाणिज्यदूतको रूपमा रहेको बमबहादुर कुँवरलाई मुद्दाको छिनोफानो गर्ने जिम्मा दिइएको थियो । यस समस्याको समाधानका लागि बमबहादुरले सबैसँग सल्लाह लिए । धेरैको सल्लाह जसले वाणिज्यदूत बमबहादुरलाई धेरै नजराना दिन्छ, उसैलाई विश्वनाथ मन्दिरको पण्डा बनाउने थियो । सल्लाहअनुसार बमबहादुरले तीन लाख कम्पनी पैसा नजराना लिएर उनीहरूमध्येकै एक जनालाई विश्वनाथ मन्दिरको मूल पुजारी या पण्डा नियुक्त गरी सबै मिलेर

काम गर्न आदेश दिएका थिए ।[५] यसरी बमबहादुर कुँवर राणाले विश्वनाथ मन्दिरमा पण्डासम्बन्धी समस्याको समाधान गरी व्यक्तिगत रूपमा उल्लेख्य आर्थिक फाइदा लिएका थिए । बमबहादुर कुँवर राणा नेपालको वाणिज्यदूत भएर कलकत्तामा कति वर्ष बसे थाहा हुन सकेन । कोतपर्व, भण्डारखाल पर्व, अलौपर्वजस्ता महत्त्वपूर्ण घटनाहरूमा बमबहादुर जङ्गबहादुरसँगै रहेर दाजुलाई सहयोग गरेका थिए । त्यसैले यिनी माथवरसिंह थापा प्रधानमन्त्री भएको अवधिभर मात्र भारतका लागि नेपालको वाणिज्यदूत भएर बसेका थिए ।

१९०२ साल वैशाख (१७ मे, १९४५) मा माथवरसिंह थापाको हत्या भएपछि राजा राजेन्द्रले बनारसमा बसिरहेका फत्तेजङ्ग शाहलाई काठमाडौँ बोलाएर १९०२ असोज (२३ सेप्टेम्बर १९४५) मा मुख्तियार पदमा नियुक्त गरे । फत्तेजङ्ग शाह आफैँमा आत्मबल बलियो भएका व्यक्ति थिएनन् । त्यसमा पनि उनी यस्तो समयमा मुख्यियार नियुक्त भए जब दरबारभित्र शक्ति प्राप्तिका लागि विभिन्न गुटहरू राजनीतिक चलखेल गरिरहेका थिए । यिनको मन्त्रिमण्डलमा जनरल अभिमानसिंह राना, जनरल गगनसिंह भण्डारी, जनरल जङ्गबहादुर कुँवर, काजी दलभञ्जन पाँडे आदि थिए । यस मन्त्रिमण्डलका सदस्यहरूमा गगनसिंह भण्डारीचाहिँ मुख्तियारभन्दा धेरै शक्तिशाली थिए । जङ्गबहादुर भने पहिलो पटक यस मन्त्रिमण्डलमा समावेश भएका थिए । त्यसपछि नै जङ्गबहादुरको सत्तामा आउने ढोका खुलेको थियो । अनि मात्र जङ्गबहादुरका भाइहरू पनि राजकाजमा संलग्न भएका थिए । यसै क्रममा जङ्गबहादुरले भाइ रणेद्दीपसिंह र जगतशमशेरलाई कप्तान दर्जा दिएका थिए । उनले दाजु भक्तवीर कुँवरलाई पनि

---

५. ऋसेन्द्रविक्रम राणा, बमबहादुर कुँवर राणा (८७ वर्ष) सँग उहाँकै निवास वसुन्धरामा गरेको कुराकानी ।

कप्तानको दर्जा दिएका थिए (बृहत् वंशावली २०५६ : ३७) । त्यसै गरी भाइ बमबहादुर कुँवरलाई पनि सेनामा काजी पद दिएका थिए (वैद्य, मानन्धर, बस्न्यात, २०६५ : ४२२) । जुनसुकै परिस्थितिमा पनि आफ्नो अनुकूल बनाउन सक्ने खुबी जङ्गबहादुरमा थियो । त्यसैले त कोत हत्याकाण्डपछि जङ्गबहादुर एक शक्तिशाली शासक बन्न पुगे र उनी जहानियाँ राणा शासनको शुभारम्भ गर्न सफल भए ।

# कमान्डर इन चिफ बमबहादुर कुँवर राणा

जङ्गबहादुर राणा सत्तामा आउनुअघि उनका भाइहरूका बारेमा त्यति चर्चा थिएन । जङ्गबहादुर सत्तामा आएपछि नै उनका भाइहरूले विभिन्न दर्जा पाएका थिए । १९०३ असोज ९ गते राति भएको कोत हत्याकाण्डको समयमा जङ्गबहादुरका भाइहरू एक ढिक्का भएर चौतरियाहरूसँग लडेका थिए । भाइहरू र आफ्ना विश्वस्त भारदारहरूको साथ सहयोग र इमानदारिताले गर्दा जङ्गबहादुरले आफ्ना विपक्षीहरूलाई दमन गर्न सफल भए ।

कोतको पटाङ्गिनीमा राजारानीका साथै सबै भाइभारदारहरू जमघट भइसक्दा पनि देशको मुख्यितार फत्तेजङ्ग शाह आएका थिएनन् । जङ्गबहादुरले उनलाई बोलाउन आफ्नो भाइ बमबहादुरलाई उनको घर पठाएका थिए । त्यसपछि राजा राजेन्द्र पनि मुख्तियारलाई बोलाउँछु भनी कोतबाट बाहिर निस्किएका थिए । राजा भने कोतबाट बाहिरिएपछि फर्केर आएनन् । कोतको पटाङ्गिनीमा अभिमानसिंह रानाको हत्यापछि शृङ्खला सुरु भएको थियो । मुख्तियार फत्तेजङ्ग शाहका छोरा चौतरिया खड्कविक्रम र जङ्गबहादुरका भाइ कृष्णबहादुरबीच भनाभन भएपछि खड्कविक्रमले कृष्णबहादुरमाथि तरबार प्रहार गरेका थिए । भाइलाई बचाउन बमबहादुरले म्यानबाट तरबार निकाल्न खोज्दा उनीमाथि पनि खड्कविक्रमको तरबार प्रहार भयो तर त्यो तरबार दलिनमा ठोक्कियो । खड्कविक्रमले फेरि बमबहादुरलाई हान्न तरबार

उचालेको बेला कान्छा भाइ धीरशमशेरले नै तरबार हानी खड्कविक्रमलाई दुई टुक्रा पारिदिए । यसरी धीरशमशेरले दाजु बमबहादुरलाई बचाएका थिए ।

केही इतिहासकारहरूले कोत हत्याकाण्डमा मुख्तियार फत्तेजङ्ग शाह, जनरल अभिमानसिंह रानालगायत उच्च तहका भारदारहरूको हत्या भइसकेपछि घटनास्थलमा नै रानी राज्यलक्ष्मीदेवीले जङ्गबहादुर कुँवरलाई कमान्डर इन चिफ पद र त्यसको दुई दिनपछि औपचारिक रूपमा राजा राजेन्द्रको आदेशद्वारा प्राइममिनिस्टरको पदवी दिइन् भन्ने लेखेको पाइन्छ (आचार्य, २०६१ : १०८) । तर ऐतिहासिक स्रोतहरूको आधारबाट कोत हत्याकाण्डको लगत्तै जङ्गबहादुरलाई कमान्डर इन चिफको पदवी मात्र दिएको देखिन्छ । जसअन्तर्गत कोतपर्वदेखि भण्डारखाल पर्वसम्म लेखिएको पत्रहरूमा उनले आफूलाई कमान्डर इन चिफ जनरल भनी लेखेका छन् । त्यसैले कोतपर्वपछि जङ्गबहादुर रानी राज्यलक्ष्मीदेवीबाट कमान्डर इन चिफको पदवी मात्र पाएका थिए । कोतपर्वको दुई दिनपछि अर्थात् १९०३ असोज ११ गते जारी भएको एक लालमोहरमा जङ्गबहादुरलाई पजनीको अधिकार प्रदान गरिएको उल्लेख छ (मानन्धर, २०४८ : २४) । आफ्नो हातमा पजनीको अधिकार आएपछि दसैँको समयमा गरिएको पजनीमा मुख्तियार जङ्गबहादुरले आफ्ना सबै भाइहरूलाई प्रशासनमा महत्त्वपूर्ण स्थानमा राखेका थिए । यही क्रममा भाइ बमबहादुरले कौसी तोषाखानाको हाकिमको जिम्मेवारी पाएका थिए । बद्रीनरसिंह कुँवरलाई कुमारीचोक हिसाबकिताबको जिम्मेवारी, कृष्णबहादुरले कर्णेल दर्जा पाएपछि १९०४ सालमा पाल्पा गौडा तैनाथी पाए । उनले दुई वर्षसम्म पाल्पा गौडाका प्रमुख भएर त्यहाँ बसी प्रशासन हेर्ने काम गरे । त्यसै गरी रणोद्दीपसिंहलाई वार्षिक नगद दुई हजार दुई सय पाउने गरी श्रीनाथ कम्पु तथा पुराना गणेश पल्टनमा कप्तानी मानको पगरी दिए (वैद्य र अरू, २०५६ : ३२–३५) ।

कोत हत्याकाण्डपछि रानी राज्यलक्ष्मीदेवीले युवराज सुरेन्द्र र उपेन्द्रलाई कैद गर्न जङ्गबहादुरलाई आदेश दिएकी थिइन् । उनले रानीको आदेश पालना गरे भने आफ्ना भाइहरू बमबहादुर र जगतशमशेरलाई युवराजहरूको हेरविचार गर्न र सुरक्षा प्रदान गर्ने जिम्मा पनि दिएका थिए । युवराजहरूमाथि अकस्मात् रूपमा आक्रमण हुन सक्ने सम्भावना देखेर त्यसबाट बचाउनका लागि जगतशमशेरको तैनाथीमा दुई पल्टन फौजको पनि व्यवस्था गरिएको थियो । त्यसै गरी जङ्गबहादुरले आफ्ना कान्छा भाइ धीरशमशेरलाई श्रीनाथ कम्पु र देवीदत्त पल्टनमा कप्तानी दर्जा दिएका थिए (वैद्य र अरू, २०५६ : ३९) । त्यसै गरी भाइ जयबहादुर कुँवरले पहाड बन्दोबस्त तैनाथी पाएका थिए (आचार्य, २०६१ : १०८) ।

कोतपर्वमा बचेखुचेका जङ्गबहादुरका शत्रुहरू ३१ अक्टोबर १८४६ ई. अथवा १९०३ कात्तिक १७ गते घटेको भण्डारखाल पर्वमा सखाप भए । त्यसपछि जङ्गबहादुर राजाबाट प्रधानमन्त्रीको पदवी लिन सफल भए । जङ्गबहादुर प्रधानमन्त्री भएपछि उनका माहिला भाइ बमबहादुर कुँवर राणाले कमान्डर इन चिफ जनरल पदवी पाए (दर्नाल, २०६१, ३२–५३) । १९०४ मङ्सिर १३ गतेको कस्यपत्र श्री प्राइमिनिस्टर यान कमान्डर इन चिफ जनरल जङ्गबहादुर कुँवर, श्री कमान्डर इन चिफ जनरल बमबहादुर कुँवर, श्री सुब्बा रामनाथ उपाध्याय, सुवा उमानाथ उपाध्यायले जारी गरेको हो । यो बिर्तासम्बन्धी कस्यपत्र हो । यसमा प्राइम मिनिस्टर यान कमान्डर इन चिफ जनरल जङ्गबहादुर र कमान्डर इन चिफ जनरल बमबहादुरको छुट्टाछुट्टै छाप लगाएको छ (राष्ट्रिय अभिलेखालय, K590/2)। त्यसै गरी १९०५, जेठ १४ गते राजा सुरेन्द्रबाट जारी भएको रुक्कामा बमबहादुरलाई श्री मद्रासकुमार कुमारत्मज कमान्डर इन चिफ जनरल बमबहादुर राणाजी भनी सम्बोधन गरिएको छ । यो रुक्का बमबहादुर कुँवर

राणाजी र खजाञ्ची शिवप्रसाद अर्याललाई लेखिएको हो । यसमा राजपरिवारका सदस्यहरू (श्री माहिला भाइ (उपेन्द्रविक्रम शाह), श्री माहिला बुहारी, श्री जेठा बैन्ही र श्री कान्छा बैन्ही) लाई मासिक रूपमा पोसाकका लागि कपडा, फर्मायसी खर्च र अन्य खर्चहरू, तोषाखानाबाट जाने गरेकोमा १९०५ साल जेठ १ गतेदेखि सरकारबाट जागिर र जग्गा भर्ना दिइएकाले अबदेखि तोषाखानाबाट दिनु पर्दैन भनी बन्देज लगाइएको र यस बन्देजलाई नमान्नेहरूले नश्रवत बुझाउनुपर्ने छ भन्ने कुरा उल्लेख छ । त्यतिखेर बमबहादुर कौसीतोषाखानाको हाकिम थिए । १९०५ जेठ १४ गतेसम्म पनि उनी यसै विभागमा हाकिम रहेको कुरा यस कस्य रुक्का*ले देखाउँदछ । काजी पदबाट सेनामा जागिर सुरु गरेका बमबहादुर कुँवर १९०५ असोज १ गते सैनिक कमान्डरी किताबखाना स्थापना हुँदा उनी जनरल भइसकेका थिए (वैद्य, मानन्धर, बस्न्यात, २०६५ : ४२२) । सैनिक कमान्डरी किताबखाना सैनिकहरूको तथ्याङ्क राख्न स्थापना गरिएको थियो ।

जङ्गबहादुरले स्थापना गरेको जहानियाँ राणा शासन व्यवस्थामा प्रधानमन्त्रीपछि दोस्रो शक्तिशाली पदको रूपमा कमान्डर इन चिफ थियो । प्रधानमन्त्रीको अनुपस्थितिमा कायममुकायम प्रधानमन्त्रीको रूपमा सम्पूर्ण शासन सञ्चालन कमान्डर इन चिफले नै चलाउने व्यवस्था थियो । प्रधानमन्त्री जङ्गबहादुर १९०६ मा युरोपको भ्रमणमा गएको समयमा करिब १३ महिना कमान्डर इन चिफ बमबहादुर कायममुकायम प्रधानमन्त्री भएर सम्पूर्ण शासन चलाएका थिए । त्यस्तै गरी १९११ माघ ६ का दिन बमबहादुर कुँवरलाई 'मिनिस्टर' दर्जा दिएर तिब्बतसँगको युद्धमा 'केरुङ' कब्जा गर्न फौजको नेतृत्व गरी १९११–१९१२ सालको नेपाल तिब्बत युद्धमा पठाएको थियो (नेपाली, २०७८ : ४२–४३) । १९१३ असारको एक कस्यपत्रमा

* कस्य रुक्काको नकल परिशिष्टमा राखिएको छ

उनलाई श्री मिनिस्टर जनरल बमबहादुर कुँवर राणाजी भनेर सम्बोधन गरिएको छ ।

बमबहादुर कुँवर राणाले १९०३ कात्तिकदेखि १९१३ साउन १८ गतेसम्म झन्डै दस वर्ष (यसबीच झन्डै चौध महिना कायममुकायम प्रधानमन्त्रीको पद सम्हालेका थिए ।) कमान्डर इन चिफ जनरलको पदमा रहेर कार्य गरे । उनले गरेका कार्यमध्ये 'दलान कचहरी'नामक नयाँ अड्डा पनि पर्दछ । यो अड्डा सरकारी कर्मचारीको भ्रष्टाचारसम्बन्धी अनुसन्धान गर्न स्थापना गरिएको थियो (वैद्य र अरू, २०५६ : ३१) । यस अड्डाका हाकिम डिट्ठा हुन्थे । उक्त डिट्ठालाई राणाहरूले बिर्ता दिएका थिए ।

बमबहादुर कुँवर राणाले प्रधानमन्त्रीको कुर्सीमा बसेर निक्कै काम गरेका थिए । तर उनले गरेका धेरै कार्यहरू प्रकाशमा आउन भने सकेको छैन ।

# नेपाल र तिब्बतको युद्धमा बमबहादुर कुँवर राणा

नेपाल र तिब्बत (भोट)बीचको सम्बन्ध धेरै पुरानो हो । तर अठारौँ शताब्दीमा बहादुर शाहको मुख्तियार कालमा दुई पटक र उन्नाइसौँ शताब्दीमा जङ्गबहादुर राणा प्रधानमन्त्री भएको समयमा एक पटक गरी तीन पटक नेपाल र तिब्बतबीच युद्ध भएको थियो । तिब्बतसँग भएको पहिलो युद्धमा विजय भए तापनि दोस्रो युद्धमा नेपालले पराजय हुनु पऱ्यो । दोस्रो युद्धमा चीनले नेपालको विरुद्धमा तिब्बतलाई सहयोग गरेको हुनाले तिब्बत विजय भएको थियो । उक्त युद्ध सन् १७९२ को बेत्रावती सन्धिपछि टुङ्गिएको थियो । मध्यकालदेखि नै नेपालले तिब्बतमा धेरै विशेषाधिकारहरू पाएको थियो । तर बेत्रावती सन्धिद्वारा नेपालले पाएको धेरै विशेषाधिकारहरू गुमाउनु पऱ्यो । त्यसबाहेक सन्धिबमोजिम नेपालले हरेक पाँच वर्षमा चीनको बादशाहको सम्मानमा सौगात लिएर एउटा प्रतिनिधि मण्डल चीन पठाउँदै रह्यो (मानन्धर र मिश्र, १९८६) । सन् १७९२ देखि १८४६ सम्म नेपाल र चीनबीचको सम्बन्ध त्यति नराम्रो रहेन । त्यस समय नेपाल आफ्नै देशको राजनीतिक अस्थिरता र ब्रिटिस इन्डियासँगको युद्ध आदि विषयमा अल्झिरहेको थियो ।

ई. १८४६ मा कोतपर्वबाट नेपालको राजनीतिमा शक्तिशाली शासकको रूपमा जङ्गबहादुर राणाको उदय भयो । त्यसपछि एक हिसाबले भन्ने हो भने देशले राजनीतिक निकास पायो । जङ्गबहादुरले

ब्रिटिस इन्डियासँग पूर्ण रूपमा मैत्री सम्बन्ध कायम गरेका थिए । तिब्बतसँगको सम्बन्धमा पनि उनले चासो राख्न थालेका थिए । किनभने बेत्रावती सन्धि भएको केही समयपछिदेखि नै तिब्बतले नेपालको सिमाना अधिकरण गर्न थालेको थियो । ल्हासामा रहेका नेपाली व्यापारीहरूमाथि लुटपाट गर्ने, नेपाली व्यापारीहरूको पसलमा आगो लगाइदिने, ससाना कुराहरूमा पनि निहुँ खोजेर नेपाली व्यापारीहरूसँग झगडा गर्ने, केही नेपाली व्यापारीको त भोटेहरूले हत्या नै पनि गरिदिएका थिए । भोटेहरूले गरेको यस्ता दुर्व्यवहारहरूबाट तिब्बतमा रहेका नेपालीहरूले दुःख पाइरहेका थिए । ल्हासामा रहेका नेपाली वकिलले त्यहाँ हुने समस्यालाई समाधान गर्न खोज्दा तिब्बतसँग चर्काचर्की परेको हुँदा तिब्बतले नेपाली वकिललाई नै काठमाडौँ फिर्ता पठाइदिएको थियो ।

तिब्बतले नेपालप्रति गरेको यस्ता खालका दुर्व्यवहारहरूबाहेक अर्को अमानवीय व्यवहार पनि तिब्बतले नेपालीहरूसँग गरेकै थियो । जसले गर्दा जङ्गबहादुर तिब्बतसँग युद्ध गर्ने निर्णयमा पुगे । अनि त्यो विषयचाहिँ चीन सरकारलाई सौगात बुझाउँदै आएका नेपाली प्रतिनिधि मण्डललाई तिब्बतीहरूले गरेको दुर्व्यवहार थियो । बेत्रावती सन्धिदेखि नै नेपालले प्रत्येक पाँच वर्षमा चीन सरकारलाई सौगात टक्र्याउन एउटा नेपाली प्रतिनिधि मण्डल चीन पठाउँदै आएको थियो । त्यही क्रमलाई निरन्तरता दिएर जङ्गबहादुरले १९०९ साल अर्थात् अगस्त, १८५२ मा सरदार गम्भीर सिंहको नेतृत्वमा नेपाली टोली सौगात लिएर पेकिङ पठाएका थिए ।

नेपाली टोलीले पेकिङमा धेरै समस्याहरू भोग्नुपर्‍यो । चीनमा त्यति बेला ताइपिङ विद्रोह चलिरहेकाले उनीहरू निकै घुमाउरो बाटो भएर तिब्बतको भूमिमा पुगेका थिए । तिब्बतमा भोटेहरूले नेपाली प्रतिनिधि मण्डलका सदस्यहरूलाई खाद्यान्न र यातायातका साधनहरू पनि दिएनन् । तिब्बतका विभिन्न प्रान्तमा उनीहरूलाई

भोटेहरूले लुटपाट गर्ने, कुट्ने, गिरफ्तार गर्नेजस्ता अत्यन्त निन्दनीय व्यवहार गरे (उप्रेती, १९८० : ६२) । तिब्बतमा रहेका चिनियाँ अम्बानहरूले पनि नेपाली प्रतिनिधि मण्डलको सुरक्षा गर्नुपर्नेमा बेवास्ता गरे । वास्तवमा बेत्रावती सन्धिअनुसार सौगात लिएर जाने नेपाली प्रतिनिधि मण्डललाई नेपाली सिमाना पार गर्नेबित्तिकै तिब्बत र चीनले उनीहरूलाई आवश्यक सबै सुविधा दिएर धनजनको सुरक्षा गर्नुपर्दथ्यो, तर त्यो भएन । सामान्यतया नेपाल छाडेको अठार महिनामा प्रतिनिधि मण्डलको सदस्यहरू नेपाल आइपुग्ने गर्दथे । तर गम्भीर सिंहको नेतृत्वमा गएको नेपालीमण्डल करिब एक्काइस महिना भनौँ मे १२, १८५४ मा बल्ल काठमाडौँ, बालाजु आइपुगे । त्यसमा पनि एक जना भीमसेन राना मात्र नेपाल फर्कन सफल भए (उप्रेती, १९८० : ६२–६३) । टोलीका अन्य सदस्यहरू सबै भोटेहरूको ज्यादतीले गर्दा तिब्बती भूमिमा ज्यान गुमाउन बाध्य भए ।

तत्कालीन समयमा पनि नेपालको सिमानाभन्दा बाहिर गएर आउने जोकोही सीधै घर जान पाउँदैनथे । उनीहरू सोह्रखुट्टेको पाटीमा केही समय क्वारेनटाइनमा बस्नुपर्दथ्यो । यसरी बस्नेलाई जलग्रह भनिन्थ्यो । भीमसेन राना पनि सोहीअनुसार उक्त पाटीमा बसेका थिए । उनले प्रधानमन्त्रीलाई आफू आएको खबर पठाएपछि आफैँ उक्त पाटीमा गएर भीमसेन रानालाई जङ्गबहादुरले भेटेका थिए । उनले तिब्बतमा भोगेका सबै दुःख, कष्ट र प्रतिनिधि मण्डलका अन्य सदस्यहरूको देहान्तको बेलिविस्तार प्रधानमन्त्रीलाई सुनाए । यो सुनेपछि आफ्नो राष्ट्रप्रति गरेको अपमान र आफ्नो जनतालाई गरेको दुर्व्यवहारको हिसाबकिताब युद्धले गर्नेछ भन्ने निर्णयमा जङ्गबहादुर पुगेका थिए । तर तिब्बतसँग युद्ध गरेर विजयी हुनका लागि दुईवटा शक्तिराष्ट्रहरू चीन र इस्ट इन्डिया कम्पनी तटस्थ रहन आवश्यक थियो । यो कुरा जङ्गबहादुरले राम्रोसँग बुझेका थिए । अङ्ग्रेजसँग त जङ्गबहादुरले घनिष्ठ सम्बन्ध बनाइसकेका

थिए । उनलाई डर चीनको थियो, तर चीनमा त्यस समय ताइपिङ विद्रोह चर्केकाले चीन आन्तरिक समस्यामा नै गुज्रिरहेकाले उसले तिब्बतलाई सहयोग गर्ने अवस्थामा थिएन । यो उपयुक्त मौका भएकाले जङ्गबहादुरले तिब्बतमा आक्रमण गर्ने तयारी गोप्य रूपमा गर्न थाले । तर बिनाकुनै सूचना अर्को देशमा आक्रमण गर्नु भनेको कूटनीतिक मर्यादाभन्दा विपरीत हुने भएकाले जङ्गबहादुरले तिब्बत सरकारसँग केही मागहरू राखे । जसमध्ये नेपालीहरूलाई भोटले गरेको दुर्व्यवहारको क्षतिपूर्तिको रूपमा भोटले नेपाललाई हर्जनास्वरूप एक करोड रुपियाँ बुझाउनुपर्ने; केरुङ, कुती, ताकलाकोटलगायत भोटले अवैध रूपमा कब्जा गरेको नेपाली भूभाग नेपाललाई फिर्ता गर्नुपर्ने कुरा प्रमुख रूपमा उठाइएको थियो । यी मागहरूको बेवास्ता गरेमा नेपालले तिब्बतमाथि आक्रमण गर्ने चेतावनी दिएर तिब्बत सरकार र चिनियाँ अब्बाहरूलाई जङ्गबहादुरले पत्र पठाएका थिए । चीनले तिब्बतलाई सहयोग गर्दछ कि भन्ने कुरामा जङ्गबहादुर सतर्क नै थिए । त्यसैले उनले चीन सरकारलाई छुट्टै पत्र पठाएर नेपालले बाध्य भएर भोटमाथि आक्रमण गर्नुपरेको हो, यसले नेपाल र चीनको सम्बन्धमा कुनै असर पर्ने छैन भन्ने कुरा पत्रमा उल्लेख गरेका थिए (मानन्धर, २०४८ : १०२) । भोट सरकार ल्हासामा रहेका नेपाली व्यापारीहरूप्रति अबदेखि राम्रो व्यवहार गर्ने र दोषी व्यक्तिहरूमाथि कारवाही गरी सजाय दिने कुरामा सहमति भयो । तर नेपालले मागेको हर्जना र कुती, केरुङलगायतका भूभागहरू नेपाललाई फिर्ता नदिने कुरामा अडिक रह्यो । भोट सरकारको जबाफबाट असन्तुष्ट भएका जङ्गबहादुरले तीव्र रूपमा युद्धका तयारी सुरु गरे । सेनामा नयाँ जवानहरू भर्ती गरी युद्धसम्बन्धी आवश्यक तालिम दिइयो । अख्तियार, खाद्यसामाग्री सङ्कलन र भण्डार व्यवस्थापन तथा भोटतर्फ जाने बाटोघाटो मर्मत गर्ने कार्य सुरु भयो । छोटो समयमा नै चौध हजार नयाँ पैदल सेना, एक हजार दुई सय घोडचडी सेनाका साथै १२ पाउन्डका ८० वटा छोटो

दूरीमा गोला हान्ने तोप र ६ पाउन्डका २४ वटा लामो दूरीमा गोला हाल्ने तोप निर्माण गरे । यसका साथै ठूलो सङ्ख्यामा बज्रतोप र पहाडको उकालोमा गोला हान्ने तोपहरू, पाल तथा अन्य जङ्गी बन्दोबस्तीका सामानहरू तयार पारिए । भोटसँग युद्ध गर्न हिमाल कटेर जानुपर्ने भएकाले जाडोमा लगाउने वस्तु र दोचा तयार गर्न पनि जङ्गबहादुरले उर्दी जारी गरे (राणा, सन् १९८० : १७५) । उनले पूर्व र पश्चिम जिल्लाका कमान्डरहरूलाई पत्र पठाएर आआफ्नो क्षेत्रमा कम्तीमा पाँचपाँच हजार सैन्यबल तयार राख्न निर्देशनसमेत दिएका थिए । खाद्यान्न व्यवस्थापनका लागि तराईबाट भारततिर हुने निर्यातलाई रोकेर त्यो खाद्यान्न सरकारको तर्फबाट खरिद गर्ने र खाद्यान्न बेच्ने व्यक्तिले नै आफ्नै खर्चमा सम्बन्धित ठाउँमा खाद्यान्न पुऱ्याउने व्यवस्था पनि जङ्गबहादुरले गराएका थिए (मानन्धर, २०४८ : १०२–१०५) । जङ्गबहादुर चतुर र महत्त्वाकाङ्क्षीका साथै दूरदर्शी पनि थिए । यस युद्धमा उनले आफ्नो तर्फबाट कुनै कुराको कमी हुन दिएका थिएनन् ।

अन्य सबै तयारी भइसकेपछि भोटमाथि आक्रमण गर्नका लागि नेपाली सैन्यबललाई दुई समूहमा विभाजन गरिएको थियो । पहिलो सैन्यबलले कुती र केरुङक्षेत्रबाट भोटमाथि आक्रमण गर्ने योजना बनाएको थियो । अकस्मात् हुन सक्ने आक्रमण रोक्ने फौजको रूपमा पूर्वतर्फ ओलाङचुङगोलामा नेपालध्वज कम्पनी तैनाथ गरिएको थियो भने पश्चिमतिर जनरल कृष्णध्वजको नेतृत्वमा हुम्ला र मुस्ताङ क्षेत्रमा केही फौज राखिएको थियो (मानन्धर र अरू, २०६९ : २०७) ।

युद्धको सम्पूर्ण तयारी भइसकेपछि युद्धमा जानुभन्दा अगाडि कमान्डर इन चिफ जनरल बमबहादुर कुँवर राणालाई राजा सुरेन्द्रविक्रम शाह, बाबु राजा राजेन्द्रविक्रम शाह र राजा सुरेन्द्रको छोरा नाति महाराज त्रैलोक्यविक्रम शाह तीनै जनाले छुट्टाछुट्टै छाप लगाएर लालमोहर दिएका छन् । बमबहादुर शान्त स्वभावका

कूटनीतिक र विद्वान् थिए । उनी जे काम पनि सोचेर गर्थे । कुमारीचोक अड्डामा लामो समय काम गरिरहेको हुँदा देशको आम्दानी र खर्चको हिसाबकिताब राख्नेसम्बन्धी पूर्ण ज्ञान उनलाई थियो । उनलाई इतिहासको जानकारी पनि थियो ।

राजा प्रतापसिंह शाहको स्वर्गारोहण भएपछि उनका छोरा रणबहादुर शाह राजा भए । रणबहादुर शाह नाबालक भएको हुँदा उनकी माता राजेन्द्रलक्ष्मीले नायबी भएर शासन चलाइन् । राजेन्द्रलक्ष्मी परलोक भएपछि रणबहादुर शाहका काका बहादुर शाहले राजाको नायबी भएर शासन चलाएका थिए । बहादुर शाहले शासन चलाएको समयमा नेपाल र तिब्बतबीच दुई पटक युद्ध भएको थियो । पहिलो युद्धमा नेपालले विजय हासिल गरे पनि दोस्रो युद्धमा नेपाल पराजित हुन पुग्यो । सन् १७९१–९२ को दोस्रो युद्धमा चीन सरकारले तिब्बतलाई सहयोग गरेको हुँदा युद्धमा नेपाल पराजित हुनुपरेको थियो । त्यस युद्धमा नेपालले ठूलो धनजनको लगानी गरेको थियो । ३० सेप्टेम्बर १७९२ मा नेपाल, तिब्बत, चीनबीच बेत्रावती सन्धि भएको थियो । यस सन्धिले नेपाललाई ठूलो नोक्सानी भयो ।

अठार वर्ष उमेर पूरा भएपछि ६ जुन, १७९४ मा रणबहादुर शाहले बहादुर शाहको हातबाट राजकाजसम्बन्धी सम्पूर्ण अधिकारहरू आफैँ लिएका थिए, तर उनलाई राजकाजसम्बन्धी ज्ञानै थिएन । उनी लहडी स्वभावका थिए । त्यसैले उनलाई भारदारहरूले बहादुर शाहको विरोधमा कान भर्न थालेका थिए । भारदारको कुरा सुनेर रणबहादुर शाहले काका बहादुर शाहलाई नेपाल–तिब्बत र चीन युद्धमा आवश्यकताभन्दा बढी खर्च गरेर आफूले फाइदा लिएको दोष लगाए । यति मात्र हैन, उनले बहादुर शाहलाई युद्धको हिसाबकिताबसहित उनको नायबी कालभरिको खर्चको हरहिसाब बुझाउने आदेशसमेत दिए । नौ वर्षको हिसाबकिताब एकै पटक बुझाउन सजिलो थिएन । राजाको आदेशअनुसार हरहिसाब नबुझाएको र चीन सरकारसँग

सम्बन्ध बढाएको दोष लगाई राजा रणबहादुर शाहले १९ फरवरी, १७९६ मा बहादुर शाहलाई गिरफ्तार गरेर विष्णुमतीको किनारास्थित जेलमा कैद गरे । कैद गरेको चार महिनातिर २४ जुन, १७९७ मा बहादुर शाह जेलमा नै परलोक भए । देशभक्त बहादुर शाहको मृत्युसम्बन्धी शङ्का उपशङ्काहरू पनि छँदै छ ।

बहादुर शाहको पतन भएको त्यस घटनालाई स्मरण गराउँदै बमबहादुरले भोलि आफ्नो पनि हालत बहादुर शाहको जस्तै हुन सक्ने आशङ्का गरे । अनि उनले युद्धको समाप्तिपछि आफूसँग युद्धमा भएको खर्चको हरहिसाब मागिने छैन भनी राजाबाट लालमोहर दिनुपर्छ भनेर अड्डी कसे । भनौँ लालमोहर प्राप्त नभएसम्म आफू युद्धमा जान्न भनी अडिक भएर बसे । युद्धमा जानका लागि सेना तयारी अवस्थामा छन्, तर कमान्डर इन चिफ भने राजाबाट लालमोहर प्राप्त नगरी युद्धमा जान्न भन्छ । यो अवस्थामा प्रधानमन्त्री जङ्गबहादुरले राजा र बमबहादुरबीच मध्यस्थताको भूमिका निभाए । उनले बमबहादुरलाई राजदरबारमा राजासमक्ष लिएर गए । बमबहादुरको सबै कुरा सुनिसकेपछि उनले भनेको अनुसार संवत् १९११ साल जेष्ठ सुदी १४ रोज ६ मा राजा श्री ५ सुरेन्द्रविक्रम शाह, राजाका बाबु राजेन्द्रविक्रम शाह र राजाका छोरा त्रैलोक्यविक्रम शाहले छुट्टाछुट्टै छाप लगाएर बमबहादुरलाई लालमोहर गरी दिइएको थियो । लालमोहरमा 'कमान्डर इन चिफ जनरल बमबहादुर कुँवर राणाजीलाई जङ्गीका लागि गोला, गोली, पिपा, बारुद, पत्थर, काँस, ढलोट, फलाम, सिसाजस्ता धातुजन्य वस्तुहरू र काठ, छाला, डोरीको काम गर्ने कालिगडहरू अपुग भए थपेरै काममा लगाउनु, दसपन्ध्र पल्टन नयाँ थप्नुपरे थप्नु, ढुकुटीबाट पन्ध्रबीस लाख रुपियाँ झिकी कति चाहिने हो चलाउनु, रसद जोर्नु, रसद बिग्रिएर नोक्सान भयो नाहकमा ढुकुटीको रुपियाँ बर्बाद वा खराब गरिदियो भनेर तिमीलाई अबजस दिने छैन भन्ने बेहोरा रहेको छ ।



नेपाल–तिब्बत युद्धपछि युद्धको खर्चको विवरण मागिने छैन भनी श्री ५ सुरेन्द्रविक्रम शाह, राजाका बाबु राजेन्द्रविक्रम शाह र राजाका छोरा त्रैलोक्यविक्रम शाहले छुट्टाछुट्टै छाप लगाएर कमान्डर इन चिफ जनरल बमबहादुर कुँवर राणालाई गरिदिएको लालमोहर ।

(स्रोत : ऋसेन्द्रविक्रम राणा)

ऋसेन्द्रविक्रम राणाका अनुसार युद्धमा जानका लागि सैनिक तयार अवस्थामा भइसकेपछि बमबहादुरले राजाबाट उक्त लालमोहर लिएका थिए भन्ने रहेको छ । लालमोहर १९११ साल जेठ महिनामा जारी भएको थियो । तर नेपालले भोटविरुद्ध युद्धका लागि १९११ पुस महिनामा मात्र फौज परिचालन गरेको छ भने फागुन महिनाबाट मात्र युद्ध सुरु भएको छ (मानन्धर र अरू, २०६९ : २०८) । त्यसैले बमबहादुरले लालमोहर प्राप्त गरेको समयमा युद्धको तयारी त तीव्र रूपमा भइराखेको थियो तर सेना परिचालनचाहिँ भइसकेको थिएन ।

पहिला नै तय गरेअनुसार केरुङ र कुती क्षेत्रबाट भोटमाथि आक्रमण गर्ने फौजमा केरुङतर्फको फौजको नेतृत्व जनरल बमबहादुरले गरेका थिए । कर्णेल कनकसिंह खत्री उनको सहायकको रूपमा थिए । उक्त फौजमा रैफल गोरखनाथ, श्रीनाथ, देवीदत्त, भैरवनाथ, पुरानो गोरखसिंह नाथ, रामदल, जगन्नाथ आदि पल्टन सामेल थिए (शर्मा र अरू २०४९ : ४४१) । त्यसै गरी कुतीतर्फको फौजको नेतृत्व जनरल धीरशमशेरलाई दिइएको थियो । उनको सहयोगीको रूपमा खड्कबहादुर कुँवर खटिएका थिए ।

१९११ साल पुसमा नेपालले भोटमा आक्रमण गर्नका लागि आफ्नो फौज परिचालन गरेको थियो । नेपाली फौजको पहिलो टोली काठमाडौँबाट बमबहादुरको नेतृत्वमा केरुङतर्फ प्रस्थान गरेको थियो । प्रधानमन्त्री जङ्गबहादुर स्वयम्ले फौजलाई माला र टीका लगाएर बिदाइ गरेका थिए । युद्धको मोर्चामा जाने सेनालाई सम्बोधन गर्दै जङ्गबहादुरले भनेका थिए– 'सैनिकहरू, भोटेहरूले हाम्रो शक्तिलाई तुच्छ सम्झेका छन् । उनीहरूले हाम्रो कैयौँ दाजुभाइको सम्पत्ति लुटेका छन् र रगत पनि बगाएका छन् । हामी यस्तो अपमानलाई सहन गर्दै गयौँ भने उनीहरू सधैँ यस्ता अपराध गर्न उत्साहित हुनेछन् । अत: ती भोटेहरूलाई पाठ सिकाउन मैले तिमीहरूलाई आदेश दिएको छु । उनीहरूलाई पराजित गरेर हाम्रो उच्च शक्तिको

परिचय दिनाका साथै आफ्नो देशको गौरव पनि बढाउनुपरेको छ' (राणा, सन् १९८० : १७७–७८) । प्रधानमन्त्री जङ्गबहादुरको यी शब्दहरूलाई युद्धको मोर्चामा जान तयार फौजले ससम्मानका साथ स्वागत गरे । उनीहरूले आफ्नो शरीरमा एक थोपा रगत रहुन्जेलसम्म आफ्नो राष्ट्रको रक्षा गर्ने प्रतिबद्धतासमेत जाहेर गरेका थिए ।

बमबहादुरको नेतृत्वमा काठमाडौँबाट प्रस्थान गरेको नेपाली फौज नुवाकोटको बाटो हुँदै केरुङतर्फ प्रस्थान गर्‍यो । यस फौजले बिनायुद्ध केरुङ कब्जा गरेर अगाडि बढ्यो । त्यसको दुई दिनपछि कुकुरघाटमा नेपाली फौजको भोट सरकारको फौजसँग युद्ध भयो । यस युद्धमा भोटका सेनाहरू पराजित भए । तर त्यति नै बेला भोट सरकारले ठूलो सङ्ख्यामा फौज केरुङ पठाउँदै छ भन्ने खबर बमबहादुरले पाए । उनले थप सेना पठाउनका लागि काठमाडौँमा जङ्गबहादुरलाई खबर पठाए । खबर पाएपछि जङ्गबहादुरले जनरल जगतशमशेर र कर्णेल भक्तजङ्गको नेतृत्वमा प्रयाप्त हातहतियार र तोपहरू लिएर उक्त क्षेत्रमा फौज पठाए । जगतशमशेरको नेतृत्वमा गएको नेपाली फौजको पहिलो भिडन्त गुन्तागढीको किल्लानजिक भयो । त्यहाँ भोटका छ हजार पाँच सय सशस्त्र फौजहरूसँग नेपाली फौजको दुई दिनसम्म भिडन्त भयो । गुन्तागढी पहाडको टुप्पोमा निर्मित भएको हुँदा नेपाली फौजले आक्रमण गर्न सहज थिएन तर गढीमा तुरुन्तै आक्रमण गर्न जरुरी थियो । आकाशबाट निरन्तर पानी परिरहेको थियो । यस्तो प्रतिकूल मौसमको बाबजुद नेपाली फौजले गुन्तागढीमा आक्रमण गर्‍यो । पहिलो दिन भएको लडाइँमा दुवैतर्फका धेरै सेनाहरू हताहत भए । नेपालतर्फका २३ जना सिपाही र ४० जना अफिसरहरूको ज्यान गयो (राणा, १९८० : १८०) । गुन्तागढीमा भोलिपल्ट पनि दुवै देशका फौजबीच दोहोरो भिडन्त भयो । जनरल जगतशमशेरले नेपाली फौजलाई दुई समूहमा बाँडेर दुवैतिरबाट एकै समयमा

शत्रुमाथि आक्रमण गर्ने आदेश दिएका थिए । उनले अपनाएको युद्धको रणनीति सफल भयो । दोस्रो दिनको लडाइँमा नेपाली फौजले भोटको फौजलाई हराउन सफल भयो ।

नेपाली सेनाले भोटका फौजलाई पराजित गरेर करिब छ सय जना सैनिकलाई बन्दी पनि बनाए (मानन्धर र अरू, २०६९ : २१०) । यो विजयपछि नेपाली फौज अगाडि बढ्ने मार्ग प्रशस्त भयो । जगतशमशेरको नेतृत्वमा अगाडि बढेको नेपाली फौज झुँगाको किल्ला घेर्न पुग्यो । त्यो किल्ला अति सुरक्षित र दस हजार सेना अटाउने फराकिलो थियो । किल्लामा छ हजार भोटका फौज बलियो भएर बसेका थिए । लगातार पानी परिरहेकाले मौसम अनुकूल थिएन । उक्त किल्ला कब्जा गर्न नेपाली फौजले नौ दिनसम्म कठिन लडाइँ लड्नुपरेको थियो । अन्त्यमा भोटका फौज किल्ला छाडेर भाग्न बाध्य भएका थिए । युद्धकै क्रममा नेपाली फौजले एक हजारभन्दा बढी भोटे सेनालाई कब्जामा लिए । यस युद्धमा भोटतर्फको सेना १७२१ जना र नेपालतर्फका ५३१ जना सैनिक मारिएका थिए (राणा, १९८० : १८१) । धेरै क्षति व्यहोर्नुपरे पनि नेपाली फौजले यो युद्ध विजय गरेर छाड्यो । यस युद्धबाट नेपाली फौजले एकातिर प्रशस्त मात्रामा युद्धको सरसामान र बहुमूल्य वस्तुहरू हात पार्‍यो भने अर्कातिर यस विजयले नेपाली फौजको मनोबल पनि बढ्यो र नै उनीहरू थप युद्धका लागि उत्साहित पनि भए । पहिला नै झुँगाको किल्लाको सामरिक महत्त्व देखेर जगतशमशेर निकै उत्साहित हुँदै जङ्गबहादुरलाई चिठी लेखेका थिए– 'यस किल्लालाई हात पारेपछि म चीनको विशाल सेनालाई पनि चुनौती दिन सक्छु ।' अन्ततः उक्त किल्ला पनि नेपाली फौजको हातमा आयो । त्यस समय त्योभन्दा ठूलो खुसी के थियो होला र ? झुँगा विजयको खबर सुन्नासाथ प्रधानमन्त्री जङ्गबहादुर यति खुसी भए कि नेपाली सेनाको मनोबल बढाउन

आफैँ फुँगा पुगे (मानन्धर र अरू, २०६९ : २१०) । फुँगा किल्ला विजय गर्दासम्म जनरल बमबहादुरले फौजको नेतृत्व गरिरहेका थिए । उनको र भाइ जगतशमशेरको कुशल नेतृत्वले गर्दा यस युद्धमा नेपाली सेनाले विजय हासिल गरेको थियो । फुँगा विजयपछि भने बमबहादुर अस्वस्थ भएकाले घर फर्किएका थिए । उनैलाई कायममुकायम प्रधानमन्त्री बनाएर जङ्गबहादुर काठमाडौँबाट फुँगा प्रस्थान गरेका थिए (राणा, १९८० : १८२) । जङ्गबहादुर फुँगा जाँदै गर्दा संवत् १९१२ साल जेठ १२ गते स्याप्रु वाङ्गलबाट भाइ जनरल बमबहादुरलाई पत्र पठाएका छन् । पत्रमा 'पल्टनको व्यक्ति खटाएर ठाउँठाउँमा रसद पठाउने काम, बन्दुक जाँच्ने, टोलटोलको नेवारहरूलाई त्यहाँको गतिविधि बुझ्न रातिमा घुम्न लगाउने कामहरू राम्रो गरेका छौँ । मधेसको रसद फुँगा, छत्रमार र केरुङसम्म समयमा नै पठाउने काम गर । त्यसपछि मात्र तारा हान्न सिक्ने, बन्दुक जाँच्ने काम गरौँला । राजदरबार र थापाथली घरमा राम्रोसँग हेरविचार गर्नेछौँ' भन्ने कुराहरू उल्लेख छन् । त्यसै गरी पत्रमा कान्छा भाइ (धीरशमशेर)ले ल्हासाको खबर लेखेर पठाएका चिठी सबै बमबहादुरलाई पठाएको कुरा पनि उल्लेख छ । विशेष गरी रसद सङ्कलन गर्दा ठाउँठाउँमा रसद समयमा पुऱ्याउनु भन्नेसम्बन्धी नै यो पत्र लेखिएको देखिन्छ (पत्रको पूर्ण पाठ परिशिष्टमा राखिएको छ) ।

जङ्गबहादुरको अनुपस्थितिमा बमबहादुरले युद्धका लागि रसदपानीको व्यवस्था, काठमाडौँमा शान्ति सुरक्षाको व्यवस्था, हातहतियारको चेकजाँच गर्ने काम राम्रोसँग गरेका थिए । त्यसैले पत्रमा जङ्गबहादुरले उनको प्रशंसा गरेका छन् । युद्ध सुरु हुनुअगाडि नै जङ्गबहादुरले धेरै मिहिनेत गरेर युद्ध व्यवस्थापनको तयारी गरेका थिए । उनले गट्ठाघरमा हातहतियार, सैनिक ब्याग, गाडी, बन्दुक, बाकस, तम्बुका साथै अन्य सामाग्रीहरू तयार गर्न हजारौँ

कामदारहरू परिचालन गरेका थिए । साथै उनले सेनालाई आवश्यक पर्ने खाद्यान्नका लागि खाद्यान्न भण्डारको उचित व्यवस्था पनि गरेका थिए । युद्ध सुरु भइसकेपछि युद्धस्थलबाट राजधानीमा जतिसक्दो छिटो खबर पुऱ्याउन घोडा डाँक सेवा स्थापित गरिएको थियो । सेनाको इच्छाअनुसार रासनपानीको आवश्यक व्यवस्था पनि गरिएको थियो । यस्ता विभिन्न डिभिजनको रेखदेख गर्ने तीस हजार स्वयम्सेवक लडाकुहरू सेवामा थिए ।

भोट आक्रमण गर्न जनरल धीरशमशेरको नेतृत्वमा गएका अर्को नेपाली फौजले कुतीको किल्ला सजिलैसँग कब्जा गऱ्यो । त्यसपछि कुतीबाट नौ माइल टाढा रहेको सोनागुम्बामाथि आक्रमण गऱ्यो । उक्त गुम्बालाई आठ हजारजति भोटे फौजले सुरक्षा दिइरहेका भए पनि नेपाली फौजले गरेको आक्रमणबाट उनीहरूले गुम्बालाई सुरक्षित राख्न सकेनन् । यस युद्धमा दुवैतर्फ सेनाहरूको निकै क्षति भयो । अन्ततः युद्धमा नेपाली फौजले विजय हासिल गऱ्यो (मानन्धर र अरू, २०६९ : २१०) । युद्धको क्रममा नेपाली फौजले भोटका एक हजारभन्दा बढी सैनिकहरूलाई बन्दी बनाएका थिए । एक हजार सात सयभन्दा बढी भोटे सैनिक मारिएका थिए । नेपालतर्फका सैनिकहरू मारिने २२१ जना थिए भने घाइते हुनेको सङ्ख्या १९५ थियो (राणा, १९८० : १८१) । सोनागुम्बाको विजय नेपाली फौजका लागि महत्त्वपूर्ण रह्यो । किनभने यस युद्धबाट नेपालीहरूले युद्धको सामग्री र बहुमूल्य वस्तुहरू प्राप्त गर्नुका साथै नेपाली फौजहरूको मनोबल उच्च भयो ।

### थापाथली सन्धि

भोटको फौज नेपाली फौजसँग जताततै पराजित हुँदै गइरहेका थिए । अब उनीहरूले नेपालसँग शान्तिवार्ता गर्नुको विकल्प थिएन । त्यसमाथि चीन सरकारले पनि तिब्बतमा रहेका आफ्ना दूत (अम्बा) लाई तिब्बतले नेपालसँगको युद्ध टुङ्ग्याउन लगाउनुपर्छ

भनेर दबाब दिइरहेका थिए । अत: नेपालले पनि युद्धलाई जारी राख्नुभन्दा भोटसँग छलफल गरी शान्तिवार्ता गर्नु मनासिब सम्झियो । शान्तिवार्ताको सुरुआत पनि नेपालले नै गरेको थियो । कुती र केरुङको समस्या समाधान नहुँदै जङ्गबहादुरले सुब्बा सिद्धिमानलाई नेपालको दूत बनाएर भोटस्थित चिनियाँ अम्बासँग वार्ता गर्न ल्हासा पठाएका थिए । चिनियाँ अम्बा भोटका पदाधिकारीहरू र नेपालका दूतको बीचमा भएको छलफल सफल भएन । भोट सरकारले नेपाल सरकारलाई केही रकम युद्धको हर्जना दिनुपर्ने र भोटले कब्जा गरेको नेपालको भूभाग नेपाललाई नै हस्तान्तरण गर्नुपर्ने भोट सरकारसँग नेपालको माग थियो । तर भोट सरकारले नेपाललाई केही रकम दिन मञ्जुर भए पनि नेपाली दूतले राखेको अन्य कुरामा भोट सरकार सहमत भएन । यस विषयमा चीन सरकारले पनि भोटको समर्थन गऱ्यो । त्यसपछि १९१२ साल साउनमा काठमाडौँमा र असोजमा सिकारजोङमा चिनियाँ प्रतिनिधिको उपस्थितिमा भोट र नेपालका प्रतिनिधिबीच भएको वार्ता पनि सफल भएन (मानन्धर र अरू, २०६९ : २१२) । त्यसपछि भने परिस्थितिले अर्को मोड लियो । यता वार्ता चलिरहेकै समयमा १९१२ साल कात्तिकमा नेपाली फौजले विजय गरेको कुती र झुँगामा भोटको ठूलो सङ्ख्याको सेनाले एकै पटक आक्रमण गऱ्यो । यो अप्रत्याशित आक्रमण थियो । नेपाली सेनाले त्यस आक्रमणको सामना गर्न सकेन ।

कुतीको युद्धमा नेपालको धेरै क्षति भयो । युद्धमा सात सयभन्दा बढी नेपाली सेनाले ज्यान गुमाउनुपऱ्यो । बाध्य भएर नेपाली सैनिकहरू पछाडि हटेर नेपालकै सिमानामा आएर बस्नुपऱ्यो । यस युद्धमा भोट सरकारको सैनिक सङ्ख्या पचास हजार थियो भने नेपाली फौजको सङ्ख्या त्योभन्दा धेरै कम थियो (उप्रेती, सन् १९८० : ७३–७४) । फेरि भोटले गरेको यो आक्रमण अप्रत्याशित थियो । नेपाली सेनाले युद्धको रणनीति बनाउन नै पाएन ।

भोटे सैनिकले झुँगामा गरेको आक्रमणमा पनि नेपाल पराजित भयो । पराजयको खबर प्राप्त हुनासाथ जङ्गबहादुरले ठूलो सङ्ख्यामा नेपाली सेना कुती र झुँगातर्फ पठाए । कुतीतर्फको फौजको नेतृत्व धीरशमशेरले गरेका थिए । झुँगातिरको फौजको नेतृत्व कर्णेल सनकसिंह खत्रीले गरेका थिए । १९१२ मङ्सिरमा भएको यी दुवै किल्लाहरूको युद्धमा नेपालले विजय हासिल गरे (मानन्धर र अरू, २०६९ : २१३) । त्यसपछि बाध्य भएर भोट सरकारले नेपाल सरकारसँग शान्ति वार्ताका लागि प्रस्ताव अगाडि बढाए । नेपाली फौज पनि थाकिसकेका थिए भने नेपालले सधैँभरि भोटको भूभाग कब्जा गरेर बसिरहन सम्भव पनि थिएन । त्यसैले नेपालले भोट सरकारप्रति राखेको आफ्नो मागहरू लचिलो बनायो । नेपाल सरकारले राखेका मागहरूमध्ये महत्त्वपूर्ण तीनवटा मागहरू

- नेपाल सरकारलाई एकमुस्ट रूपमा बीस लाख बुझाउने ।
- कुकुरघाटदेखि सोनागुम्बासम्मको तिब्बतको भूभाग नेपाललाई सुम्पने ।
- नेपाल सरकारलाई वार्षिक दस हजार रुपियाँ बुझाउने ।

नेपालले राखेको तेस्रो माग भोट सरकारले स्वीकार गरेपछि नेपाल र भोटबीच भएको शान्ति सन्धिमा दुवै देशका प्रतिनिधिहरूको हस्ताक्षर भयो । यो शान्ति सन्धि १९१२ चैत अथवा २४ मार्च, १८५६ मा थापाथली दरबारमा भएको थियो (शर्मा, २००८ : २२५) । त्यसैले यो सन्धि थापाथली सन्धिको नामबाट प्रख्यात छ ।

नेपाली सेनाले आफ्नो वीरताको परिचय दिएर भोटको सेनालाई पराजित गरेकाले भोटमा नेपालको प्रभुत्व कायम हुन गयो । यस सन्धिको सर्तअनुरूप नेपाललाई भोट सरकारले वार्षिक दस हजार रुपियाँ बुझाउनुपर्ने भयो । त्यस्तै नेपालले भोटमा एक जना नेपाली वाणिज्यदूत राख्न पाउने भयो । उसलाई त्यहाँ रहेका नेपाली व्यापारीहरूको समस्याहरू हेर्न र मुद्दा छिन्ने अधिकार दिइयो ।

यसका साथै भोटमाथि कुनै राष्ट्रले आक्रमण गरेको खण्डमा नेपालले भोटलाई सघाउने सर्त पनि थियो (राणा, १९८० : १९०) ।

थापाथली सन्धिमा हस्ताक्षर भइसकेपछि १८५६ अप्रिलमा भोटमा रहेका नेपाली सेनाहरूलाई नेपाल फर्कन आदेश दिइयो । नेपाल फर्केर टुँडीखेलको कवाज मैदानमा उपस्थित भएका सैनिक जवानलाई प्रधानमन्त्री जङ्गबहादुरले सम्बोधन गरेका थिए– 'सैनिक अधिकारी वर्ग तथा भाइहरू ! तिमीहरूको अपराजित बहादुरीले आज हिउँलाई पनि पगालेको छ र हिमाललाई पनि झुकाएको छ । हामीलाई देखेर जिस्काउने, हाँस्ने भोटेहरूलाई तिम्रा बहादुरी पाखुराले भेडाको बथानलाई लखेटेजस्तो पछाडि धकेल्न सफल भएको छ । हामीलाई हेपेर तुच्छ सम्झने भोटेहरूले शान्तिका लागि प्रार्थना गरे र आज हाम्रो देशलाई अधिकतम फाइदा हुने गरी सम्झौता भएको छ' (राणा, १९८० : १९१) । नेपाल तिब्बत युद्धमा नेपालको विजयले नेपालको नाक ठाडो पार्‍यो । थापाथली सन्धिबाट नेपाललाई आर्थिक लाभ हुनुका साथै भोटमा बस्ने नेपालीहरूको हकहितको सुरक्षाको व्यवस्था पनि भयो ।

तिब्बतसँगको युद्धमा विजय भएपछि जङ्गबहादुरले भोलिको दिन तिब्बतसँग युद्ध हुँदा सजिलो हुन्छ भनेर रसुवागढी र दुगुनागढी मार्ग बनाउन लगाएका थिए ।

# प्रधानमन्त्री बमबहादुर कुँवर राणा

राणाकालमा प्रधानमन्त्री मुलुकको शक्तिशाली र प्रभावकारी व्यक्ति थिए । प्रशासनको हरेक क्षेत्रमा प्रधानमन्त्री नै सर्वेसर्वा हुन्थे । एक प्रकारले राणा शासन प्रधानमन्त्रीको व्यक्तिगत या एकल शासनजस्तै थियो । त्यति बेला ऐन व्यवस्थालाई पनि प्रधानमन्त्रीको लिखित र मौखिक आदेशले काटिन्थ्यो ।

शाहकालमा प्रधानमन्त्री पद प्रचलनमा थिएन । माथवरसिंह थापा मुलुकको पहिलो प्रधानमन्त्री हुन् (वैद्य र मानन्धर, २०५३ : ११७) । उनीभन्दा अगाडि भीमसेन थापाले पहिला काजी त्यसपछि जनरल र पछि मुख्तियारको रूपमा ओदशहरू जारी गरेको पाइन्छ तर उनीपछिका फत्तेजङ्ग शाहलाई चौतरिया भनी आदेश पत्रहरूमा उल्लेख गरेको देखिन्छ । कोत हत्याकाण्डपछि परम्परागत रूपमा नै जङ्गबहादुरलाई मुख्तियार मात्र बनाएर कमान्डर इन चिफको पदवी दिइएको थियो तर खान्की भने 'बूढा जनरल'को दिइएको थियो । जङ्गबहादुर यतिमा मात्र सन्तुष्ट थिएनन् । समय परिस्थितिले पनि उनलाई साथ थियो । भण्डारखाल पर्वमा राजाको इच्छाअनुसार काम गरेको हुनाले उनले राजाबाट प्राइम मिनिस्टरको पद पाएका थिए । देश निकालाको सजाय पाएकी कान्छी महारानीसँग राजा राजेन्द्र पनि केही समयका लागि बनारसतिर लागेका थिए । राजाको अनुपस्थितिमा युवराज सुरेन्द्रलाई राजगद्दीमा राखेर जङ्गबहादुर नै सर्वेसर्वा बनेका थिए ।

प्रशासनमा शक्तिशाली बनिसकेपछि १९०५ सालमा राजा सुरेन्द्रबाट लालमोहर प्राप्त गरी जङ्गबहादुरले आफ्नो परिवारको सामाजिक जीवन माथि उठाए । लालमोहरमा जङ्गबहादुरका पुर्खालाई चितौरका राजकुमार घोषित गरेर जङ्गबहादुर र उनका परिवारले श्री मद्राजकुमार कुमारात्मज राणाजी लेख्ने अधिकार पाए । त्यसउप्रान्त जङ्गबहादुरको परिवारले जस्तोसुकै अपराध गरे पनि मृत्युदण्डको सजाय नपाउने भए । लालमोहरमा राजपरिवारसँग वैवाहिक सम्बन्ध नभएका राजपुतहरूसँग मात्र राणाहरूले वैवाहिक सम्बन्ध कायम गर्न पाउने छुट छ भनी लेखिएको भए तापनि जङ्गबहादुरले राजपरिवारसँग वैवाहिक सम्बन्ध स्थापित गरेर सामाजिक स्थितिलाई माथि पुऱ्याएका थिए । उनी राजा सुरेन्द्रबाट विभिन्न समयमा विभिन्न विषयसँग सम्बन्धित लालमोहरहरू प्राप्त गरी देशको सर्वश्रेष्ठ व्यक्ति बनिसकेका नै थिए । त्यसैले उनको विरोधमा बोल्ने कसैको हिम्मत पनि थिएन ।

आफू शक्तिशाली बन्न र सत्ता आफ्नो सन्तान दरसन्तानसम्म टिकाइराख्नका लागि अन्य देशको सहयोग र समर्थन आवश्यक छ भन्ने कुरा जङ्गबहादुरले राम्रोसँग बुझेका थिए । यिनी सत्तामा आएको समयमा भारतमा इस्ट इन्डिया कम्पनीको शासन बलियो बन्दै गइरहेको थियो । शिख, मराठाजस्ता भारतका शक्तिशाली मानिएका राज्यहरूलाई इस्ट इन्डिया कम्पनीले कमजोर बनाइसकेको थियो । यी कमजोर राज्यहरूबाट जङ्गबहादुरलाई सहयोग गर्ने कुनै सम्भावना थिएन । चीनबाट पनि नेपाल सरकारलाई कुनै सहयोग प्राप्त थिएन । कोतपर्व र भण्डारखाल पर्वमा मारिएका र भागेकाहरूका शाखासन्तान र आफन्तहरू जसलाई राज्यले सर्वस्वसहित देश निकाला गरिदिएको थियो । कोही आत्मरक्षाको हिसाबले आफैँ नेपाल छाडेर निर्वासन भएका थिए । यी सबै नेपालीहरू भारतमा नै निर्वासित जीवन बिताइरहेका थिए । उनीहरूको सङ्ख्या लगभग छ

हजार थियो (वैद्य र अरू, २०५६ : २९) । यी नेपालीहरू इस्ट इन्डिया कम्पनीको सहयोग लिएर जङ्गबहादुरको विरोधमा उत्रिन चाहन्थे । यस्तो अवस्थामा इस्ट इन्डिया कम्पनीसँग मैत्रीपूर्ण सम्बन्धका लागि हात बढाउन जङ्गबहादुरले आवश्यक ठाने । अङ्ग्रेज पनि आफ्नो मान्छेको हातमा नेपालको शासन व्यवस्था होस् भन्ने चाहन्थे । यसै परिप्रेक्ष्यमा नेपाल सरकारले जङ्गबहादुरको नेतृत्वमा ब्रिटेनको महारानीसमक्ष एउटा भ्रमण दल पठाउन चाहेको प्रस्ताव कम्पनी सरकारसमक्ष पेस गऱ्यो । यस प्रस्तावलाई ब्रिटेनका महारानीबाट स्वीकृत भएपछि जङ्गबहादुर १९०६ साल माघ सुदी २ का दिन दलबलसहित काठमाडौँबाट प्रस्थान गरी १९०७ साल वैशाख १४ गते बेलायत पुगे (मानन्धर, २०४८ : ६३) ।

जङ्गबहादुरले बेलायतको यात्रा गर्नुको मुख्य उद्देश्यबारे विभिन्न लेखकहरूका आआफ्नै भनाइहरू छन् । कसैले अङ्ग्रेज सरकारको शक्ति जङ्गबहादुर आफैँले अवलोकन गर्न चाहन्थे भनी लेखेका छन् (हुसैन, १९७० : ५३) भने कसैले नेपालको प्रधानमन्त्री ब्रिटिस सरकारसँग सोझै सम्पर्क गरेर दुवै देशबीच विद्यमान समस्याहरूको समाधान गर्न चाहन्थे भनेका छन् (जैन, १९७२ : १०७–१०८) । वास्तवमा जङ्गबहादुर बेलायत भ्रमणमा जानुको उद्देश्य माथि उल्लेखित दुवै उद्देश्य प्राप्तिका लागि थियो । त्यसबाहेक पनि नेपाल सरकार ब्रिटिस सरकारसँग सबै किसिमको सम्बन्ध राख्न चाहन्छ भनेर देखाउनु पनि थियो । जङ्गबहादुरको बेलायत यात्राको उद्देश्य कमलमणि दीक्षितको शब्दमा 'स्वस्ति श्रीमद्रासकुमार कुमारात्मज श्री प्राइम्मिनिष्टर याण्ड कम्याण्डर इन चिफ जनरल जङ्गबहादुर कुँवर राणाजीबाट संवत् १९०६ सालमा तजविज गर्नु भयाको अङ्ग्रेज पात्साहा र हाम्रो सीवाना जोरियाको छ; यिनको फौज, पल्टन, खजाना, हातहतियार, मुलुक दौलथ, आम्दानी खर्च, थिति, बन्दोबस्त क्या रहेछ, पात्साडितखत बेलाइत कहाँ रहेछ, लन्डन

सहर कस्तो रहेछ, त्यहाँका भारदार दुनियाँ गैह्रको मिजास कस्तो रहेछ, आजतक हिन्दुस्थानका मानिस लन्डन बेलायतमा पुगी आयाको कोही छैनन, यिनका मुख जमान अकबारको बेहोरा सुन्दा र सारा हिन्दुस्थानका राजा नवाव पात्साहाका मुलुक लिंदा पनि अङ्ग्रेजको अवस्थान, मधेश, पहाड, भोट, चीन, कसैले सकेनन् । अब श्री भगवान्को कृपा भया चारधाम पनि गरुँला । हिन्दुस्थान बेलाइत ११ टापुका पातसाहाहरूका बेहोरा कारखाना क्या रहेछ बुझुला । बेहोरा बुझी दोस्त पनि गरुला भन्या मनसुवा गर्नु भयो र आफ्ना माहिला भाइ श्रीमद्रासकुमारात्मज श्री कमान्डर इन चिफ जनरल बमबहादुर कुँवर राणाजीलाई मुल्कि कार्षाना, जङ्गी फौज पल्टनको भारा अखतीयार सारिदिया । आफ्ना साथमा भाइ मद्रासकुमार कुमारात्मज श्री कर्णेल जगतशमशेर जङ्ग कुँवर राणा जी; श्री धीरशमशेर जङ्ग कुँवर राणाजी यी दुई जना र बडा कपतान रणमेहेर अधिकारी, काजी करवीर खत्री, काजी हेमदल थापा, काजी डिल्ली सिं बस्न्यात, लेप्टेन लालसिं खत्री, लेप्टेन करवीर खत्री, भीमसिं राणा, सुब्बा सिद्धिमान सिं राजभण्डारी, सुब्बा शिवनरसिंह, षरिदार पृथ्वीधर पाध्य र औ हुदा सिपाही केटासमेत जम्मा २५ जना आदमी जीलीफमा ली मुलुक सयर गर्नालाई श्रीमप्राण कुमार कुमारात्मज श्री प्राइम मिनिस्टर याण्ड कमान्डर इन चिफ जनरल जङ्गबहादुर कुँवर राणाजीबाट संवत् १९०६ साल माघ मैन्हाका ४ का दिन चिसापानी किल्लाको बाटो गरी सवारी भै रवाना भै बक्सनुभयो । सिकार खेल्दै पथरघटाका जङ्गलमा पुगी ४ हात्ती पक्रनु भयो । २।४ बाघ र हरिणहरू धेरै मार्नुभयो । तहाँदेखि कडरवनागढी छाउनीमा पाउ लाग्नुभयो र ताहाका रैतीहरू भाइ सामेल भया । सबैलाई खातिर गर्नुभयो । केही रकम कलम पनि छोडि रैतान राजि राखी तहाँबाट रवाना भै आफ्ना मुलुक छोडी अङ्ग्रेजका मुलुकमा ढाका भन्याको गाउँमा फौज पल्टनसमेत ली छाउनी डेरा गरिबक्सनुभयो' (दीक्षित, २०४७ : १) । दीक्षितको भनाइबाट प्रधानमन्त्री जङ्गबहादुरको

बेलायत यात्राको उद्देश्य, भ्रमण दलमा सहभागीहरू, आफू बेलायत जानुअघि आफ्ना माहिला भाइ कमान्डर इन चिफ जनरल बमबहादुर कुँवर राणालाई मुलुकी कारखाना, जङ्गी फौज पल्टनको अख्तियार दिएका थिए भन्ने स्पष्ट हुन्छ ।

आफ्ना अनुपस्थितिमा देशमा कुनै पनि किसिमको बाधा अवरोध नआओस्, देशको प्रशासन सुचारु रूपले सञ्चालन होस् भन्ने कुरामा जङ्गबहादुर सचेत थिए । त्यसैले उनले आफ्ना भारदारहरूलाई महत्त्वपूर्ण विभागको जिम्मेवारी दिएका थिए । उनले आफ्ना माहिला भाइ बमबहादुर कुँवर राणालाई कायममुकायम प्रधानमन्त्री जिम्मेवारी दिए । साहिँला भाइ बद्रीनरसिंह कुँवर राणालाई प्रधानसेनापतिको जिम्मेवारी दिए । त्यसै गरी गृहमन्त्रालयको जिम्मेवारी भाइ कृष्णबहादुरलाई, पूर्व पश्चिम जिल्लाको प्रधान शासक भाइ रणोद्दीपसिंहलाई र राजश्व विभागको कायममुकायम महानिरीक्षक भाइ जयबहादुर भनौँ काकाका छोरालाई नियुक्त गरेका थिए । यसै गरी अन्य प्रशासनिक पदहरू पनि आफ्नै परिवारका सदस्यहरूलाई दिएर जङ्गबहादुर ढुक्कले युरोप भ्रमणमा निस्किएका थिए ।

बमबहादुर कुँवर राणाले जङ्गबहादुरको अनुपस्थितिमा वि.सं. १९०६ पुस २ देखि वि.सं.१९०७ माघ १४ सम्म करिब तेह्र महिना कायममुकायम प्रधानमन्त्री र कमान्डर इन चिफको रूपमा देशको प्रशासन चलाए । यस अवधिमा उनले देशको नियमकानुन, राजाको निर्देशन र सात समुद्र पार रहेका दाजु जङ्गबहादुरको निर्देशन र सुझावअनुसार सरकार चलाएका थिए । बमबहादुर शिक्षित, सरल, नियमकानुन बुझेका कुशल प्रशासक भएकाले उनले सरकार चलाएको उक्त अवधिमा कहीँ कतै पनि कमजोरी रहेन । दाजुले उनीप्रति गरेको विश्वासलाई उनले डगमगाउन दिएनन् ।

जङ्गबहादुर युरोप भ्रमण सकेर नेपाल फर्किएर प्रधानमन्त्री पद सम्हालेपछि बमबहादुर कमान्डर इन चिफ जनरल पदमा नै

रहे । यिनी कमान्डर इन चिफ जनरल रहेकै समयमा १९११–१२ सालमा नेपाल र तिब्बतबीच भएको युद्धमा नेपाल विजयी भएको थियो । युद्धको समाप्तिपछि २४ मार्च १८५६ भनौँ १९१२ चैतमा नेपाल र तिब्बतबीच थापाथली दरबारमा सन्धि भयो । थापाथली सन्धि भएको केही समयपछि ३१ जुलाई १८५६ अथवा भनौँ १९१३ साउन १८ गते प्राइममिनिस्टर जङ्गबहादुर राणाले अचानक आफ्नो पदबाट राजीनामा दिए (रमाकान्त, सन् १९६८ : २७४) । आफूले राजीनामा दिएपछि आफ्ना भाइ बमबहादुर कुँवर राणालाई प्राइममिनिस्टर पदमा नियुक्त गर्न राजालाई सुझाव दिए ।

बमबहादुर कुँवर राणा १९१३ साउन १८ गते अथवा ३१ जुलाई १८५६ मा नेपालको प्राइममिनिस्टर पदमा नियुक्त भए । उनी जङ्गबहादुरकै इच्छाअनुसार प्रधानमन्त्री भएका थिए । यस कुरालाई मेजर कप्तान बुद्धिमानसिंह बस्न्यातको पत्रले पनि पुष्टि गर्दछ । १९१३ साउन २० गते मेजर कप्तान बुद्धिमानसिंह बस्न्यातले दैलेखबाट लेखेको पत्रमा '...प्राइममिनिस्टर एण्ड कमान्डर इन चिफ जनरल जङ्गबहादुर कुँवर राणाजीले गरेको जङ्गी, मुलुकी, निजामती कामकाज गैह्रको मुख्तियारी श्री मद्राज कुमारात्मज श्री श्री प्राइम मिनिस्टर एण्ड कमान्डर इन चिफ जनरल बमबहादुर कुँवर राणाजीलाई बक्सौ अबउप्रान्त जो चाहिन्या । काम कुरोको चिठीपत्र सोधसाध गर्न पर्दा उनै मुख्तियारसँग सोधी इनले लाया खटायाबमोजिम गर्नु भन्या बेहोराको लालमोहर भाद्र बदि २ रोज २ का दिन आइ पुग्यो हरप पढियो विस्तार बुझि सिर चढायौ । हजुरलाई मुख्तियारी बक्सीसभयाको मोहर देखिँदा दिल बहुत खुस भयो दरसी सलामि मोहर रुपियाँ २ चह्राई पठाएको छु दाषेल होला हाम्रो पालना गरिबक्सनु भयाको छ । हामी हजुरको ताविदारि छौ हाम्रा बुदि वर्गतले खाम्यका टहलमा भरम कट्टर गर्न्या छ जान अन्जानमा क्षमा बक्सिला' भन्ने उल्लेख गरिएको छ (पत्रको पूर्ण पाठ परिशिष्टमा राखिएको छ) ।

जङ्गबहादुरले राजीनामा दिएको विषयलाई लिएर इतिहासकारहरूले विभिन्न अडकलबाजी लगाएको पाइन्छ । एक जना लेखकका अनुसार तिब्बतसँगको युद्धमा नेपाल सरकारको लाखौँ रुपियाँ खर्च भएको थियो । जङ्गबहादुर त्यो खर्चको बोझ आफ्नो टाउकोमा लिन चाहँदैन थिए । त्यसैले उनले आफ्नो पदबाट राजीनामा दिए (रमाकान्त, सन् १९६८ : २७४) । त्यसै गरी बालचन्द्र शर्माले उल्लेख गरेअनुसार जङ्गबहादुर प्रधानमन्त्री पदबाट मात्र सन्तुष्ट थिएन । उनी राजाबाट प्रधानमन्त्रीभन्दा माथिको पद लिन चाहन्थे (शर्मा, २००८ : ३३६) । वास्तवमा भन्ने हो भने जङ्गबहादुरले आफ्नो प्राइममिनिस्टर पदबाट राजीनामा दिएर आफ्नो महत्त्व कति छ भन्ने महसुस राजा र भारदारलाई देखाउन चाहन्थे अर्थात् जङ्गबहादुरले आफ्नो भाउ बढाउन प्रधानमन्त्री पदबाट राजीनामा दिएको देखिन्छ ।

बमबहादुर कुँवरले पहिला दाजु जङ्गबहादुरको अनुपस्थितिमा प्राइममिनिस्टरको पद सम्हालेका थिए भने यस पटक दाजुको उपस्थितिमा नै उनी प्राइममिनिस्टर भएका थिए । आफूलाई प्राइममिनिस्टर बनाएकोमा बमबहादुरले दाजुप्रति कृतज्ञता प्रकट गरेका थिए । उनले आफू प्राइममिनिस्टर हुँदा दाजुले खाएको खान्की दाजुलाई नै दिने, दाजुको सल्लाह सुझावअनुसार नै राजकाजसम्बन्धी सबै कामकारवाही गर्ने, दाजुलाई नसोधी अर्थात् दाजुको इच्छाविपरीत कुनै पनि काम नगर्ने भनी दाजु जङ्गबहादुरलाई धर्मपत्र गरिदिएका थिए (दीक्षित, २०३२ : १६–१८) । (धर्मपत्रको पूर्ण पाठ परिशिष्टमा राखिएको छ) ।

प्रधानमन्त्री बमबहादुरले व्यक्तिगत रूपमा दाजुको सम्मानको रूपमा धर्मपत्र गरिदिएका थिए । तर धर्मपत्रको स्वरूप हेर्दा बमबहादुर नाम मात्रको प्राइममिनिस्टर भएको देखिन्छ । राज्यको हर्ताकर्ता जङ्गबहादुर नै थिए । त्यसैले केही इतिहासारले

जङ्गबहादुरले आफ्नो पद मात्र त्यागेका थिए, अधिकार भने त्यागेका थिएनन् भनेको पनि पाइन्छ ।

प्राइममिनिस्टर पदबाट राजीनामा दिएर केही दिन ढाक्रे भएर बसेका जङ्गबहादुरले ६ अगस्त, १८५६ का दिन राजा सुरेन्द्रबाट एउटा लालमोहर प्राप्त गरे । यो जङ्गबहादुर राणालाई कास्की र लमजुङको श्री ३ महाराजको पद दिइएको शाही घोषणाको लालमोहर थियो (शर्मा, २००८ : ३३७) । जङ्गबहादुरले प्राइममिनिस्टर पदबाट राजीनामा दिनुको भित्री उद्देश्य आफ्नो प्राइममिनिस्टर र कमान्डर इन चिफ पदभन्दा माथिको पद लिन चाहन्थे भन्ने कुरा राजाबाट प्राप्त गरेको यस लालमोहरबाट स्पष्ट हुन आउँछ । पद्मजङ्गले उल्लेख गरेअनुसार बडागुरु विजयराजको नेतृत्वमा गएको एउटा प्रतिनिधि मण्डलले जङ्गबहादुरलाई मुलुककै मुकुट ग्रहण गर्न अनुरोध गरेका थिए तर जङ्गबहादुरले आफैँले गद्दीमा राखेको राजाको स्थान ग्रहण गर्न चाहेनन् (राणा, सन् १९८० : १९४) । तर उनले कास्की र लमजुङको श्री ३ महाराज बन्ने इच्छा प्रकट गरेकाले राजाबाट उक्त लालमोहर बक्स भएको थियो । लालमोहरमा जङ्गबहादुरको गुणगान गरिनुका साथै बेलायत र चीनसँगको सम्बन्धको विषयमा जङ्गबहादुरले गरेको निर्णय श्री ५ ले समेत मान्नुपर्ने, श्री ३ को पद जङ्गबहादुरका सन्तान दरसन्तानले उपभोग गर्न पाउने आदि कुरा उल्लेख गरिएको छ । यसका साथै लालमोहरमा कास्की र लमजुङलाई तिम्रो देश भनी सम्बोधन पनि गरिएको छ (लालमोहरको पूर्ण पाठ परिशिष्टमा छ) ।

जङ्गबहादुर कास्की र लमजुङको श्री ३ महाराज भए पनि सरकारी कामकारवाही प्राइममिनिस्टरमार्फत नै चल्ने भएकाले बमबहादुर कुँवर भने जङ्गबहादुरभन्दा शक्तिशाली नै भए । अन्तर्राष्ट्रिय क्षेत्रमा पनि श्री ३ महाराज जङ्गबहादुरको कुनै महत्त्व रहेन । राष्ट्रप्रमुख श्री ५ महाराजाधिराज र सरकार प्रमुख प्राइम

मिनिस्टर भएपछि जङ्गबहादुरको स्थान त्यहाँ रहेन । कास्की र लमजुङको श्री ३ महाराजको पदलाई ब्रिटिस सरकारले मान्यता पनि दिएन (नेपाली, २०७८ : ३८) । यति बेला ब्रिटिस राजदूतलाई अप्ठचारोचाहिँ परिरहेको थियो किनभने देशको प्रधानमन्त्री बमबहादुर कुँवर राणा भएपछि उनीसँगै दुई देशबीच कूटनीतिक व्यवहार गर्नुपर्ने भए तापनि वास्तविक राजकाजका हर्ताकर्ता जङ्गबहादुर नै भएकाले उनीसँग नै सम्बन्ध राख्नुपर्दथ्यो ।

प्रधानमन्त्री बमबहादुर सरल मिजासका थिए । त्यसैले ब्रिटिस राजदूतसँग उनको राम्रो सम्बन्ध थियो । यस्तैबीच प्राइममिनिस्टर बमबहादुर कुँवर राणाको देहान्त भयो । उनको मृत्युपछि जङ्गबहादुरले करिब एक महिना अर्का भाइ कृष्णबहादुरलाई कायममुकायम प्रधानमन्त्री बनाएका थिए । तर आफूले प्रधानमन्त्री पदबाट राजीनामा दिएको करिब ११ महिनापछि जङ्गबहादुर पुन: दोस्रो पटक नेपालको प्रधानमन्त्री बनेका थिए । दोस्रो पटक प्रधानमन्त्री पद ग्रहण गर्दा जङ्गबहादुर कास्की र लमजुङका श्री ३ महाराज बनिसकेका थिए । त्यसैले नेपालको इतिहासमा श्री ३ महाराज र प्राइममिनिस्टर पद ग्रहण गर्ने पहिलो व्यक्ति जङ्गबहादुर नै हुन पुगे ।

# प्रधानमन्त्री बमबहादुर कुँवर राणाको मृत्यु

१९१४ जेठ १४ भनौँ २५ मे, १८५७ का दिन ३९ वर्षको उमेरमा बमबहादुर कुँवर राणाको मृत्यु भयो (पन्त, २०७९ : ४८) । सबैजसो इतिहासकारहरूले उनको मृत्यु स्वाभाविक रूपमा भएको थियो भनेका छन् । नेपालको इतिहासमा कालगतिले मृत्यु हुने पहिलो प्रधानमन्त्रीको रूपमा उनलाई लिइएको पाइन्छ । राणाजीहरूको बृहत् वंशावलीको अध्ययनबाट प्राइममिनिस्टर हुनुभन्दा अगाडिदेखि नै उनको स्वास्थ्य राम्रो थिएन भन्ने बुझिन्छ । उनलाई सुकेनास रोग लागेको थियो । त्यसै रोगबाट उनको देहान्त हुन गयो भनिएको छ (बृहत् वंशावली, २०५६ : ३१) ।

जङ्गबहादुरले बमबहादुर कुँवर राणाको मृत्युपछि उनका रानीहरूलाई सती जान दिएनन् । मृत्यु भएको भोलिपल्ट जेठ १५ गते उनको दाहसंस्कार पशुपति आर्यघाटमा भएको थियो ।

बमबहादुरको मृत्यु स्वाभाविक रूपमा भएको थिएन भन्ने केही भनाइहरू पनि पाइन्छन् । उनलाई घरबाट रात्रि भोजका लागि जङ्गबहादुरले बोलाएर लगेका थिए । घरबाट गएको तीन दिनपछि मात्र जङ्गबहादुर उनको घर लगनमा आफैँ गएर माहिला भाइको मृत्यु भएको कुरा परिवारलाई जानकारी दिएका थिए । आफ्नै छोराहरू हुँदाहुँदै पनि बमबहादुरको दाहसंस्कार उनका भाइ रणोद्दीपसिंहले गरेका थिए भनिन्छ । त्यति मात्र हैन बमबहादुरको मृत्युपछि उनको घरलाई कडा सुरक्षाका साथ सेनाले घेरेर राखेका थिए पनि भनिन्छ ।

इतिहासका विविध प्रकारबाट प्राप्त सूचनामा उल्लिखित भनाइहरूबाट बमबहादुरको मृत्यु स्वाभाविक रूपमा भएको थिएन कि भन्ने शङ्का लागे पनि यससम्बन्धी कुनै लिखित दस्तावेज प्राप्त छैनन् । इतिहास तथ्य र प्रमाणको आधारमा लेखिनुपर्दछ, हल्लाको भरमा हैन । त्यसैले बमबहादुरको मृत्यु कालगतिबाट नै भएको थियो भन्न सकिन्छ । बमबहादुरको मृत्यु हुँदा यिनका जेठा छोरा तेगबहादुर कुँवर एघार वर्षका मात्र थिए ।

जङ्गबहादुरले तेगबहादुर कुँवरलाई कास्कीको बडाहाकिम बनाएर पठाएका थिए । बमबहादुर नरम स्वभावका, ज्ञानी, धर्मकर्ममा आस्था राख्ने, समाजसेवी, विद्वान् र दक्ष प्रशासक थिए । जङ्गबहादुर युरोप गएको बखत कायममुकायम प्रधानमन्त्री भएको समयमा उनले टेकु पचलीमा बमवीर विकटेश्वर शिवालय बनाएर गुठी राखिदिएका थिए । उक्त गुठी उनका सन्तानले नै संरक्षण गर्दै आइरहेका छन् ।

# बमबहादुर राणा र जङ्गबहादुर राणाबीच पारस्परिक सम्बन्ध

जङ्गबहादुर राणा उनका सहोदर भाइ बमबहादुर राणाभन्दा एक वर्ष मात्र जेठा थिए । उनीहरू एकअर्कामा निकै मिल्थे । हुन त जङ्गबहादुरका सबै दाजुभाइहरू एकअर्काको प्रेम, विश्वास र सहयोगमा बाँधिएका थिए । उनका भाइहरूले आफ्नो ज्यानको परबाह नगरी दाजु जङ्गबहादुरलाई सहयोग गरेको भएर नै नेपालको इतिहासमा जङ्गबहादुरको उदय भएको थियो । कोतपर्व, भण्डारखाल पर्व, अलौपर्वजस्ता इतिहासकै महत्त्वपूर्ण घटनाहरूमा जङ्गबहादुरका भाइहरू उनको ढाल बनेर उभिएका थिए । जङ्गबहादुरले पनि आफू सत्तामा आएपछि आफ्ना भाइहरूलाई देशको महत्त्वपूर्ण पदहरूमा नियुक्त गरेका थिए । जङ्गबहादुर मुलुकको प्रधानमन्त्री भएपछि देशको सम्पूर्ण शासनभार आफ्नो हातमा लिएका थिए । त्यसपछि देशको राज्यशक्ति आफू र आफ्ना भाइहरूमा नै निहित भएको थियो ।

**बद्रीनरसिंह राणाको षड्यन्त्र**

जङ्गबहादुरको तीसबर्से शासनकालमा उनलाई मार्ने धेरै असफल प्रयासहरू भए । तीमध्ये १९०७ साल वा सन् १८५१ को षड्यन्त्रलाई नेपालको इतिहासमा महत्त्वपूर्ण घटनाको रूपमा लिइन्छ । किनभने यस षड्यन्त्रमा अन्य व्यक्तिहरूसँगै जङ्गबहादुरका आफ्नै

साहिँला भाइ बद्रीनरसिंह राणा र राजा सुरेन्द्रका माहिला भाइ उपेन्द्रविक्रम शाह पनि समावेश भएका थिए । त्यसैले उनीहरूलाई दण्ड पनि दिइएको थियो ।

बद्रीनरसिंहको राजनीतिक जीवन कोतपर्वदेखि सुरु हुन्छ । उनले कोत हत्याकाण्डमा जङ्गबहादुर पक्षसँग बहादुरीका साथ लड्ने वीरबहादुरलाई गोली हानी हत्या गरेका थिए (वैद्य र अरू, २०५६ : ३३) । कोतपर्वको समयमा यिनी कर्णेल पदमा थिए । कोतपर्वपछि दसैँतिर भएको पजनीमा उनलाई कुमारीचोकको हिसाबकिताब राख्ने जिम्मेवारी दिएका थिए । पछि सुरेन्द्रविक्रम शाहको राज्यभिषेकको अवसरमा उनलाई जङ्गबहादुरले जनरल बनाइदिएका थिए ।

आफू युरोपको भ्रमणमा जानुअगाडि जङ्गबहादुरले देशको प्रशासन सञ्चालनमा कुनै अवरोध नआवस् भनेर आफ्ना माहिला भाइ बमबहादुरलाई प्राइममिनिस्टर र साहिँला भाइ बद्रीनरसिंहलाई कमान्डर इन चिफ बनाएर उनी ढुक्कसँग युरोप भ्रमणमा गएका थिए । बद्रीनरसिंह सेनामा ज्यादै लोकप्रिय, अनुशासित र सम्मानित व्यक्ति थिए । जङ्गबहादुरले सैनिकसम्बन्धी कुनै निर्णय गर्नुपर्दा बद्रीनरसिंहको सल्लाह लिन्थे (वैद्य र अरू, २०५६ : ३२) । जङ्गबहादुर १९०६ माघ २ का दिन दलबलसहित काठमाडौँबाट युरोप भ्रमणका लागि प्रस्थान गरी १९०७ माघ ५ गते काठमाडौँ फर्किए (मानन्धर, २०४८ : ६३) । राजधानी फर्किएको केही दिनपछि आफूलाई मार्ने षड्यन्त्र भइरहेको कुरा जङ्गबहादुरले थाहा पाए । यस षड्यन्त्रको सम्बन्धमा जङ्गबहादुरको जीवनीलेखक उनकै छोरा पद्मजङ्ग राणाको वर्णनको सारांश सारसङ्क्षेप आएको छ– '६ फरवरी १८५१ का दिन जङ्गबहादुर आफ्नो दलबलका साथ बेलायत यात्राबाट काठमाडौँ फर्के । उनी फर्केको केही दिनपछि उनको हत्या गर्ने ठूलो षड्यन्त्र रचियो । उक्त षड्यन्त्रको मुख्य पात्र जङ्गबहादुरको

काकाका छोरा जयबहादुर थिए । दुई वर्षअघि उनले एउटा जमिनदारसँग घुस लिएको हुँदा जङ्गबहादुर उनीदेखि रिसाएका थिए र त्यसै बेलादेखि उनले जङ्गबहादुरलाई पन्छाउने योजना बनाउन थालिसकेका थिए । काजी करवीर खत्रीको जङ्गबहादुरसँग पुरानो रिस थियो । त्यसैले उनले यस षड्यन्त्रमा खत्रीलाई पनि सम्मिलित गराए । यी दुवैले सजिलैसँग बद्रीनरसिंह र उपेन्द्रविक्रमलाई पनि आफूसँग मिलाए । यी चारै जनाको प्रयासले जङ्गबहादुरको हत्याको योजना बनेको थियो । जसअनुसार १७ फरवरीको बिहान वसन्तपुर गइरहेको बेलामा कुनै बदमासद्वारा जङ्गबहादुरको हत्या गर्ने निश्चित भयो । साथै त्यसै दिन उपेन्द्रविक्रमद्वारा राजा सुरेन्द्रको हत्या गराई उपेन्द्रविक्रमलाई नै गद्दीमा राख्ने पनि निधो भयो । जङ्गबहादुरका माहिला भाइ बमबहादुरको सहयोगबिना षड्यन्त्र सफल नहुने भएकाले यी षड्यन्त्रकारीहरूले उनलाई जङ्गबहादुरको हत्यापछि प्रधानमन्त्री बनाउने लोभ देखाई यस षड्यन्त्रमा सामिल गराए ।

बमबहादुरको आफ्नो दाजुप्रति ठूलो श्रद्धा र अगाध भक्ति थियो । यो कुरा कानमा परेपछि उनी रातभर सुत्न सकेनन् । अनि १६ फरवरीको आधा रातमा उनी एक्लै आफ्नो घर लगनबाट जङ्गबहादुरको निवासस्थान थापाथली पुगेका थिए । उनले जङ्गबहादुरको अगाडि रुँदै षड्यन्त्र हुन लागेको तथ्यको भन्डाफोर गरिदिए । बमबहादुरले भाइ बद्रीनरसिंहलाई ज्यान माफी हुने सर्तमा यस षड्यन्त्रको पोल खोलेका थिए । त्यसपछि जङ्गबहादुरले तुरुन्तै आफ्ना भाइहरू तथा विश्वासिला कप्तान रणमेहरलाई षड्यन्त्रकारीहरू पक्रने आदेश दिए । उनको आदेशको तुरुन्तै पालना भयो । एकैछिनपछि नै षड्यन्त्रकारीहरू कोतमा जम्मा गराइए । तर षड्यन्त्रकारीहरूले अपराध स्वीकार नगरेकाले त्यस रात केही निर्णय हुन भने सकेन ।

भोलिपल्ट जङ्गबहादुरले षड्यन्त्रकारीहरूको घरको तलासी लिन लगाए । त्यहाँ एउटा प्रामाणिक कागजपत्र पनि भेटियो । त्यसैबाट ती षड्यन्त्रकारीहरूको अपराध पत्ता लागेको थियो । त्यसपछि षड्यन्त्रकारीहरूलाई कायल गराउने प्रक्रिया जारी रह्यो । जब बद्रीनरसिंहले जोरदार आवाजमा ईश्वरलाई गुहारी आफू निर्दोष भएको दावा गरे । त्यसै बेला जङ्गबहादुरले एक मुट्ठा कागज बद्रीनरसिंहको टाउकोमा फ्याँके । अनि कप्तान सत्तारामलाई उनको मुखमा जुत्ता बजार्ने आदेश दिए । अब बद्रीनरसिंहको केही लागेन । उनी चुप लागे (राणा, सन् १९८० : १२५–१५८) । पद्मजङ्गको यस वर्णनमा षड्यन्त्रको मुख्य योजनाकार जयबहादुर कुँवरलाई मानेको छ । किनभने दुई वर्षअगाडिदेखि जयबहादुर घुससम्बन्धी कुरामा जङ्गबहादुरसँग रिसाएका थिए । त्यसै बेलादेखि नै उनी जङ्गबहादुरलाई मार्न चाहन्थे । यहाँ अचम्मको कुरा त के छ भने जङ्गबहादुरले आफू युरोप जानुभन्दा अगाडि जयबहादुरलाई मालपोत विभागको प्रमुखमा नियुक्त गरेका थिए । मालपोत विभाग घुस खाने सम्भावना भएको ठाउँ थियो । यदि जयबहादुरसँग घुससम्बन्धमा मनमुटाव भएको भए जङ्गबहादुरले उक्त विभागमा किन जयबहादुरलाई राख्दथे । अर्को कुरा जङ्गबहादुरको हत्या गरेर जयबहादुरलाई के फाइदा थियो ? इतिहासको पाटामा यो सोचनीय विषय भएको पनि छँदै छ ।

अर्का षड्यन्त्रकारी करवीर खत्री स्वयम् जङ्गबहादुरसँग युरोप भ्रमणदलमा सहभागीमध्येका एक पात्र थिए । पद्मजङ्गले करवीर खत्री र जङ्गबहादुरबीच पुरानो रिसइबी थियो भनेका थिए । यदि त्यस्तो रिसइबी नै थियो भने जङ्गबहादुरले त्यस्तो मान्छेलाई किन भ्रमणदलमा सामेल गरे होलान ? षड्यन्त्रका अर्का पात्र बद्रीनरसिंहलाई जङ्गबहादुरले आफू युरोप जानुअगाडि कमान्डर इन चिफ पद दिएका थिए । सेनामा उनको मान र

सम्मान दुवै थियो । उनको स्वीकृतिबिना सेनामा कुनै काम पनि हुँदैन थियो (राणा, सन् १९८० : १६१) । यसरी सेनामा उच्च स्थान पाइसकेको मान्छेले जङ्गबहादुरको हत्या गरेर के फाइदा थियो त ? यदि षड्यन्त्र सफल भयो भने प्रधानमन्त्री हुने त उनका महिला दाजु बमबहादुर हुन् । उनी त कमान्डर इन चिफ त हुने हो, त्यस पदमा त उनी जङ्गबहादुर युरोप गएको समय एक वर्ष भइसकेका थिए ।

त्यसै गरी षड्यन्त्रका अर्का पात्र उपेन्द्रविक्रम शाहले आफ्ना शक्तिहीन दाजु राजा सुरेन्द्रलाई मारेर के पाउँथे ? त्यसमा पनि राजा सुरेन्द्रको उत्तराधिकारी युवराज त्रैलोक्यविक्रमको जन्म भइसकेको थियो । यदि सुरेन्द्रको मृत्यु भयो भने पनि उनको ठाउँमा त्रैलोक्यविक्रम राजा हुन्थे । त्यसो त सहायक ब्रिटिस रेजिडेन्ट निकोलसले गरेको टिपोट र राजा सुरेन्द्रले ब्रिटिस रेजिडेन्टलाई पठाएको पत्रमा जङ्गबहादुरलाई मार्ने षड्यन्त्रसम्बन्धी वर्णन भए पनि सुरेन्द्रको हत्याको प्रयाससम्बन्धी कुनै कुराको उल्लेख गरिएको हैन (जैन, सन् १९७२ : ११२) । पद्मजङ्गको वर्णनमा यस षड्यन्त्रका योजनाकारहरूको उद्देश्य के थियो ? स्पष्ट छैन । निकोलसको रिपोट पनि सबै जङ्गबहादुर र उनका अनुचरहरूको भनाइमा आधारित भएकाले यसमा पनि त्यति खासै फरक देखिँदैन ।

त्यसै गरी यस षड्यन्त्रमा चार जनालाई अपराधी मानेर सजायको भागिदार बने । तर त्यसको पनि प्रमाण छैन । अपराध साबित गर्नका लागि उनीहरू चारै जनाको घर तलासी गर्दा भेटिएको कागजपत्रको बेहोरा कहीँ कतै उल्लेख गरिएन । आफू निरपराध छु भन्दै कराइरहेका बद्रीनरसिंहको मुखमा जङ्गबहादुरले हानेको कागजको मुठाले नभई सत्तारामको जुत्ताको प्रहारको पीडाले उनी चुप लाग्न बाध्य भएका थिए । अर्को कुरा ती चार जना षड्यन्त्रकारीहरूले जुन बदमासद्वारा जङ्गबहादुरको हत्या गर्ने भनिएको

थियो । त्यो बदमासको बारेमा जङ्गबहादुरले न कुनै चासो देखाए न उसलाई पक्रने प्रयास गरे । त्यस्तै अर्को कुरा, चार जना षड्यन्त्रकारीहरूलाई कोतमा ल्याएर कायल गराएको दिन राजा सुरेन्द्र र गद्दीच्यूत राजा राजेन्द्रलाई उपस्थित गराइएको थिएन् । भोलिपल्ट उनीहरूलाई सजाय निश्चित गर्ने दिन राजेन्द्र र सुरेन्द्रलाई उपस्थित गराएर झूटो प्रमाणको आधारमा उनीहरूलाई कायल गराइएको थियो (मानन्धर, २०४८ : १३०) ।

जङ्गबहादुर राणालाई मार्न खोज्ने षड्यन्त्रकारीहरूलाई दिइने सजायसम्बन्धमा पद्मजङ्ग लेख्दछन्– 'भारदारी सभामा उपस्थित सबैसँग विचारविमर्श हुँदा कसैले ज्यान सजाय दिने, कसैले आँखा फोरिदिने त कसैले फलामको पिँजडामा बन्द गरेर चितवन पठाउने सुझाव आएका थिए । तर जङ्गबहादुर त्यस्ता पाशविक दण्ड दिन चाहँदैन थिए । देशको शासक भएको नाताले अपराधीले अपराध कबुल गरेपछि उनीहरूलाई सजाय दिनु उनको कर्तव्य थियो । त्यसैले उनले इस्ट इन्डिया कम्पनी सरकारसँग यी चार अपराधीहरूलाई इलाहाबादको जेलमा आजीवन कैदमा राख्न अनुरोध गरे । कम्पनी सरकारले आजीवन हैन पाँच वर्षसम्म मात्र उनीहरूलाई इलाहाबाद जेलमा कैद गर्ने स्वीकृत दियो (राणा, सन् १९८० : १६३) ।

पद्मजङ्गले आफ्ना बुबालाई उदार र महान् शासक देखाउन उक्त अभिव्यक्ति दिएको देखिन्छ । ती कथाकथित षड्यन्त्रकारीहरूले अपराध स्वीकार गरेपछि उनीहरूलाई कठोर सजाय नदिनुको कारण त्रिरत्न मानन्धरले लेखेका छन्– 'उनीहरू बेकसुर छन् भन्ने कुरा जङ्गबहादुरलाई थाहा थियो । निरपराध व्यक्तिहरूलाई कठोर सजाय दिन जङ्गबहादुरको पनि आत्माले मानेन । उनीहरूलाई नेपालभित्रकै जेलमा कैद गरेर राख्दा जनसमर्थन उनीहरूको पक्षमा जान सक्ने सम्भावना पनि थियो । त्यसो त सेनामा बद्रीनरसिंह लोकप्रिय थिए ।

उनको सेनामा मानसम्मान थियो (मानन्धर, २०४८ : १३८–१३९) । जङ्गबहादुरले यिनै कुराहरूलाई मध्यनजर राखेर अन्य तीन जनालाई भन्दा बद्रीनरसिंहलाई जेल पठाउनुअघिदेखि नै कडा सजाय दिएर निगरानीमा राखिएको थियो । यससम्बन्धमा पद्मजङ्गले लेखेका छन्– 'अन्य तीन जना षड्यन्त्रकारीहरू करवीर खत्री, जयबहादुर र उपेन्द्रविक्रमलाई कडा पहरा दिएर कैद गरिएको थियो भने बद्रीनरसिंहलाई हातमा नेल ठोकी छुट्टै कोठामा कैद गरिएको थियो । किनभने बद्रीनरसिंहले आत्महत्या गर्ने धेरै सम्भावना थियो (राणा, सन् १९८० : १६०) ।

बद्रीनरसिंह जङ्गबहादुरका आफ्नै भाइ हुन् । त्यसैले पनि उनलाई भाइप्रति माया नै थियो । तर बद्रीनरसिंहलाई हातमा नेल लगाएर छुट्टै कोठामा कैद गर्नुको तात्पर्य भने भाइप्रतिको मायाले भन्दा पनि उनी जेलबाट उम्केर भाग्ने सम्भावनालाई रोकथाम गरेको हो ।

ती षड्यन्त्रकारीहरूलाई इलाहाबाद जेलमा आजीवन राख्ने कैद गर्ने जङ्गबहादुरको मागलाई कम्पनी सरकारले जम्मा पाँच वर्षका लागि स्वीकृति दिँदा पनि उनले तुरुन्तै स्वीकार गरे । यो पक्ष हेर्दा जङ्गबहादुरले ती षड्यन्त्रकारीहरूलाई नेपालमा राख्न खतरा महसुस गरी इलाहाबाद जेलमा नै पठाउन चाहेका थिए । यसै घटनादेखि नेपालको अपराधीलाई भारतको जेलमा सडाउने नराम्रो परम्पराको सुरुआत भएको थियो । अनि यो प्रथा जङ्गबहादुर राणाले सुरु गरेका थिए ।

त्रिरत्न मानन्धरको भनाइमा बद्रीनरसिंह, जयबहादुर, उपेन्द्र विक्रम र करवीर खत्रीले जङ्गबहादुरलाई मार्ने कुनै षड्यन्त्र गरेका थिएनन् । यो त जङ्गबहादुरले रचेका नाटक हुन् (मानन्धर, २०४८ : १४०) । त्यसो भए त्यो नाटक किन रचियो त ? भन्ने कुरा पनि आउँछ । यसमा पनि मानन्धरको भनाइअनुसार बद्रीनरसिंह

सुरुदेखि नै जङ्गबहादुरको ब्रिटिस समर्थक नीतिको विरोधी थिए । त्यसमा पनि बद्रीनरसिंहले सेनाको विश्वास प्राप्त गरेका थिए । बद्रीनरसिंहले सेनाको विश्वास प्राप्त गरुन्जेल सेनामा आफ्नो प्रभुत्व नजम्ने देखेर जङ्गबहादुरले बद्रीनरसिंहको चरित्र हत्या गरी सेनाको उनीप्रतिको विश्वास तोड्न यो नाटक रचेका थिए (मानन्धर, २०४८ : १४०–४९) । हुन पनि यस घटनाबाट बद्रीनरसिंहको चरित्र हत्या भयो । उनी पहिलाका बद्रिनरसिंह रहेनन् । जयबहादुर कुँवरको इलाहाबाद जेलमा नै मृत्यु भयो । उनको मृत्युपछि जङ्गबहादुरकी आमाको विशेष अनुरोधले गर्दा जङ्गबहादुरले बद्रीनरसिंह र उपेन्द्रविक्रम शाहलाई रिहा गरेर नेपाल आउने अनुमति दिए । नेपाल ल्याएर उपेन्द्रविक्रमलाई एक वर्ष भक्तपुरमा नजरबन्दमा राखे । उनको व्यवहार सन्तोषजनक देखिएपछि काठमाडौँमा आएर आफ्नै राजदरबारमा बस्ने अनुमति दिए (शर्मा, २००८ : २३०–३३१) ।

बद्रीनरसिंह कैद परेपछि जङ्गबहादुरले उनका दस वर्षका छोरा केदारनरसिंहलाई पाल्पाका गभर्नर बनाएर पठाएका थिए । बद्रीनरसिंह नेपाल आएपछि आफ्नो प्रतिष्ठा र सम्मान पुनः पाउन सकेनन् । त्यसैले उनी छोराको साथ पाल्पा गएर बसे । केही वर्षपछि उनी छोराको ठाउँमा पाल्पाको गभर्नर भए ।

जयबहादुर र बद्रीनरसिंहको घनिष्ठ मित्रता थियो । त्यसबाहेक जयबहादुरले जङ्गबहादुर युरोप गएर हिन्दूधर्मविरोधी काम गरेकाले जातिच्यूत भए भन्ने हल्ला चलाएका थिए । यही कारण उनी षड्यन्त्रको सिकार बन्न पुगेका थिए ।

उपेन्द्रविक्रमलाई यस हत्याको षड्यन्त्रमा सामेल गराउनुको कारणचाहिँ राजपरिवारको प्रतिष्ठामा पनि आँच पुऱ्याउने प्रयत्न हो भन्ने देखिन्छ । उपेन्द्रविक्रम जङ्गबहादुरको कठोर निगरानीबाट असन्तुष्ट थिए । यो कुरा जङ्गबहादुरलाई थाहा थियो । त्यसैले

राजपरिवारमा आफ्नो शक्ति देखाउन पनि जङ्गबहादुरले उपेन्द्रविक्रमलाई यस षड्यन्त्रमा सामेल गराएको देखिन्छ । यस कुराको पुष्टि यो घटना भएको केही समयपछि राजा सुरेन्द्रले राज्य त्याग गर्ने इच्छा प्रकट गरेको व्यहोराबाट ज्ञात हुन्छ ।

जङ्गबहादुरको कठोर निगरानीले गर्दा महाराजाधिराज सुरेन्द्रविक्रम शाहको व्यक्तिगत स्वतन्त्रतासमेत थिएन । कसैसँग बोल्दा, कतै जाँदा, कसैलाई केही दिँदा, कसैलाई भेट्दा राजाले प्राइममिनिस्टरसित बक्साउनुपर्दथ्यो । चौबिसै घण्टा जङ्गबहादुरका विश्वस्त मानिसहरू राजाका पछिपछि तैनाथ हुन्थे । यस्तो कठोर प्रतिबन्धबाट स्वतन्त्र हुनका लागि राजा सुरेन्द्रविक्रम शाहले नौ महिनाअगाडि आफ्नी रानीको परलोक भएको दु:खको निहुँ बनाएर १९०८ जेठ भनौँ जुलाई १८५१ मा आफ्ना तीन वर्षका छोरा त्रैलोक्यविक्रम शाहलाई राजसिंहासनमा राख्ने इच्छा प्रकट गरे । तर जङ्गबहादुरका निमित्त कमजोर मनस्थिति भएका राजालाई फकाउनु ठूलो कुरो थिएन । उनले राजा सुरेन्द्रलाई फकाउने क्रममा 'मैले सहयोग नगरेको भए यो राजगद्दीमा आज रणेन्द्रविक्रम शाह हुने थिए, आज पनि रानी राज्यलक्ष्मीदेवीको षड्यन्त्र चल्दै छ' उसबाट राजाको रक्षा गर्न यो कडाइ आवश्यकता रहेको हो भनेपछि राजा सुरेन्द्र नतमस्तक भए (शर्मा, २००८ : ३३८) । त्यसपछि जङ्गबहादुरको जस्तै कडा निगरानी भए तापनि राजा सुरेन्द्रले कुनै पनि प्रतिक्रिया व्यक्त गर्न चाहेनन् ।

करवीर खत्रीलाई दिइएको सजायसम्बन्धमा पद्मजङ्गले सबै षड्यन्त्रकारीहरूलाई इलाहाबाद जेलमा पठाइयो भनेका छन् भने सहायक ब्रिटिस रेसिडेन्ट निकोलसले तीन जनालाई मात्र इलाहाबाद जेलमा पठाई करवीर खत्रीलाई जातिच्यूत मात्रै गरियो भनेका छन् । बालचन्द्र शर्माले पनि करवीर खत्रीलाई जातिज्यूत गरी आफ्नै घरमा कैद गरी एक वर्षपछि महाराजाधिराजको विशेष

आज्ञाले उक्त दुवै दण्डबाट मुक्त गरिए भनेका छन् (शर्मा, २००८ : २३१) ।

यस घटनामा षड्यन्त्रलाई भण्डाफोर गर्ने मुख्य व्यक्ति बमबहादुर कुँवर राणाको चर्चा कतै पनि भएको पाइँदैन । पद्मजङ्गले लेखेका छन्– '५ फरवरीको आधा रातमा जङ्गबहादुरसमक्ष बमबहादुरले षड्यन्त्रको भण्डाफोर गरेको केही समयभित्र नै सबै षड्यन्त्रकारीहरूलाई कोतमा उपस्थित गराइए । चारै जना षड्यन्त्रकारीहरूले आफ्नो अपराध स्वीकार गरेनन् । यसरी कसैले पनि अपराध स्वीकार नगरेपछि जङ्गबहादुरले साक्षीको रूपमा बमबहादुरलाई उपस्थित गराउनुपर्दथ्यो । तर त्यो काम जङ्गबहादुरबाट भएन । बमबहादुर यस षड्यन्त्रमा आफैँ सामेल नभई षड्यन्त्रकारीहरूले उनलाई सामेल गराइएको थियो । यही कुरा बुझेर जङ्गबहादुरले बमबहादुरलाई साक्षीको रूपमा उपस्थित नगराएको पनि हुन सक्छ ।

यस घटनाको चर्चा परिचर्चाको कुरा गर्दा जब बमबहादुरले दाजु जङ्गबहादुरसँग उनलाई मार्ने षड्यन्त्र भइरहेको कुरा भनिरहँदा षड्यन्त्रकारीहरूमध्ये एक जनाको नाम भन्न मानेनन् । जङ्गबहादुरले निकै कर गरेपछि षड्यन्त्रकारीहरू कसैलाई पनि मार्न नपाउने सर्तमा अर्थात् मार्दिनँ भनी कसम खुवाएर मात्र उनले भाइ बद्रीनरसिंहको नाम भनेका थिए ।[1] आफूलाई मार्न षड्यन्त्र भइरहेको थाहा पाउनेबित्तिकै जङ्गबहादुरले गोप्य रूपमा आफ्ना विश्वासिला भाइहरूलाई पठाएर करवीर खत्री र जयबहादुरका साथै बद्रीनरसिंहलाई घर ठमेलबाट, उपेन्द्रविक्रम शाहलाई पनि ठमेलबाट बग्गी पठाएर थापाथली दरबारमा ल्याए । बद्रीनरसिंहले अपराध स्वीकार नगरेपछि जङ्गबहादुरले सैनिकलाई उनको मुखमा जुत्तैजुत्ताले

१. बमबहादुरका छैटौँ पुस्ताका प्रतीकविक्रम राणासँग २०८१ कात्तिक २ गते भएको कुराकानीको आधारमा ।

हान्न लगाए । यो कुरा दरबारमा नै रहेकी जङ्गबहादुरकी आमाले थाहा पाएर जङ्गबहादुरलाई 'तैँले मेरो मालिक' (उपेन्द्रविक्रम) र बद्रीनरसिंहलाई केही गर्न पाउँदैनस् भनेर रोकिन् ।[२] यस घटनामा बमबहादुरले दाजुलाई षड्यन्त्रसम्बन्धी महत्त्वपूर्ण जानकारी दिएर जङ्गबहादुरलाई सम्भावित घटनाबाट जोगाए । तर त्यसपछिको कुनै क्रियाकलापमा पनि बमबहादुर संलग्न भएको देखिँदैन । यसबाट थाहा हुन्छ, जङ्गबहादुर र बमबहादुरबीच निकै मिल्ती थियो ।

जङ्गबहादुर युरोप भ्रमणमा जाँदा बमबहादुरले प्रधानमन्त्री भएर देशको शासन चलाइरहेका थिए । त्यस समय जङ्गबहादुर र उनको बीचमा धेरै चिठीपत्रहरू आदानप्रदान भएका थिए । जङ्गबहादुरको निर्देशनमा नै उनले प्रशासनसम्बन्धी सबैजसो काम गरेका थिए । त्यो समय देशको प्रमुख यिनी भए भने बद्रीनरसिंह सेनाप्रमुख भए । यिनीहरूको बीच कामको विषयलाई लिएर केही मतभेद भएको हुँदा बमबहादुरकै सिफारिसमा जङ्गबहादुर युरोपबाट फर्कनेबित्तिकै बद्रीनरसिंहलाई सत्ताच्यूत गरिदिएका थिए (मानन्धर, २०४८ : १४१) । पद्मजङ्गले पनि बमबहादुरले दिएको सूचनाअनुसार नै जङ्गबहादुरले अपराधीहरूलाई सजाय दिएको कुरा स्पष्ट रूपमा उल्लेख गरेका छन् ।

**मोतीमहल**

बमबहादुरको घर लगनटोलमा थियो । उनको घरमा आठवटा कोठी र आठवटा इनार थिए । बमबहादुरको घरबाहिर सानो गोठजस्तो एउटा घर थियो । त्यस घरलाई मोतीमहल भनिन्थ्यो । उक्त घरमा एउटा गोप्य कोठा थियो । त्यहाँ जङ्गबहादुर र बमबहादुरको गोप्य बैठक हुन्थ्यो । जहाँ जङ्गबहादुरले आफ्ना

२. बमबहादुर राणाका पाँचौँ पुस्ताका ऋसेन्द्रविक्रम राणा (८७ वर्ष) सँग २०८१ मङ्सिर ३० गते उहाँकै निवास वसुन्धरामा गरेको कुराकानी)

छोरा पद्मजङ्गलाई पनि लैजान पाउँदैनथे । यस गोप्य बैठकमा जङ्गबहादुरले बमबहादुरसँग आफ्ना समस्याहरू राख्ने छलफल गर्ने गर्थे । बमबहादुरले पनि दाजुलाई सल्लाह सुझावहरू दिने गर्दथे ।१९१४ सालमा बमबहादुरको मृत्यु भएपछि जङ्गबहादुरलाई सम्झाउने र आवश्यक सल्लाह दिने कोही भएन् । त्यसपछि भने उनी झन् निरङ्कुश बन्दै गए । दाजुभाइबीचको सम्बन्ध प्रगाढ थियो भन्ने कुरा मोतीमहलको गोप्य कोठासम्बन्धी भनाइबाट थप प्रस्ट हुन्छ ।

जङ्गबहादुर राणाले प्राइममिनिस्टर पदबाट राजीनामा दिएपछि १९१३ साउन १८ गते बमबहादुर कुँवर राणा प्राइममिनिस्टर पदमा नियुक्त भएका थिए । जङ्गबहादुरकै इच्छाअनुसार आफू प्राइममिनिस्टर भएको हुँदा बमबहादुरले व्यक्तिगत रूपले दाजुको सम्मानका लागि एउटा धर्मपत्र गरिदिएका थिए । धर्मपत्रमा दाजु जङ्गबहादुरको सल्लाह, सुझाव र निर्देशनअनुसार राजकाजसम्बन्धी सम्पूर्ण कार्य गर्ने, दाजुको इच्छाविपरीत कुनै काम पनि नगर्ने, आफू प्राइममिनिस्टर भए पनि दाजुले खाएको खानपिन दाजुलाई नै टक्र्याउने आदिइत्यादि कुराहरू उल्लेखित छन् । यिनै उल्लेखित कुराहरूबाट जङ्गबहादुर र बमबहादुरबीच घनिष्ठ सम्बन्ध रहेको अझ स्पष्ट हुन आउँछ ।

बमबहादुर बाँचुन्जेलसम्म दाजुप्रति पूर्ण रूपमा समर्पित रहेर सहयोग गरिरहे । जङ्गबहादुर र बमबहादुर रामचन्द्र र हनुमान्जस्तै थिए । हनुमान्ले रामको सेवा गरेजस्तै बमबहादुरले जङ्गबहादुरको सेवा गरेका थिए भन्नेहरू पनि छन् । बमबहादुर कायममुकायम प्रधानमन्त्री भएका बेला १९०७ सालमा उनले बमवीर विकटेश्वर शिवालय बनाएका थिए । युरोपबाट फर्किएपछि जङ्गबहादुरले मलाई नसोधीकन किन मन्दिर बनाएको भनेर प्रश्न गर्दा बमबहादुरले 'विभिन्न हत्याकाण्डमा हामीबाट धेरैको

ज्यान गएको छ । धेरैको सर्वस्व हरण भएको छ । त्यसैले प्रायश्चित गरी पुण्य प्राप्तिका लागि मैले यो शिवालय बनाएको हुँ' भनेका थिए । भाइका कुरा सुनेर जङ्गबहादुर राणाको चित्तमा घाम लागेको थियो । भाइ बमबहादुर राणाको कार्यबाट प्रभावित भएर नै १९१० सालमा जङ्गबहादुरले पनि थापाथलीको कालमोचन घाटमा जङ्गहिरण्य मन्दिर बनाएका थिए ।[३] राजकाज, धर्मकर्म र अन्य विषयमा जङ्गबहादुर राणाले भाइ बमबहादुर राणालाई सोधेर मात्रै निर्णय गर्दथे ।

---

३. बमबहादुर कुँवर राणाका छैटौँ पुस्ताका राजविक्रम राणा (बमवीर विकटेश्वर पूजा सञ्चालन समितिका अध्यक्ष) सँग २०८१ साउन १५ गते बमवीर विकटेश्वर महादेव मन्दिरपरिसरमा गरिएको कुराकानी) ।

# बमबहादुर कुँवर राणाका सामाजिक तथा धार्मिक कार्यहरू

बालनरसिंह कुँवर धार्मिक तथा समाजसेवी थिए । १८७४ सालको असोजतिर यिनी काजी पदमा रहेका थिए । काजी भएपछि उनले आफ्ना जिज्यू रामकृष्ण कुँवर र जयकृष्ण कुँवरले १९२९ सालतिर बनाएको गुह्येश्वरीदेखि पशुपतिसम्म जाने बाटोमा ढुङ्गा छाप्ने काम गरे । यिनैले पशुपतिनजिक मृगस्थलीमा श्री ६ रामकृष्णेश्वरको पत्थर शिवलिङ्ग र देवल स्थापना गरी पूजाआजा गर्नका लागि गुठीको व्यवस्था गरे । पशुपतिमा ब्राह्मण ब्राह्मणीहरूलाई नित्य अन्न दान गर्न; त्यहाँका बाटो, देवल, सत्तल आदिको मर्मत सम्भार गर्नका लागि पनि बालनरसिंह कुँवरले गुठीको व्यवस्था गरिदिएका थिए । गुठी व्यवस्थाका लागि उनले भादगाउँ (भक्तपुर) का अन्तिम राजा रणजित मल्लकी भित्रिनीपट्टिका छोरा अबधुतसिंहको घर, ५० रोपनी बारी र २२० रोपनी खेतबापत श्री ५ पृथ्वीनारायण शाहलाई ६७,०००।– बुझाएका थिए (पन्त र सुवेदी, २०५६ : १९) । त्यसै गरी उनले आफू र आफ्नी जेठी कजिनी रक्षकुमारीले मृगस्थलीमा स्थापना गरेको रक्षेश्वर रणवालेश्वर महादेवको मन्दिर स्थापना गरी नित्य पूजा गर्न गुठीको व्यवस्था गरे । उनले आफ्नी दुवै कजिनीहरू रक्षकुमारी र गणेशकुमारीले जीर्णोद्धार गरेको मृगस्थलीको गोरखनाथ मन्दिरमा नित्य पूजाका लागि पनि गुठीको व्यवस्था गरिदिएका थिए ।

## मन्दिर, सत्तल र गुठीको व्यवस्था

बुबा बालनरसिंह कुँवरजस्तै बमबहादुर कुँवर राणा पनि समाजसेवी र धार्मिक प्रवृत्तिका थिए । जङ्गबहादुर युरोप भ्रमणका लागि जाँदा उनले माहिला भाइ बमबहादुरलाई प्रधानमन्त्रीको कार्यभार सुम्पेका थिए । अनि आफू प्रधानमन्त्री भएको समयमा बमबहादुर कुँवर राणाले १९०७ साल माघ सुदी ७ मा बाग्मतीको दाहिने किनारमा बमवीर विकटेश्वर महादेव मन्दिर (चौघेरा सत्तलसहित) श्री कृष्ण, शुभद्रा, बलरामको मूर्ति रहेको जगन्नाथ मन्दिर र हनुमान्घाटमा श्री रामजानकी मन्दिर बनाए । त्यसै गरी उनले पशुपति मृगस्थलीमा बमरामेश्वर मन्दिर र सत्तल निर्माण गरे । भद्रकाली (लुमडी) मा सुनको जलप लगाएको झल्लर र तोरण चढाएका थिए (दर्नाल, २०६१ : ३२–५३) । त्यहाँ (लुमडीमा) वर्षको एक पटक घोडेजात्राको दिन बोकाको बलि दिएर पूजा गर्ने व्यवस्था गरी उनैले गुठी राखिदिए । यसरी पूजा गरेर दिएको बलिको प्रसाद ग्रहण गरेपछि मात्र टुँडिखेलमा घोडेजात्रा शुभारम्भ हुने प्रचलनसमेत रहेको छ ।[१]

## बमवीर विकटेश्वर महादेव मन्दिर

काठमाडौँ जिल्लाको काठमाडौँ महानगरपालिकाको टेकु पचलीस्थित बाग्मती नदीको दाहिने किनारामा बमवीर विकटेश्वर महादेव मन्दिर रहेको छ । यस मन्दिरमा तीनवटा शिखर भएकाले यसलाई तीन देवल पनि भन्दछन् । पचली भैरवबाट बाग्मतीघाट जाँदा देब्रेपट्टि चुना र सुर्कीको ठूलो प्रवेशद्वार रहेको छ । यो नै बमवीर विकेटेश्वर शिवालय छिर्ने प्रवेशद्वार हो । यही प्रवेशद्वारबाट ढुङ्गा छापेको बाटो सीधा गएपछि बमवीर विकटेश्वर मन्दिरको

---

१. बमबहादुर कुँवर राणाका छैटौँ पुस्ताका राजविक्रम राणा (बमवीर विकटेश्वर पूजा सञ्चालन समितिका अध्यक्ष) सँग २०८१ साउन १५ गते बमवीर विकटेश्वर महादेव मन्दिरपरिसरमा गरिएको कुराकानी) ।

पश्चिम सत्तलको ढोका आउँछ । यहाँबाट भित्र छिरेपछि महादेव मन्दिरको प्राङ्गणमा पुगिन्छ ।

चारैतिर दुईतले तथा दुई पाखा झिँगटीको छाना भएको चौघेरा सत्तलको बीचभागमा रहेको मुख्य मन्दिरमा तेस्रो पेटीमाथि अवस्थित चौबिसवटा थामहरूले बनेको एउटै लामो गर्भगृहमा तीनवटा शिवलिङ्ग लस्करै स्थापित गरिएको छ । शिवलिङ्गहरू चिल्लो ढुङ्गाबाट निर्माण गरिएका छन् र यी ज्यादै आकर्षक छन् । मन्दिरको बनोटको कुरा गर्नुपर्दा हरेक शिवलिङ्गको माथि टेराकोटाको शिखर छ । मन्दिरभित्र जानका लागि पूर्वपश्चिममा एकएकवटा र उत्तरदक्षिणमा तीनतीनवटा गरी आठवटा ढोकाहरू छन् । तीनवटै शिखरवरिपरि अष्टदिक्पाल (इन्द्र, अग्नि, यमराज, नैऋति, बरुण, वायु, कुवेर र इसान) का मूर्तिहरू राखिएका छन् । शिखरको माथि घण्टाकारमा सुन मोरेको कलश गजुर भएकाले मन्दिर निकै सुन्दर र आकर्षक देखिएको छ (फोटो परिशिष्टमा राखिएको छ) । कोत हत्याकाण्ड र भण्डारखालको हत्याकाण्डमा धेरै भारदारहरूको ज्यान गएको थियो । त्यस हत्याकाण्डको दोषीको भागीदार आफू पनि भएको हुनाले प्रायश्चितका लागि बमबहादुर कुँवर राणाले यो (बमवीर विकटेश्वर) मन्दिर बनाएका थिए ।

दक्षिणाभिमुख यस मन्दिरको मुख्य ढुङ्गाको सिँढी दक्षिणतिर नै रहेको छ । सिँढीको दायाँबायाँ दुईवटा घण्टहरू छन् । त्यसमध्ये पूर्वतिरको घण्टमा ‘स्वस्ति श्री संवत् १९०७ साल मिति आषाढ सुदी १५ रोज ४ मा श्री श्री श्री वंवीरविकटेश्वर प्रीति गरी श्री मद्रासकुमारकुमारात्मक श्री कमान्डर इन चिफ जनरल बमबहादुर कुँवर राणाजीबाट चढाएको घंट : ॥ यस घण्टमा जसले लोभनि पापानि गर्ला तसलाई पंचमहापातक शिवको कुदृष्टि लाग्ला शुभम ॥’ भनी लेखिएको छ (दर्नाल, २०६१ : ३२–५३) ।

घण्टमा लेखिएको अभिलेख तेल र धूलोले गर्दा अहिले अक्षरहरू स्पष्टसँग नदेखिने हुँदा पढ्न गाह्रो छ । यस बमवीर विकटेश्वर महादेव मन्दिरभित्र बमबहादुर कुँवरको १९१३ सालको ताम्रपत्र र उनकी रानी इन्द्रवदनदेवी राणाको १९३४ सालको ताम्रपत्र रहेको छ (ताम्रपत्रहरूलाई परिशिष्टमा राखिएको छ) ।

बमबहादुर कुँवर राणाको २०१३ सालको ताम्रपत्रमा 'श्री बाग्मतीको किनारमा स्थापित श्री बंवीर विकटेश्वर महादेव र श्री कृष्ण बलराम सुभद्राको नित्यपूजा, वर्षपूजा, पर्वपूजा र सत्तल, देवालय चौघेरा धर्मघाट बगैँचाको मर्मत संभार गर्ने भन्ने उल्लेख छ । त्यसैगरी श्री पशुपतिमा चढाएको मुकुट सफा गर्ने साथै श्री गुह्येश्वरी, लुमडी (भद्रकाली), श्री हनुमानको पूजा गर्ने र कामदार, टहलुवा, पुजारी बाजा बजाउने, घाट सफा गर्ने, कुचिकार सबैलाई खान्की दिन १९१३ सालदेखि किनुवा बिर्ता, तपसिलबमोजिम खेत १९/१६/४ गुठी राखिदियू । यही खेतको उत्पादनबाट साल बसालको गुठीयारले तपसिल बमोजिम खर्च गरी बाँकी रहेको जगेरा राखी गुठीकै कोषमा जम्मा गरी उक्त रकमले जग्गा नै किन्नु' भन्ने उल्लेख छ । त्यसै गरी 'हामी र हाम्रा सन्तानले यो गुठी सञ्चालन गर्नु, यो गुठीमा जसले आम्दानी अनुसार खर्च नचलाई लोभनी पापनी गर्ला उसलाई पंचमहापातक लाग्ला' भन्ने व्यहोरा लेखिएको छ । १९३४ सालको ताम्रपत्रमा 'कान्छी रानी इन्द्रवदनदेवीबाट श्री बागमतीको किनारमा स्थापना भएको इन्द्र भक्तेश्वर महादेवको नित्य पुजा, पर्वपुजा, वर्षपुजा एवं शिवालय, धर्मशाला, बगैंचाको मर्मत सम्भार गर्न, काम गर्ने कारिन्दाको बालीको लागि तपसिल बमोजिमको कामको खर्चको लागि हाम्रो किनुवा बिर्तामा दगाउँका तपसिल बमोजिम संवत् १९३४ थुप्रै सालको बालीदेखि गुठी राखिदियूँ, यो गुठी बमवीर विकटेश्वर महादेवको गुठीयार जो हुन्छ उसैले यो गुठी पनि चलाउने छ ।'

यस गुठीमा जसको आँखा लाग्नेछ उसलाई महापातक लाग्नेछ । यस पत्रको साक्षी हाम्रा छोरा श्री मद्रासकुमार कुमारात्मज श्री कर्णेल यक्षविक्रमबहादुर राणा रहेका छन् । यो ताम्रपत्र बमबहादुरकी कान्छी रानी इन्द्रवदन देवीले स्थापना गरेकी हुन् ।

शिवालयको प्राङ्गणमा विभिन्न प्रकारका ससाना गुम्बज आकारका मन्दिरभित्र चिटिक्क परेका देवमूर्तिहरू र शिवलिङ्गहरू स्थापना गरिएका छन् । जसले गर्दा यस शिवालयको सौन्दर्यता बढाएको छ । यस शिवालयको प्राङ्गणमा पूर्व दिशामा गणेश मूर्ति, दक्षिण दिशामा दुर्गा शक्तिको देवी महिषासुर मर्दिनीको मूर्ति, पश्चिमी दिशामा सूर्यमूर्ति विष्णुमूर्ति, दक्षिणतिर छत्रचण्डेश्वर मूर्तिहरूको स्थापना गरिएको छ भने यहाँ सानासाना शिवलिङ्गहरू पनि स्थापना गरिएका छन् । यी शिवलिङ्गहरू उत्तरतिर फर्काइएका छन् भने सानासाना बसाहाहरू पनि स्थापना गरिएका छन् । बसाहालाई शिवजीको बहानको प्रतीक मानिन्छ ।

त्यसै गरी बमवीर विकटेश्वर शिवालयको मन्दिरपरिसरमा अन्य मन्दिर, सत्तल र स्मारकहरू पनि स्थापित छन्; जस्तै– लक्ष्मीनारायण मन्दिर, सत्तल, शिव मन्दिर, पञ्चलिङ्ग महादेव मन्दिर, जगन्नाथ मन्दिर आदि । जगन्नाथ मन्दिरभित्र कृष्ण, शुभद्रा र बलरामका प्रस्तर मूर्तिहरू छन् । भुवनेश्वर महादेव मन्दिर र सत्तल, राम, सीता, नरसिंह मन्दिर र सत्तलहरू, राधाकृष्ण सत्तल र इन्द्रभक्तेश्वर महादेव मन्दिर र सत्तल छन् । यी मन्दिर तथा सत्तलहरूको बनौटका छुट्टाछुट्टै वास्तुकला र आआफ्नै महत्त्व छ । यी मन्दिर तथा सत्तलहरूमध्ये बमवीर विकटेश्वर मन्दिरको पश्चिमतिर रहेको इन्द्रभक्तेश्वर महादेव मन्दिरमा चढाएको घण्टमा एउटा अभिलेख छ । अभिलेखमा यो मन्दिर बमबहादुरका कान्छा छोरा इन्द्रभक्तेश्वरले १९२१ सालमा बनाएको हो भन्ने विवरण छ

(दर्नाल, २०६१ : ३२–५३) । तर राणाजीहरूको बृहत् वंशावली, अन्य पुस्तक र विभिन्न महानुभावहरूसँगको अन्तर्वार्ताबाट बमबहादुर कुँवरको ३ जना छोराहरू तेगबहादुर, बमवीरविक्रम र यक्षविक्रम रहेको जानकारी पाइन्छ । इन्द्रभक्तेश्वरको नाम भने कतै देखिँदैन । उनी ल्याइतेपट्टिका छोरा हुन् कि भन्ने पनि अनुमान रहेको छ ।

**बमवीर विकटेश्वर मन्दिरमा पूजा गर्ने परम्परा र विधि**

यस मन्दिरमा नित्यपूजाका साथै वार्षिक रूपमा विभिन्न चाडपर्वहरूमा पुजाआजा गर्ने प्रचलन रहेको छ । पूजाआजा गर्नका लागि अन्य श्रोतको रूपमा विभिन्न गुठी राखिएको छ ।

यस मन्दिर (शिवालय) मा ब्राह्मणद्वारा दैनिक रूपमा बिहान पूजा आराधना र साँझमा आरती गराउने परम्परा मन्दिरको स्थापनाकालदेखि नै रहिआएको छ । नित्यपूजा गर्दा सबै मन्दिरमा पूजा गर्ने विधि र परम्परा आआफ्नै रहेको पाइन्छ ।[२]

नित्यपूजा गर्दा आवश्यक सामग्रीहरू– धूप, दीप, नैवेद्य, केशरी, जल, सिम्रिक, बेलपत्र, चन्दन, अक्षता, जौ, तिल, धतुरोको फूल र भएसम्म बेलीपुष्प आदि प्रमुख हुन् ।

**शिवालयमा नित्यपूजा गर्ने पुजारीहरू**

यस शिवालय स्थापना भएदेखि नै भट्टराई थरका ब्राह्मणहरू पुजारी रहँदै आएका छन् । भट्टराईहरू रामकृष्ण कुँवरसँगै गोरखाबाट काठमाडौँ आएका थिए । बमबहादुरले यो शिवालय स्थापना गरेपछि तिनै भट्टराईहरूलाई शिवालयको पुजारीमा नियुक्त गरेका थिए । हाल बमबहादुर कुँवर राणाको छैटौँ पुस्ता चल्दै गरेजस्तै यहाँका पुजारी भट्टराईहरूको पनि छैटौँ पुस्ताले

२. बमवीर विकटेश्वर पूजा सञ्चालक समितिका अध्यक्ष राजविक्रम राणासँग २०८१ साउन १५ गते गरिएको वार्तामा आधारित ।

पूजा गर्दै आएका छन् ।[३] यस मन्दिरमा नित्य पूजा गर्ने पुजारीहरू छ जना रहेका छन् ।

**नित्यपूजा गरिने मन्दिरहरू**

१. मुख्य देवता शिवालय मन्दिर (तीनदेवल), २. लक्ष्मीनारायण मन्दिर, ३. राम मन्दिर, ४. कृष्ण, बलराम र शुभद्रा (जगन्नाथ) मन्दिर, ५. रामेश्वर मन्दिर, ६. पञ्चदेवल, ७. गुणभुवनेश्वर मन्दिर, ८. सेतो महादेव, ९. प्राङ्गणमा रहेका गुम्बज शैलीका मन्दिरहरू १०. गणेश, दुर्गा, विष्णु, सूर्य, छत्रचण्डेश्वर र ससाना शिवलिङ्गहरू ।

यस शिवालयमा नित्यपूजा गर्दा कपालीहरूले बाजा बजाउने प्रचलन मन्दिरको स्थापनाकालदेखिकै हो । यहाँ बाजा बजाउँदा पनि छ जनाले बजाउने चलन छ । पुजारीहरू र बाजा बजाउनेहरूलाई गुठीको आयस्थाबाट वार्षिक रूपमा धान दिने परम्परा छ (अधिकारी, २०७२ : २८–२९) ।

**बमवीर विकटेश्वर शिवालयमा गरिने वार्षिक पर्वपूजाहरू**

यस बमवीर विकटेश्वर शिवालयमा 'श्री बमवीर विकटेश्वर गुठी'ले वार्षिक रूपमा मनाइने पर्वपूजा र चाडपर्वहरू सुचारु रूपले सञ्चालन गर्दै आइरहेको छ ।

अक्षय तृतीया–

अक्षय तृतीयाको दिन भगवान् शिव र माता पार्वतीको विवाह भएको मानिन्छ । त्यसैले यो पर्व सबै शिवालयहरूमा मनाउने गरिन्छ, जस्तै– काठमाडौँको पशुपतिनाथ मन्दिर, पाटनको कुम्भेश्वर मन्दिर, भक्तपुरको यक्षश्वर मन्दिरको साथै अन्य शिव मन्दिरहरूमा अक्षय तृतीयाका दिन जौको सातु र सर्बत खाने र खुवाउने चलन छ ।

---

३. बमबहादुर कुँवर राणाका छैटौँ पुस्ताका राजविक्रम राणा (बमवीर विकटेश्वर गुठी पूजा सञ्चालक समितिका अध्यक्षसँग २०८१ भदौ २० गते गरिएको कुराकानी) ।

अक्षय तृतीयाको दिन बमवीर विकटेश्वर शिवालयमा गरिब, साधु, सन्त, वृद्धवृद्धा र भक्तजनहरूलाई सातु र सर्बत बाड्ने प्रचलन छ । आठ जनालाई एकएक माना चिउरा पनि बाड्ने चलन छ । यो बाड्ने कार्य बमवीर विकटेश्वर गुठी पूजा सञ्चालक समितिका अध्यक्ष (हाल राजविक्रम राणा) बाट हुँदै आएको छ । सोही दिन गुह्येश्वरी मन्दिर र पशुपति मृगस्थलीको बमरामेश्वर मन्दिरमा पूजा आराधना गरी सातु, सर्बत बाडिन्छ । यसका साथै बमबहादुर कुँवरले पशुपतिनाथ मन्दिरमा चढाएको ११० तोला सुनको नागको मुकुट र ७००० तोला चाँदीका गरगहना र उनकी कजिनी गृवाणनन्दकुमारीले चढाएको २५ तोला सुनको नागको पछ्यौरी यथास्थितिमा भए नभएको रेखदेख गर्न अक्षय तृतीयाको दिन बमवीर विकटेश्वर गुठीको अधिकारप्राप्त व्यक्तिले गुठीकै रोहवरबाट कालीगढ लगी ज्याला दिएर सरसफाइ तथा मर्मत गराउने परम्परा छ । यसका साथै पशुपतिको मूल ढुकुटीमा चढाएका अन्य सामग्रीहरूमा नागमणि, एकमुखे रुद्राक्ष र गोर्लाचन रहेको छ । गुठी संस्थान, गृह मन्त्रालयको प्रतिनिधि, मूल भट्ट र गुठीको गुठियारको रोहवरमा ती सामग्रीहरूको रुजु गर्ने परम्परा रहेको छ ।

श्रावण शुक्ल अष्टमी–

श्रावण शुक्ल अष्टमीको दिन यस शिवालयमा दुःखी, गरिब, वृद्धवृद्धा, साधुसन्तहरूलाई खीर, चिउरा, मिठाई, सक्खर बाड्ने चलन छ । त्यस दिन पशुपति मृगस्थलीको बमरामेश्वर मन्दिरमा पनि तिनै चीजहरू बाड्ने परम्परा रहिआएको छ (अधिकारी, २०७२ : ३०) ।

जनै पूर्णिमा–

श्रावण शुक्ल पूर्णिमाको दिन जनै लगाउने जाति (आर्य)हरूले नदी, तलाउमा स्नान गरी शुद्ध भएर नयाँ जनै फेर्दछन् । घरघरमा ब्राह्मणहरूद्वारा रक्षाका लागि हातमा डोरो बाँधी टीकाप्रसाद ग्रहण गर्ने चलन छ । त्यस दिन मास, मुगी, चना, केराउ, भटमास, बोडी,

मस्याङ, गहत, बकुल्ला, सिमी आदि मिसाएर भिजाई टुसा उम्रिएको गेडागुडी पकाएर खाने चलन छ । जसलाई नेवारी भाषामा क्वाँटी भनिन्छ (मुनकर्मी, २०४१ : ३३६) । सो दिन बमवीर विकटेश्वर र मृगस्थलीको बमरामेश्वर मन्दिरमा पूजा गर्ने प्रचलन छँदै छ ।

कृष्णाष्टमी–

कृष्णाष्टमीलाई भगवान् श्रीकृष्णको जन्मदिनको रूपमा लिइन्छ । त्यस दिन सबै कृष्णमन्दिरहरूमा भक्तजनहरूको भिड लाग्दछ । विशेष गरी पाटनको कृष्णमन्दिरमा पूजा र आराधना गर्न भक्तजनहरूको घुइँचो लाग्छ । उक्त दिन बमवीर विकटेश्वर शिवालयपरिसरमा रहेको श्रीकृष्ण भगवान्को मन्दिरमा पूजा गरी १००–१५० जनालाई भण्डारा लगाई हलुवा, पुरी, तरकारी, खीर, मालपुवा खुवाउने परम्परा छ । साँझ आफ्नो परिवारसहित श्रीकृष्ण भगवान्को भजनकीर्तन गर्दछन् ।

हरितालिका (तीज)–

तीज हिन्दु महिलाहरूको महान् चाड हो । यो भाद्र कृष्ण तृतीया तिथिमा पर्दछ । तीजका दिन विवाहित नारीहरूले श्रीमान्को आयु लामो होस्, रोगव्याधि नलागून भनेर र अविवाहित नारीहरूले असल श्रीमान् पाऊँ भनेर मुखमा पानी पनि नहाली आराध्यदेव श्री महादेवको पूजा र आराधना गरी व्रत बस्दछन् । त्यस दिन सबै शिव मन्दिरहरूमा महिलाहरूले पूजा गरी नाचगान गर्दछन् । काठमाडौँको पशुपतिनाथ मन्दिरमा महिलाहरूको भिड लाग्दछ । यस बमवीर विकटेश्वर शिवालयमा पनि व्रतालु महिलाहरूको भिड लाग्दछ । साँझपख शिवजीको पूजा गरी मन्दिरको वरिपरि रहेको पालामा दियो बाल्ने परम्परा रहँदै आएको छ ।

लक्ष्मीपूजा–

कार्तिक कृष्ण औँसीको दिन सबै हिन्दू धर्मावलम्बी नेपालीहरूको घरघरमा लक्ष्मीको पूजा गरिन्छ । यसपछि बमवीर विकटेश्वर

शिवालयपरिसरमा रहेको राममन्दिरको हनुमान्लाई नयाँ वस्त्र पहिऱ्याई तेल लगाउने र पूजा अर्चना गरी हनुमान् जयन्ती मनाउने परम्परा छ ।[४]

श्रीपञ्चमी–

माघ महिनाको शुक्ल पञ्चमीको दिनलाई श्रीपञ्चमी, सरस्वती पञ्चमी वा वसन्त पञ्चमी भन्ने गरिन्छ । यस दिन काठमाडौँको स्वयम्भूस्थित सरस्वतीको मन्दिरमा श्रद्धालु भक्तजनहरूको भिड लाग्दछ । यस दिन बमवीर विकटेश्वर गुठीद्वारा मृगस्थलीस्थित बमरामेश्वर मन्दिरमा विधिपूर्वक पूजा गरी होम हाल्ने परम्परा छ । यसका साथै त्यहाँ रहेका बाँदरहरूलाई धान, मकै खान दिने परम्परा छ ।

अचला सप्तमी–

अचला सप्तमी पर्व फागुन महिनाको सप्तमीको दिन मनाइन्छ । यस दिन शिवालयको वारिपारि नयाँ कपडाको झल्लर टाँग्ने, मन्दिरको घण्ट, बसाहामा तेल घस्ने र शिवालयमा पूजाआजा गर्ने परम्परा छ । त्यस दिन शिवालयमा व्रतबन्ध गर्ने, होम गर्ने र बमबहादुरका सन्ततिहरू, इष्टमित्र, गुठीका व्यक्तिहरूलाई बोलाएर भोज खुवाउने चलन रहेको छ ।

फाल्गुन शुक्ल अष्टमी–

फाल्गुन महिनाको शुक्ल अष्टमीको दिन यस बमवीर विकटेश्वर शिवालयको गुठीद्वारा गुह्येश्वरीको पूजाआजा गरी बलि दिने र पशुपतिनाथमा दूध, नरिवल, कपडा, भेटी, फूलप्रसाद चढाई पूजाअर्चना गरी बमबहादुरका सन्तान र गुठियारहरूलाई प्रसाद

---

४. बमबहादुर कुँवर राणाका छैटौँ पुस्ताका राजविक्रम राणा (बमवीर विकटेश्वर गुठी पूजा सञ्चालक समितिका अध्यक्षसँग २०८१ भदौ २० गते गरेको कुराकानी ।

खुवाउने चलन छ । यो पर्व १९०७ सालमा शिवालयको स्थापना भएको दिनदेखि नै मनाउँदै आएको मानिन्छ ।[५]

शिवरात्रि–

श्री महादेव शिवलिङ्गको रूपमा उत्पन्न भएको रात नै शिवरात्रि हो । फाल्गुन कृष्ण चतुर्दशीका दिनलाई शिवरात्रि भनिन्छ । यो दिन विश्वभरिका हिन्दू धर्मावलम्बीहरूले भगवान् शिवको पूजा आराधना गर्दछन् । त्यस दिन सबै शिवमन्दिरहरूमा भक्तजनको भिड लाग्दछ । बमवीर विकटेश्वर शिवालयमा पनि भगवान् शिवको पूजाआजा गर्न भक्तजनहरूको भिड लाग्दछ । त्यस दिन यस शिवालयमा देशविदेशबाट आएका करिब पाँच सय साधुसन्त, जोगी आगन्तुक, गरिबगुरुवाहरूलाई भण्डारा लगाउने चलन छ । भण्डारामा भुजा, हलुवा, चिउरा, सक्खर आदि राखिएको हुन्छ । यहाँ तीन दिनसम्म साधुसन्तहरूलाई खाना र बस्ने व्यवस्था हुन्छ । भारतबाट आउने साधुसन्तहरूलाई आउने जाने बाटो खर्च पनि गुठी व्यवस्थापन समितिले दिने गर्दछ भने नेपाली ठूलाठूला महात्माहरूलाई भिक्षा दिनेसमेत चलन रहिआएको छ ।[६]

रामनवमी–

रामनवमीका दिन हिन्दू धर्मावलम्बीहरूले पुरुषोत्तम भगवान् श्रीरामचन्दको पूजा आराधना गर्दछन् । यस दिन बमवीर विकटेश्वर शिवालय परिषद्मा रहेको राममन्दिरमा विधिवत् पूजा अर्चना, भजनकीर्तन हुन्छ । मन्दिरभित्रका राम, सीता, लक्ष्मणका मूर्तिमा नयाँ वस्त्र पहिऱ्याउने गरिन्छ । पूजा सकिएपछि साधुसन्त, भक्तजन, अशक्तहरूलाई हलुवापुरी बाँड्ने पनि गरिन्छ ।

---

५. बमवीर विकटेश्वर गुठी पूजा सञ्चालक समितिका अध्यक्ष राजविक्रम राणासँग २०८१ भदौ २० गते गरिएको कुराकानीमा आधारित ।

६. राजविक्रम राणासँग २०८१ भदौ २० मा गरिएको कुराकानीको आधारमा ।

घोडेजात्रा–

चैत महिनाको चतुर्दशीका दिन काठमाडौँ उपत्यकामा घोडेजात्रा पर्व मनाइन्छ । घोडेजात्राको दिन बमवीर विकटेश्वर शिवालयको गुठी कोषबाट भद्रकाली (लुमडी) माईको पूजाका लागि पूजासामाग्री– अबिर, केशरी, अक्षता, जौ, तिल, फलफूल, भेटी, रातो सेतो ध्वजाका लागि कपडा, नैवेद्यका लागि पाकेको केरा, नरिवल, बत्ती, धुप र बोका बर्सेनि दिने परम्परा छ ।

**बमवीर विकटेश्वर शिवालयमा गरिने संस्कारहरू**

बमबहादुर कुँवर राणाले स्थापना गरेको यस शिवालयमा उनका सन्ततिहरूले गर्ने संस्कार कार्यहरू हुन्छ । जस्तै– कुनै सन्ततिको जन्म भएमा यही आएर न्वारन गर्ने, व्रतबन्ध, विवाह गरेपछि मन्दिरको शिवलाई ढोगेर आशीर्वाद लिन परम्परा छ । त्यसै गरी गुठीका राणाखलकमा कसैको मृत्यु भएमा १३ दिनको किरिया बस्ने संस्कार यही शिवालयको सत्तलमा बसेर गर्नुपर्ने नियम छ । बमबहादुरको सन्ततिमध्ये कोहीको घर नभएर डेरामा बसिराखेको छ र उसको मृत्यु भयो भने यही शिवालयमा अन्तिम किरिया कर्म गर्न दिने संस्कार रहिआएको छ । वार्षिक पूजाहरूमा गुठियार वा आफ्ना खलकहरू आएर विधिपूर्वक पूजाआजा गर्ने चलन छ । यसैबारे प्रतीकविक्रम राणाको भनाइ छ– 'यस परम्पराले गर्दा गुठीयार र आफन्तजनहरूबीचमा सामीप्यता रहेको पाइन्छ ।'

**बमवीर विकटेश्वर मन्दिरको गुठी व्यवस्था**

प्राइममिनिस्टर तथा कमान्डर इन चिफ जनरल बमबहादुर कुँवरबाट १९०७ सालमा बमवीर विकटेश्वर महादेवको मन्दिर (शिवालय) र हनुमान्घाटमा श्री राममन्दिर, पशुपति मृगस्थलीमा बमरामेश्वर मन्दिर निर्माण गरी सत्तल, पाटी, बनाउनुका साथै गुह्येश्वरीमा जोर सुनौला सिंहको मूर्ति स्थापना गरी गुठीको व्यवस्था गरेका थिए । उक्त गुठी सञ्चालन गर्नका लागि उनले

काठमाडौँ उपत्यकाका काठमाडौँ, भक्तपुर ललितपुर र कीर्तिपुरमा जम्मा ६५९ रोपनी जमिन निजी पैसाले खरिद गरी हनुमान्घाटमा २४ रोपनीको बगैँचासमेत गुठी राखिदिए । उक्त गुठी आफ्नै परिवारबाट सञ्चालन गर्नेसमेत पनि भनिएको छ । उक्त जग्गाको वार्षिक आम्दानीबाट बमवीर विकटेश्वर महादेव मन्दिरमा नित्य पूजा र आरती, पर्वपूजा, वर्षपूजा, कारिन्दाको तलब, पाटी, सत्तल, देवालयको मर्मत सम्भारमा खर्च गरी बाँकी रहेको रकम गुठीकै कोषमा जम्मा गरिदिनु भन्ने दानपत्रमा उल्लेख छ । यस गुठीको आम्दानीलाई श्री ५ सुरेन्द्रबाट कर नलाग्ने ताम्रपत्र बक्स भएकाले यस गुठी जग्गाको आम्दानीबाट सरकारलाई कर तिर्नु पर्दैन । बमबहादुरका सन्ततिबाटै यस गुठीको सञ्चालन हुँदै आएको छ ।

यस गुठी सुरुमा प्राइममिनिस्टर एन्ड कमान्डर इन चिफ जनरल बमबहादुर कुँवर राणाका छोरा जर्नेल बमवीरविक्रम कुँवर राणाले सञ्चालन गर्दै आएकोमा निज बडाहाकिम भएर धनकुटा गएको र उनका छोराहरू केटाकेटी नै भएकाले उक्त गुठी जनरल यक्षाविक्रम कुँवर राणाले सञ्चालन गरेका थिए । तार्क्ष्यविक्रमले केही समय गुठी चलाए । त्यसपछि गुठीको तालुक आफ्ना भाइ लीलाविक्रममा सारी पाऊँ भनी तत्कालीन श्री ३ महाराजमा सिफारिससहितको निवेदन गरी श्री ३ महाराजको खड्क निसाना गरी लीलाविक्रमको नाममा गुठीको तालुक सारे । लीलाविक्रम परलोक भएपछि उनका छोरा पुण्यविक्रम राणालाई 'राम्रो काम गरेसम्मको लागि' भन्ने वाक्य राखी मुख्तियार बबरशमशेर जबराबाट एकछापेका आधारमा २००५ सालमा गुठीको तालुक दिइयो ।

त्यसपछि २०४९ सालमा उक्त गुठी सञ्चालनका लागि जनार्दनविक्रम राणाको अध्यक्षतामा आठ सदस्य भएको एउटा

समिति गठन भयो । त्यही समितिले नै उक्त गुठी सञ्चालन गर्न थाल्यो । २०५७ सालमा जनार्दनविक्रम राणाको निधनपछि उनकै माहिला छोरा राजविक्रम राणाको अध्यक्षतामा एघार सदस्यीय गुठी व्यवस्थापन समिति गठन भयो ।

**गुह्येश्वरीमा जोर सिंहको मूर्ति स्थापना**

काठमाडौँ उपत्यकामा रहेका प्रसिद्ध मन्दिरहरूमध्ये गुह्येश्वरी मन्दिर एक हो । यो मन्दिर पशुपतिनाथ मन्दिरदेखि एक किलोमिटर पूर्व बाग्मती नदीको दक्षिणी किनारमा अवस्थित छ । सतीदेवीको गुह्ये पतन भएको ठाउँमा उत्पन्न भएकी देवी हुनाले यसको नाम गुह्येश्वरी रहेको विश्वास गरिन्छ । यो मन्दिर नेपालको एक शक्तिपीठ पनि हो । यिनै देवीप्रति बमबहादुर कुँवर राणाको अपार आस्था र विश्वास रहेको पाइन्छ । प्रधानमन्त्री जङ्गबहादुर राणा युरोप भ्रमणमा गएको समयमा बमबहादुर कुँवर राणाले प्रधानमन्त्री पद सम्हालेको छोटो समयमा उनले धेरै धार्मिक तथा परोपकारी कार्यहरू गरे । १९०७ जेठ १० रोज ४ मा बमबहादुरले गुह्येश्वरी मन्दिरको दक्षिण दिशामा कछुवामाथि अडचाइएको प्रस्तरको स्तम्भमाथि सुनौला जोर सिंहले तरबार बोकेको मूर्ति स्थापना गरे (फोटो परिशिष्टमा राखिएको छ) । मूर्ति स्थापना गर्नुको उद्देश्य यसभन्दा अगाडि मुलुकमा जति पनि हत्याकाण्डहरू भए त्यसको अपशोच मान्दै अबदेखि त्यस्ता हत्या, हिंसा, काटमार नगर्ने र देशमा शान्ति स्थापना होस् भन्ने रहेको छ ।[७] उक्त स्तम्भमा अङ्ग्रेजी, उर्दू, नेपाली, बङ्गाली, फारसी र तिब्बती गरी छवटा भाषामा अभिलेख कुँदिएको छ (स्तम्भको फोटो परिशिष्टमा राखिएको छ) । उनले अभिलेखमा कुँदिएका भाषाहरू राम्रोसँग पढ्न, लेख्न र बोल्न जान्दथे । नेपाली भाषामा लेखिएको अभिलेख यस प्रकार छ– ‘स्वस्ति श्री संवत्

७. राजविक्रम राणासँग २०८१ साउन १५ गते बमवीर विकटेश्वर महादेव मन्दिरपरिसरमा गरिएको कुराकानीको आधारमा ।

१९०७ साल मिति जेष्ठ सुदि १० रोज ४ मा श्री ५ गुह्येश्वरी प्रीति गरी सुवर्ण सहीत षम्वामा सिंघ जोडा १ षद्ग सहीत श्री मद्राजकुमार कुमारात्मज श्री रामकृष्ण कुवर राणाजीका पुत्र श्री मद्राजकुमार कुमारात्मज कुवर राणाजी रणजित कुवर राणाजीका पुत्र श्री वालनरसिंह कुवर राणा जीका कनिष्ठ पत्नी श्री यक्षकुमारीका द्वितीय पुत्र श्रीमद्राजकुमार कुमारात्मज श्री कमान्डर इन चिफ जनरल बमबहादुर कुवर राणाजीले चढायाको शुभम् ।' यस स्तम्भका बारे प्रतीकविक्रम राणाको भनाइ छ– यो स्तम्भ राणाखलकको मात्र गौरव नभएर समस्त हिन्दुहरूले समेत गौरवीबोध गर्ने थाम भएको छ ।'

अभिलेखप्रति चासो राख्ने जोकोहीले पनि यी अभिलेखहरू पढ्न र बुझ्न सक्नेछन् । सुनौला जोर सिंहले समातेको तरबारसम्बन्धी एउटा रोचक भनाइ पाइन्छ । यो भनाइ नेपाल–तिब्बत युद्ध भएको समयसँग जोडिएको छ । युद्धका लागि बमबहादुरको नेतृत्वमा फौज केरुङतर्फ प्रस्थान गरिसकेको थियो । गुह्येश्वरीमा एउटा तरबार भेटियो । चारैतिर सोधीखोजी गर्दा पनि तरबार कसको हो पत्ता लागेन । बमबहादुरकी रानी भुवनेश्वरीलाई उक्त तरबार आफ्ना श्रीमान्लाई दिन मनासिब लाग्यो र म्यानामा चढेर उनी युद्धस्थल पुगिन् । बमबहादुरले आफ्नी श्रीमतीलाई आइमाई मान्छे भएर युद्धस्थलमा किन आएको भनेर हप्काए । श्रीमान्लाई तरबार दिएर उनी फर्किइन् । नेपाल–तिब्बत युद्धमा नेपालको विजय भयो । त्यसपछि बमबहादुरले गुह्येश्वरीमा होम गरेर उक्त तरबारलाई प्रस्तरको स्तम्भमाथि जोर सिंहले समातेको मूर्ति बनाएर मन्दिरअगाडि स्थापना गरी गुह्येश्वरीको तरबार गुह्येश्वरी देवीलाई नै चढाए ।[८] नेपाल–तिब्बत युद्धको समाप्ति १९१२ मङ्सिरमा भएको हो । १९१२ चैतमा त नेपाल–तिब्बतबीच थापाथली सन्धि भएको हो ।

---

८. रुसेन्द्रविक्रम राणासँग २०८१ मङ्सिर ३० गते उहाँकै निवास वसुन्धरामा गरिएको कुराकानी ।

ऋसेन्द्रविक्रमको भनाइअनुसार उक्त प्रस्तरको स्तम्भमाथि जोर सिंहले समातेको तरबारको मूर्तिको स्थापना १९१२ सालमा भएको देखिन्छ । तर स्तम्भको अभिलेखमा मूर्ति १९०७ साल जेठमा स्थापना गरिएको लेखिएको छ । त्यसैले यो तरबारको मूर्तिको स्थापना नेपाल–तिब्बत युद्धको समाप्तिपछि नभएर १९०७ मा बमबहादुर कायममुकायम प्रधानमन्त्री भएको समयमा स्थापना गरेको देखिन्छ । अभिलेखमा उनले आफूलाई प्रधानमन्त्री नभनी कमान्डर इन चिफ भनेका छन् । उनी कायममुकायम प्रधानमन्त्री रहेकाले प्रधानमन्त्री भनी नलेखेको हुन सक्दछ ।

मूर्ति स्थापना गरिसकेपछि उनले गुह्येश्वरी देवीलाई हरेक महिनाको शुक्ल अष्टमीमा बोकाको बलि दिई पूजा गर्ने परम्परा बसाले । बमवीर विकटेश्वर गुठी पूजा सञ्चालन समितिद्वारा नै गुह्येश्वरीमा पूजाआजा गर्ने व्यवस्था पनि उनले मिलाएका थिए । हालसम्म पनि यहाँ त्यही परम्परा कायम छँदै छ । गुह्येश्वरी देवी राणाको कुलदेवता पनि हो ।

# उपसंहार

प्रधानमन्त्री बमबहादुर कुँवर राणा शान्त स्वभावका थिए । उनी वीर योद्धा, विद्वान्, कूटनीतिक, समाजसेवी र धार्मिक प्रवृत्तिका थिए । उनी देशभक्तका एउटा सग्लो नमुना पनि थिए । उनका पुर्खा कुँवर राणाहरूले नेपालको एकीकरण गर्न महत्त्वपूर्ण योगदान दिएका थिए । बमबहादुर कुँवर राणाका जिजुहजुरबुबा रामकृष्ण कुँवर पृथ्वीनारायण शाहको विजयी अभियानमा सारथीका रूपमा थिए । उनका हजुरबुबा रणजित कुँवरले नेपालको पश्चिमी विजयी अभियानमा विशेष योगदान पुऱ्याएका थिए । विजयी अभियानकै क्रममा रणजित कुँवरले काँगडाको युद्धमा वीरगति प्राप्त गरेका थिए ।

बमबहादुर कुँवरका बुबा बालनरसिंह कुँवर दरबारका उच्च तहका भारदार थिए । भीमसेन थापा सर्वेसर्वा भएको समयमा यिनले विभिन्न जिल्ला बडाहाकिम भएर काम गरेका थिए । राजनीतिक अशान्ति, राजदरबारभित्रको अस्वस्थ गुटबन्दी र सत्ता प्राप्तिको लागि अस्वाभाविक प्रतिस्पर्धाले कोतपर्व निम्त्याएको थियो । नेपालको इतिहासमा जङ्गबहादुर राणाको उदय हुनुमा उनका भाइहरूको महत्त्वपूर्ण भूमिका रहेको छ । जङ्गबहादुर सत्तामा आएपछि उनका छ जना भाइहरूले विभिन्न दर्जा पाए, विभिन्न विभागका महत्त्वपूर्ण जिम्मेवारी सम्हाले र विभिन्न ऐतिहासिक काम पनि गरे ।

बमबहादुर कुँवर सानैदेखि तीक्ष्ण बुद्धिका थिए । त्यसैले नौ वर्षको उमेरमा नै उनले काजी पद पाएका थिए । उनले तेह्रचौध

वर्षकै उमेरमा सेनामा सुबेदार पदबाट जागिर सुरु गरेका थिए । यिनको विशिष्ट योग्यता भएकाले नै माथवरसिंह थापा प्रधानमन्त्री भएको समयमा यिनले नेपालको तर्फबाट इस्ट इन्डिया कम्पनीमा वाणिज्यदूत वा भनौँ वकिल भएर काम गरेका थिए । त्यस समय उनले नेपाल र इस्ट इन्डिया कम्पनीबीच कूटनीतिक सम्बन्ध विस्तार गरे । बमबहादुरकै कारणले गर्दा अङ्ग्रेजले जङ्गबहादुरलाई विश्वास गरेको थियो । त्यही विश्वासले कोतपर्वपछि सत्तामा आएका जङ्गबहादुरलाई इस्ट इन्डिया कम्पनीले एकदुई दिनमा नै मान्यता दिएको थियो । अङ्ग्रेजको समर्थन पाएपछि नै जङ्गबहादुर राणा शक्तिशाली शासक बनेका थिए ।

बमबहादुरले कमान्डर इन चिफ पद पाएपछि झन्डै दस वर्ष कमान्डर इन चिफ जनरलको पदमा रहेर कार्य गरे । यसैबीच उनले सरकारी कर्मचारीको भ्रष्टाचारसम्बन्धी अनुसन्धान गर्न 'दलान कचहरी'नामक अड्डाको स्थापना गरे जुन अहिले अख्तियार दुरुपयोग आयोगको स्वरूपमा क्रियाशील रहेको छ ।

प्रधानमन्त्री जङ्गबहादुर तेह्र महिना युरोप भ्रमणमा गएका समयमा बमबहादुरले कायममुकायम प्रधानमन्त्री भएर देशको प्रशासन चलाई आफ्नो प्रशासनिक क्षमता देखाए । राजाको आदेश, दाजु जङ्गबहादुरको आदेश, देशको नियमअनुसार एक इन्च पनि तलमाथि हुन नदिएर प्रशासन चलाएका थिए । कायममुकायम प्रधानमन्त्री भएको समयमा उनले आफ्नो कुलदेवता गुह्येश्वरी देवीको मन्दिरअगाडि प्रस्तरको स्तम्भमाथि जोरसिंहले तरबार समातेको मूर्ति स्थापना गरे । विगतमा भएका हत्याहिंसाको पश्चात्ताप गर्दै भावी दिनमा देशमा शान्ति रहोस् भनेर उक्त मूर्ति स्थापना गरिएको थियो । मूर्तिको पिँधमा रहेको प्रस्तर स्तम्भमा छ भाषा (अङ्ग्रेजी, उर्दू, बङ्गाली, नेपाली, फारसी र तिब्बती)मा अभिलेख कुँदिएको छ । यसबाट बमबहादुर धार्मिक प्रवृत्तिका र छवटा भाषाका ज्ञाता दिए

भन्ने देखिन्छ । त्यसै समयमा उनले बाग्मती नदीको किनारा दक्षिणतर्फ बमवीर विकटेश्वर शिवालयको स्थापना गर्नुका साथै विभिन्न मठमन्दिरहरू बनाई बम विकटेश्वर मन्दिर गुठी पूजा सञ्चालन समितिद्वारा पूजा गर्ने व्यवस्था गरिदिए । आफ्नै सन्तान दरसन्तानले मात्र उक्त गुठी सञ्चालन गर्न पाउने नियम पनि उनले बनाएका थिए ।

बमबहादुर राणा वीर योद्धाका साथै कूटनीतिज्ञ र दूरदर्शी पनि थिए । दोस्रो नेपाल–तिब्बत युद्धपश्चात् राजा रणबहादुर शाहले युद्धमा भएको सम्पूर्ण खर्चको हिसाबकिताब काका बहादुर शाहसँग मागे । युद्धको हरहिसाब राज्यलाई बुझाउन नसकेको आरोप लगाएर बहादुर शाहलाई कैदसमेत गरिएको थियो । कैदमै बहादुर शाहको रहस्यमय ढङ्गबाट मृत्यु भयो ।

बमबहादुर आफू पनि कमान्डर इन चिफ जनरल भएको हुँदा भोलि आफूसँग पनि युद्धको हरहिसाब मागेर बहादुर शाहको जस्तै हालत हुन सक्ने सम्भावनालाई ध्यानमा राखी युद्धमा जानुअगाडि श्री ५ सुरेन्द्रविक्रम शाह, बूढा महाराज राजेन्द्रविक्रम शाह र नाति महाराज श्री ५ त्रैलोक्यविक्रम शाहबाट आफ्नो नाममा छुट्टाछुट्टै लालमोहर लिएका थिए । यसबाट यिनी निकै दूरदर्शी थिए भन्ने साबित हुन्छ ।

बमबहादुरको दाजु जङ्गबहादुरसँग घनिष्ठ सम्बन्ध थियो । जङ्गबहादुर युरोप भ्रमणबाट फर्किएपछि उनले युरोपमा रहँदा हिन्दूधर्मको मूल्य र मान्यताविपरित कार्य गरेको आरोप लगाएर जङ्गबहादुरलाई मार्ने योजना बन्यो । षड्यन्त्रकारीहरूले जङ्गबहादुरको हत्यापछि प्रधानमन्त्री पद उनलाई दिने प्रलोभन देखाई षड्यन्त्रकारी समूहमा सामेल गराइएको थियो । तर बमबहादुर दाजुका भक्त थिए र नै हत्यामा सामेल हुन सकेनन् । दाजुप्रतिको माया, ममता, निष्ठा र विश्वासले गर्दा उनले षड्यन्त्रको पोल खोली


सम्भाव्य ठूलो घटनाबाट जङ्गबहादुरलाई बचाएका थिए । वास्तवमा बमबहादुर राणा लोभानी र पापानीबाट धेरै नै टाढा थिए ।


बमबहादुरको मृत्यु हुनुअघिसम्म पनि बमबहादुर र जङ्गबहादुर मोतीमहलमा गोप्य छलफल गर्दथे । जङ्गबहादुरको भाइ बमबहादुरप्रति निकै ठूलो विश्वास थियो । उनले आफ्ना छोराहरूसँगभन्दा भाइ बमबहादुरसँग विभिन्न विषयमाथि छलफल गर्दथे र सल्लाह लिन्थे । बमबहादुरले पनि देशको प्रधानमन्त्री भएपछि दाजुको सल्लाह सुझावअनुरूप नै काम गरे । उनले दाजु जङ्गबहादुरले खाइपाइ आएको प्रधानमन्त्रीको खान्की दाजुलाई नै दिने भनी धर्मपत्र गरिदिए । यस धर्मपत्रले बमबहादुर सरल, निष्ठावान्, विश्वासिलो र इमानदार थिए भन्ने कुराको पुष्टि हुन्छ । उनको जीवन छोटो रह्यो । तर उनले गरेको कार्य, उनको दृष्टिकोण र नेतृत्वले नेपाली सेनामा अमिट छाप छाडेका छन् । यसबारे प्रतीकविक्रम राणाले भनेका छन्– 'बमबहादुर कुँवर राणाको जीवनचरित्र प्रत्येक नेपालीका लागि अनुकरणीय र प्रेरक मानिन्छ । यसै कृतिमा समेत उनका विषयमा विभिन्न पक्षहरूको विवेचना गरिएको छ । वास्तवमा उनको सोच, कार्य र जीवनपद्धति बुझेपछि नै उनीप्रति अझ थप गर्व गर्ने ठाउँ रहेको देखिन्छ ।'


## परिशिष्ट


# बमबहादुर कुँवर राणाको वंशवृक्ष


- (१) **बमबहादुर कुँवर राणा**
  - (२) तेगबहादुर राणा
    - (३) कृत्यन्द्रविक्रम
    - (३) इन्द्रविक्रम
    - (३) मिनविक्रम
    - (३) शशीविक्रम
    - (३) ओमविक्रम
    - (३) योगविक्रम
  - (२) यक्षविक्रम राणा
    - (३) तार्क्ष्विक्रम
    - (३) भुवनविक्रम
    - (३) लीलाविक्रम
    - (३) तुलाविक्रम
    - (३) दिव्यविक्रम
  - (२) बमवीरविक्रम राणा
    - (३) क्षेत्रविक्रम
    - (३) उपेन्द्रविक्रम
    - (३) पूर्णविक्रम
    - (३) प्रेमविक्रम
    - (३) पुष्करविक्रम
    - (३) तीरविक्रम
    - (३) भीमविक्रम
    - (३) खड्गविक्रम
    - (३) चन्द्रविक्रम
    - (३) लोकविक्रम


(३) कृत्यन्द्रविक्रम राणा
(४) बलविक्रम
(४) भूपेन्द्रविक्रम
(४) प्रेमविक्रम
(४) तेजेन्द्रविक्रम
(४) पूर्णचन्द्रविक्रम
(५) दलविक्रम
(५) युद्धविक्रम
(५) योजनविक्रम
(५) घनविक्रम
(५) रामचन्द्रविक्रम
(५) वीरविक्रम
(५) कुलविक्रम
(५) खड्गविक्रम
(५) उपेन्द्रविक्रम
(५) लीलाविक्रम
(५) बलरामविक्रम
(५) गोपालविक्रम
(५) भिष्मविक्रम
(५) जितेन्द्रविक्रम
(५) अर्जुनविक्रम
(५) नारायणविक्रम
(६) सिमोस
(६) सुशील
(६) सन्दीप
(६) शरण
(६) हरी
(६) शङ्कर
(६) मोहन
(६) गणेश
(६) अभिमन्यु
(६) अशोक
(६) अरविन्द
(७) सायन
(७) सुर्य
(७) सुगन
(७) सुमन
(७) कुमार
(७) बिनायक
(७) ओम
(७) मनोज
(७) मिलन
(७) परिक्षित
(७) अग्रज
(७) अभिषेक



(५) दलविक्रम
(६) कृष्ण
(६) हरि
(६) ओम
(७) महेश
(७) योगेश
(७) राजेश
(७) असीम
(७) अस्मित
(८) जोन
(८) योग
(८) राज



(५) रामचन्द्रविक्रम
(६) हरिश्चन्द्र
(६) लव
(६) कुश
(७) ज्योति
(७) शुक्र
(७) विजेन्द्र
(७) मनिष
(७) सुभाष
(७) सुदीप
(८) जोभिल
(८) अभिक
(८) सूर्यान्स



(५) खड्गविक्रम
(६) नीर
(६) रण
(६) बुद्धि
(६) गोपाल
(६) अरुण
(६) देव
(६) वरुण
(६) अमृत
(७) नीरज
(७) नीराजन
(७) बदला
(७) विधान
(७) सुभाष
(७) गौरव
(७) विरासत
(७) अविनाश
(८) निराकार
(८) नर्देश
(८) वर्षा
(५) लीलाविक्रम
(६) उज्ज्वल
(६) सुदर्शन
(६) वसन्त
(७) क्षितिज
(७) सुविन
(५) बलरामविक्रम
(६) रवि
(६) शशी
(६) जीवन
(७) रिजन
(७) मनिष
(७) अनिश
(७) जिविस


(३) इन्द्रविक्रम
(४) खड्गविक्रम
जगतविक्रम
(४) डोरविक्रम
(४) गुणविक्रम
(५) लीलाविक्रम
(५) जनार्दनविक्रम
(५) नृपविक्रम
(६) सुदर्शन
(६) राज
(६) उद्धव
(६) बबी
(६) निरु
(६) सन्तोष
(६) सरोज
(७) सुमित
(७) भाष्कर
(७) दिग्विजय
(७) उत्सव
(६) हिमाल
(६) उदय
(६) राजु
(७) राइमन्ड
(७) रणजय
(५) महादेवविक्रम
(५) गोविन्दविक्रम
(५) वीरभद्रविक्रम
(५) जयन्तीविक्रम
(६) दिपेन्द्र
(६) सुरेन्द्र
(६) रवीन्द्र
(७) शिवास
(७) श्रीयन्स

- (३) मिनविक्रम
  - (४) त्रिविक्रम
    - (५) हिरण्यविक्रम
    - (५) यद्धविक्रम
      - (६) केदार
        - (७) राजाबाबु
      - (६) भोला
        - (७) लोक
          - (८) सोभित
    - (५) यक्षविक्रम
      - (६) राम
        - (७) अनुप
      - (६) कृष्ण
        - (७) रिकेश
  - (४) चन्द्रविक्रम
    - (५) पिउसविक्रम
      - (६) रञ्जन
      - (६) रविन


(३) शशीविक्रम
(४) खगेन्द्रविक्रम
(४) चूडाविक्रम
(४) तेजेन्द्रविक्रम
(५) मोहनविक्रम
(५) मनविक्रम
(६) विश्वम्भर
(६) उपेन्द्र
(६) रमेश
(६) यादव
(६) गोविन्द
(७) प्रसन्न


(३) ओमविक्रम
(४) हरिविक्रम
(४) चण्डीविक्रम
(४) गोपालविक्रम
(४) मोतीविक्रम
(४) घनविक्रम
(४) गङ्गाविक्रम
(४) बोधविक्रम
(५) श्यामविक्रम
(५) घनश्यामविक्रम
(५) कोमलविक्रम
(६) पवन
(६) मनोज
(६) प्रनेश
(६) कविर
(६) रवि
(७) नजिक
(७) प्रनभ
(७) क्रिस्टिन
(७) डेनिस


(३) योगविक्रम
(४) चण्डीविक्रम
(४) मोतीविक्रम
(४) फिस्टुविक्रम
(४) घनविक्रम
(४) रुद्रविक्रम
(४) दिव्यविक्रम
(५) डोरेन्द्रविक्रम
(५) प्रदीपविक्रम
(५) राजविक्रम
(५) मनविक्रम
(५) धनविक्रम
(५) शम्भुविक्रम
(६) अभिमन्यु
(६) त्रिलोक
(६) सरोज
(६) सजल
(६) समीर
(६) पवन
(६) गणेश
(६) राजु
(७) सौरभ
(७) युभान्स
(७) सुभाञ्जल


- (३) तार्क्ष्यविक्रम
  - (४) मेधविक्रम
  - (४) गोहविक्रम
    - (५) दुर्गाविक्रम
  - (४) करेन्द्रविक्रम
    - (५) डोरविक्रम
      - (६) लक्ष्मण
    - (५) योगेन्द्रविक्रम
      - (६) पुरुषोत्तम


- (३) भुवनविक्रम
  - (४) कक्षविक्रम


- (३) लीलाविक्रम
  - (४) पुण्यविक्रम
    - (५) शान्तविक्रम
    - (५) आनन्दविक्रम
      - (६) प्रमोद
    - (५) भोलाविक्रम
      - (६) प्रदीप
  - (४) रोहिणीविक्रम
    - (५) दीपविक्रम
    - (५) शङ्करविक्रम
    - (५) लेकविक्रम

- (३) तुलाविक्रम
  - (४) दौलतविक्रम
    - (५) पद्युम्नविक्रम
      - (६) अभी
      - (६) आयुष

- (३) दिव्यविक्रम
  - (४) नरेन्द्रविक्रम
    - (५) पुकारविक्रम


(३) उपेन्द्रविक्रम
(४) मोहनविक्रम
(४) अरुणविक्रम
(४) धनविक्रम
(४) वीरविक्रम
(४) रेमन्तविक्रम
(४) जम्बेविक्रम
(४) तोरणविक्रम
(४) दिल्लीविक्रम
(५) कुन्जविक्रम
(५) रूपविक्रम
(५) चक्रविक्रम
(५) दमनविक्रम
(५) नोदविक्रम
(५) चुलेन्द्रविक्रम
(५) अशोकविक्रम
(५) कुमारविक्रम
(६) धनुधर
(६) अनुप
(६) अनिल
(६) सन्तोष
(६) अनुजय
(७) आदिदेव
(७) अनुधर
(७) आभास



(३) पूर्णविक्रम
(४) रिद्धिविक्रम
(४) गजेन्द्रविक्रम
(५) दयाविक्रम
(५) ओमकारविक्रम
(५) दिवाकरविक्रम
(५) जीवनविक्रम
(५) अर्जुनविक्रम
(५) सजीवविक्रम
(६) चिरन्तन
(६) प्रतीक
(६) निहाल
(६) सागर
(६) आर्य
(७) परमार्थ
(७) सन्यार्थ
(३) प्रेमविक्रम
(४) खगेन्द्रविक्रम
(४) छपेन्द्रविक्रम
(६) शरद
(५) हिमालविक्रम
(५) यक्षेन्द्रविक्रम
(५) पुरेन्द्रविक्रम
(५) रामविक्रम
(५) ऊलकविक्रम
(७) संस्कार


(३) पुष्करविक्रम
(४) नेकविक्रम
(४) धर्मविक्रम
(४) होमविक्रम
(४) रुलकविक्रम
(४) सिद्धिविक्रम
(५) दिप्तविक्रम
(५) दिवाकरविक्रम
(५) गिरिधरविक्रम
(५) चेतविक्रम
(५) महेन्द्रविक्रम
(६) प्रवीण
(७) पार्थ
(६) निरञ्जन
(६) लेलिन
(६) शिशिर
(६) प्रभात
(६) प्रज्ञात
(६) प्रकाश
(६) प्रवल
(६) श्रवण
(६) विकर्ण
(७) रूपक
(७) प्रशान्त
(७) विशेष
(७) रौनक
(७) दीपक
(७० प्रत्युष
(७) सुशान्त
(७) सीमान्त
(५) रुसेन्द्र
(५) भवानी
(६) सुदर्शन
(६) विनय

- (४) झलकविक्रम
  - (५) धनेन्द्रविक्रम
    - (६) राजीव
      - (७) रित्विक
    - (६) सुदीप
      - (७) श्रेय
  - (५) प्रमोदविक्रम
    - (६) परिक्षित
    - (६) प्रज्वल
  - (५) पवित्रविक्रम
    - (६) पावन
    - (६) परिवेश

- (३) तीरविक्रम
  - (४) गीर्वाणविक्रम
    - (५) राजेन्द्रविक्रम
      - (६) शिव
  - (४) युद्धविक्रम
    - (५) महेन्द्रविक्रम
      - (६) प्रभात
    - (५) यादवविक्रम


- (३) भीमविक्रम
  - (४) लक्ष्मणविक्रम
  - (४) पृथुविक्रम
    - (५) प्रवीणविक्रम
    - (५) नवीनविक्रम
  - (४) द्रोणविक्रम
  - (४) ठाकुरविक्रम
  - (४) धनुविक्रम
  - (४) दीपकविक्रम




**स्रोत** : कुँवर राणाहरूको बृहत वंशावली (२०५६) तथा प्रतीकविक्रम राणा


# काजी बमबहादुर कुँवरको कस्यपत्र

K103/21




स्रोत : पुरातत्त्व विभाग, K103|21

## बमबहादुर कुँवर राणाले पाल्पाबाट श्री ५ राजेन्द्रविक्रम शाहलाई लेखेको अर्जी




स्रोत : पुरातत्त्व विभाग, DNA 2|1

# वि.सं.१९०० चैत्र वदी ८ रोज ३ का दिन बमबहादुर कुँवरलाई श्री ५ राजेन्द्रबाट दिइएको कस्यरुक्का




स्रोत : पुरातत्त्व विभाग, DNA 10|68

# वि.सं.१९०५ वैशाख सुदी १३ मा श्री ५ सुरेन्द्रबाट प्राप्त जङ्गबहादुर कुँवरहरूले 'राणाजी' थर लेख्न पाउने लालमोहर



स्रोत : कुँवर राणाजीहरूको बृहत् वंशावली, २०५२

## वि.सं.१९०५ जेष्ठ वदी १४ का दिन श्री ५ सुरेन्द्रबाट जनरल बमबहादुर कुँवर राणा र खजाञ्ची शिवप्रसाद अर्याललाई लेखेको कस्यरुक्का



स्रोत : पुरातत्त्व विभाग, DNA 11/48

# बमवीर विकटेश्वर महादेव मन्दिरभित्र रहेको यक्षविक्रमबहादुर राणाको १९३४ सालको ताम्रपत्र

| श्री बमवीर विकटेश्वर महादेव | इन्द्रभालेश्वर महादेव | श्री कामधेनु |
|---|---|---|
| ३ | २ | १ |

१ स्वस्ति श्री गणेशायनमः सम्वत १९१९ शाके १७८४ नेपाली ९८२ साल वैशाख सुदी ३ रोजका दिन हामी श्री महाराजकुमार कुमारायमज श्री बाबु

२ [illegible] इन्द्र [illegible] श्री [illegible] देवीबाट १ आ [illegible] स्थापना भयाको २ का [illegible]

३ पूजा र [illegible] पूजा श्री [illegible] गर्नेलाई र [illegible]

४ [illegible]

५ [illegible] १९३४ सालको [illegible] गुठी [illegible]

६ [illegible]

७ [illegible]

८ [illegible]

९ [illegible] श्री महाराजकुमार

१० कुमारायमज श्री [illegible] यक्ष विक्रम बहादुर राणा [illegible]

**तपसिल**

आम्दानीमा [illegible]

आम्दानी – [illegible]

[illegible]

[illegible]

[illegible]

[illegible]

[illegible]

[illegible]

[illegible]

[illegible]

[illegible]

[illegible]

[illegible]

[illegible]

[illegible]

[illegible]

जेनारहेनको ग्रिजबीर सिउसिंसंग यो रू ३३३।० ले
पठिद भयाको
मौहोब – ३ – ३ ३ ३ – १० – ३ – ३ – ३
२१७ २१ ग २ ४ र ११ ³ ॥ ॥
दरदाम
आसामि   माल   दर   ता के रु   पैसा रु   जम्मा रु
मोह रु
चावल २११६ ।।१४ – ९६॥२ ॥३ – ३ – ९६ ॥ २ ॥ ३
गहु वारी२४ ७॥ – १३॥२ ॥३ – ३ १३॥२ ॥ ३
परास – ३ – ३ – ३ ३॥ – १। – ॥
ठाकमी ३ ३ ३ ३ २ ॥ – ॥२ ॥
चारदाम ठेकि ३ ३ ३ ॥ ॥ – ॥ ॥
२६।७४ ३ ११२७ २ २ ॥ ॥ ११४ ॥२
व माजे वर्ष १ के पर्च जम्मा रूपैया १३८७३
नित्य पुजा १ पर्व पर्वका काम कामके पैसा १६ मही रूपैया ६१७३
नित्य पुजा के – ४६ ॥ २ ॥
दि १ के ११
अक्षता के – । । धौतवइके – ।३ सिन्दुरीयाके – ।२ केशरीके ।१
नैवेदके ।२ पंचामृतके ।१ कपुरके – ।१ धुपके ।१
आरतीके ।॥ १
तेलके ।२ घृ के ।॥ कपड़ाके ।१ धागोके ।२
दिन ३५९ को दर दिन १ के १ लाके – ४६ । । १
मैना १२ के दर महिना १ के १ का हिसाबले रूपमाव १२ के दर लाके १॥
वैशाख सुदि ३ रोजमा पर्वकारजके ६॥३ ॥
पुजाको भजामके – ॥ ।३
जरीकार पगरीके ३ अबिर के । । सिंदुर के ।॥ अक्षताके ।२ केशरी के ।॥
पंचामृत । । १ धुपके ।॥ फलफूलके ।॥ कपुरके । । फूलके । ॥
सुपारी के । । अक्षताके । ॥ नैवेदरोटी के ३ महादेव भेटी / पचायतका देवताके भेटी ॥
जग्याहोमके – ३।२
कलशके भेटी – धान माना । । ६ के ३ चावल । । ३ के ।' पुर्णपात्र के चावल माडके – । ॥
जग्गे दृव्यके । पवित्रक भेटी । ॥ चरुके तीन माना । । १ के' जौ के । ॥
तिलके तेल / मैदाके भेटी घृ के । माटाका कलश के । ॥ तेथि पिठोके । ॥
मस्युके । २ पातके ' पुर्णपात्रके भेटी / गोदान दान प्रतिष्ठा सर्वोकर्षणिके ।॥
तिल के बलिदानको हो रिको / । । अबिरके । ॥ सर्वोकाके ॥' औषधीके ।॥
कलशके १ मैदाके वस्त्र चिपहाल ३ के ।'
पत्रहाके – ।'॥
पिठाके । पिपर के । । कृष्णलेपना के –'
पिठाके ॥ ॥
चावल माना ॥ . | १ | ३ के । २ ॥ दाल माना ॥ . | १ | ३ २ घृ के २ नुनके – । ॥
केशरके । । पातके / लकडी के । ॥
दक्षिणा के ॥
मुख्य ब्राह्मण १ के । अन्य ब्राह्मण ४ के ।

पाठको दक्षिणाके १ ।२
रूद्री आवर्ती ११ के ॥३ चण्डि आवर्ती १ के ३ आदित्य हृदय आवर्ती १ के २
शिव सहश्रनामा आवर्ति १ के २ विष्णुसहश्रनामा आवर्ति १ के २ गणेश सहश्रनामा आवर्ति १ के २
पचली भैरवका पूजाके ।=॥
सिन्दुरके ६ ॥ केशरी के ६ ॥ धुप के ६ ॥ कपुरके ६ ॥ अविर अवरख के ६ ॥
सुपारी के ६ ॥ फलफूल के ।॥ भेटी के ' अक्षताके ।।
समयके – ३ ॥
पुराके ६ ॥ स्याक्जी ६ । माछा के ।। अदुवाके ।॥
हासको फुल २ के – भटमासके ।२ तुलतेलके ।।
टहलुवा जना १ के खाना पर्च २
भाद्र सुदि ३ रोजमा तीजका पूजा के ३।३। ∩
पूजा सर्जामके – १।२ ∩
नरीवल पचरि जे अविरके ४ फलफूलके – पातके ।॥ सिन्दुरके ६ ।
१ के ३ केशरीके ।। अवरपके ।२ अक्षताके ।॥ नैवेद रोटीके ।३
धुपके ।। कपुरके ।। पंचामृतके ।∩ फुल्के ।॥ सुपारीके ।२
भेटीके – २ ॥
महादेव के ' पंचायन देवताके '॥ तीन दाम।
रूद्री आवर्ति १ के दक्षिणा '
महादिप बाल्नाके २ '॥
महादिपके – ॥ टुपालके ६ ॥ तेल कुर्वा २ के १ ॥ ॥
महादिप बाल्न्या जना २ के खाना पर्च ।
कार्ति सुदि १४ रोजमा बैकुण्ठ चतुर्दशी पूजाके ३।३। ∩
पूजा सर्जामके ॥ २ ॥
नरीवल पचरि जो अविरके ।। पंचामृत के ६ । फुलक ।॥ सिंदुर ।।
।२। १ के ३ धुप के ।। अवरप के ।॥ फलफूल के ' पातके ।॥
केशरी के ।॥ कपुर १ के ६ सुपारी के ६ ॥ अक्षताके ।॥ नैवेद रोटी के ''
भेटीके – २ ॥
महादेवके / पंचायन देवताके '॥
रूद्री,आवर्ति १ के दक्षिणा '
महादिप बाल्नाके २ '
महादिप १ के ॥ टुपोल १ के ६ ॥ तेल कुर्वा २ के १ ॥ ॥
महादिप बाल्न्या जना २ के खाना पर्च ।
फागुन सुदी १४ रोजमा शिवरात्रीको पूजाके ४२॥
पूजाको सर्जाम के ॥ २ । १
नरीवल पचरि जोर अविरके ४ पंचामृतके ४ फुलके १ के ३ ।। सिन्दुर के ।।
केशरी के ।। अवरप के ।॥ फलफूल के  पातके ।॥
धुपके ।। कपुरके ।। सुपारीके ।२ अक्षताके ।॥ नैवेद रोटी ३
भेटीके २ ॥
महादेव के पंचायन देवताके '॥
रूद्री आवर्ति १ के दक्षिणा '
महादिप बाल्नाके २ '
महादिप १ के ॥ टु पोल ६ ॥ तेल कुर्वा २ के १ ॥ ॥



[illegible]

यो गुठीको कामकाज चलाउन्या गुठियारले उठी

[illegible]

- इति सम्वत १९१४ साल मिति असाढ सुदि १५ रोज ४ शुभम् ।

[illegible] श्री जनरल धम्मीर विक्रम बहादुर राणाको मञ्जुर ।

स्रोत : प्रकाश दर्नाल, 'प्राचीन नेपाल', सङ्ख्या १५५, असार, २०६३

## श्री ५ सुरेन्द्रबाट वि.सं. १९१३ साउन ५ मा जङ्गबहादुर राणालाई कास्की र लमजुङको श्री ३ महाराजको पद दिएको लालमोहर

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलि विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज सुरेन्द्र विक्रम साह बहादुरशमशेर जङ्ग देवानाम् सदा समर विजयिनाम्

आगे श्री कुमार कुमारात्मज श्री जङ्गबहादुरके श्री ४ बुवाज्युबाट जंगि मुलुकी निजामति काज काम पर पजनि ग्यान मार्न्यासम्मको अख्तियारी श्री काहा मुमाज्युलाई बकस्नु हुँदा उनबाट हाम्रा उमरा भारादारलाई मारी आफ्ना छोरालाई गादीमा राखिन्या बखतमा उनका मतलबका मानिसहरूलाई मारी मलाई तिमिले गद्दीमा राज गरायाको रीझ १ बेलायेत् गै कुईन् श्री ५ बादसाहसग तिमिले सलाम कुर्नेस गरी दोस्ति बढायाको रीझ् १ चीन श्री ५ बादसाहको बल देखाई भोटेले अघिदेखि हामीलाई दबाइ राख्याकोमा जङ गरी भोटलाई जिती उनले हामीलाई सालबसालि रूपैञा दी मान्या तुल्यायाको रीझ् १ श्री ५ बुवाज्युबाट तिमिलाई दगा गरी ग्यान मार्न सुगौलीबाट मानिस पठाउँदा र गैह जंगि फौजलाई ग्यान मार भनि हुकुमको लालमोहर पठाई आफुले पनि भीर उमरावसाथ ली फौज जमाई मार्न भनी अलौसम्म आइ पुग्दा श्री ५ बुवाज्युका फौजलाई कत्तल पारी श्री ५ बुवाज्युको गाथमा धलल नपारी पक्रिल्याई इज्जतसंग राख्याको रीझ् १ हाम्रा माहीला भाइले तिम्रा ग्यानसम्म लाग्दा पैले मार्नु भनी फौजलाई हुकुम दिंदा तिमिले उनको ग्यान बचाई आप छुटाउन पाँच वर्षसम्म कयद राखि इज्जतसंग राख्याको रीझ् १ हाम्रा मुलुकका उमराव फौज रैयत्लाई हुजत बहुगा गराई सिसाप गरी राजि राखि तिमिले जिरी गर्याको कामको रीझ १ मुलुकमा लुचा डाँटलाई दबाइ राख्याको र बहुल्या ढाँटे बढाई

आमदानी झिकी हाम्रा ढुकुटीको आमदानी बनाई कौफायत आमदानीले फौज बढायाको रीभ १ तिमिले यस्तो षरषाही गऱ्याको देषनाले तिमिले वजिर छोड्यौ भन्या मैले गद्दी छोड्रौंला भनी कसम षायाको थियो तिमिले वजिर छोड्न आउँदा मैले कसम षायाको भन्या मैले रानिसंग र अरु उमरावसंग पनि सल्ला गर्न नपाउनाले तिम्रो इलकाप प्राइम् मिनिष्टरी भाइलाई बकस्या जावस् भनी तिमीले विंति गर्दा तिम्रा भाइलाई बकस्याको हो तिमिलाई षालि राषि मैले गद्दीमा बस्दा मलाइ कसम लाग्न्या भयो यस्तो षैरषाइ गऱ्या वजिरलाई षालि राष्या भन्या मैले नाकछर गऱ्याको र नासमुझ गऱ्याको जस्तो दुनिआमा पर्न लाग्यो येस्कारणले कार्त्तिक १ संनं १ को श्री महाराजको षिताप् तिमिलाई बकस्यौं तेस जगाको तिमिले श्री महाराज भै मैले उमराव रैयत् फौजमाथि बिजाइ बिदुत् गऱ्याको इङ्गलंडका कुइन् श्री ५ वादसाहको र चीन श्री ५ वादसाहको दोस्तिमा षलल गर्न लाग्यामा तिमिले यति कुराको बिजाइ बिदुत् षलल गर्न नदिनु तिमिले यति कुरा गर्न नदियाका बषत्मा मैले वोर गऱ्या भन्या मेरा उमराव फौजले तिमिलाई मद्दत दिनु प्राइमर्मिनिष्टर बवाहादुरले जही मुलुकी निजामति काम पर पर्जनि चीन इङ्गलडका श्री ५ वादसाहसंग दोस्ति बढावन्या काममा चुकन गयामा तिमिले नसीयेत् दिनु दियाको नमानि जोर जुलुम गर्न लाग्या भन्या मेरा मीर उमराव फौजलाई तिमिले हुकुम दिया बमोजिम काम गर्नु भन्या हुकुम बकस्यौं तिमिले आफना राज्यको थुम गर्नु इन्साफमा ज्यान मार्नातकको रजाइ अषत्यारी बकस्यौं आफ्ना राज्यको श्री महाराज षिताप् ली थुसिराजिसंग बस तिमिलाइ बकस्याको राज्द इन्काभर तिम्रा ज्यान्मा मेरा मुलुकका मानिसमा जसले षलल गर्नामा यस्ता तसलाई ज्यान मार्नातकको अषतियार समेत बकसियाको छ तिम्रा सन्तान दरसन्तानसम्म रजाइ गरि भोग्य गर तिमिहरुका भाइमा हामिले बाँधि बकस्याको मुषतियारीको रोलमा धीरशमशेर जङ राणा बहादुरको रोल पछि नया छोरा जगतजङ बहादुर कुँवर राणाजीलाई मुषतियारी बकस्याको छ

इति सम्वत् १९११ साल मिति श्रावण सुदि ५ रोज ४ शुभम्

स्रोत : चित्तरञ्जन नेपाली, 'पारिवारिक षड्यन्त्र', पृ.२२–२३

## बमबहादुर कुँवर राणा प्राइममिनिस्टर भएपछि दाजु जङ्गबहादुरप्रति कृतज्ञता प्रकट गर्दै गरिदिएको धर्मपत्र

**श्री चंन्द्र सूर्जे पशुपति गुहेस्वरी इष्ट देवता २**

स्वस्ति श्री लिषितम् श्री प्राइम्मिनिष्टरयान कम्यांडर इन्चिफ् जनरल बंबाहादुर कुवर राणाजी आगे …… …… …… ……हजुरबाट मलाई प्राइम् मिनिष्टरि काम किताप बक्सनु भयो अवर·मलाई हजुरबाट सिकाइ सघाई तालिम गरि बक्स्या मेरो काम काज गर्नाको दिल छैन. म लाई ञाहा सम्म मुख्त्यार बनाइ मेहरमान गिरापि काज काम लाई बक्सनु हुन्छ भन्या. मेरो हजुरका पाउमा सहस्र कोटि कोटि विति छ हजुरबाट प्राइम् मिनिष्टरिमा षाइपाइ चंचि बेहोरि बक्स्याको षानगिदस्तुर बिलकुल सबै लि बक्सी

सही बंबहादुर कुवर राणाजी

सबै राजकाजका मामिला मुद्दा मो कादमा. मैले छितिगरिमाउन आउदा हजुर बाट ज मजि होला सो बमोजिम गरुला हजुरका बेबाजित हजुर मानसाख्रि. मान्यां. हन्यां-दिन्या. लिन्या भनी जिउ बचाउन्या र परपजनिग र्‍याँर: अरु जोपरिआयाका काम कुरामा हजु का मजिदेपि बाहेक वालप्रमान फरक पा न्या म्बा (र श्री उमरादेखि अदनासमका मानिसर काम दार ले. हजुर सग. चिति चुकली गन्या भनीर. इनीहरुले. मेरो चुक हजुर सग ल्याया भनी उसमाथि मैले पें ग गर्न्या छैन) मलाई हजुरबाट सजाये गरिबक्सनु भनि मेरा मनोमान बुसिराजिसग·········का हजुर मा चह्राश्रा येस बातकासाछि बमोजिम तपसिलका··· ··· ··· ···

तपसिल

श्री··· ···२··· ··· ··· ···

श्री··· ··· ··· ··· ··· ··· ···

भाई कम्पांडर इनचिफ कृष्णबहादूर कुवर

भाइ कम्पांडर इनचिफ रण उद्दीपसिं कुवर

भाइ जनरल जगत सम्सेर जङ्ग कुवर

भाइ जनरल धिरसम्सेर जङ्ग कुवर

दाज्यू जनरल भक्तविर कुवर

भाइ जनरल बषत जङ्ग कुवर राणाजी

कम्पांडर कर्नेल कर्नेल. लेपटेन कर्नेल. मर्जा चि. मेजर कप्तानगैरह

प्रोहित्—१

ज ज—१

स्रोत : कमलमणि दीक्षित, 'नेपाली' (त्रैमासिक), २०३२, सङ्ख्या ६३, पृ.१७–१८

## नेपाल–तिब्बत युद्धको समयमा जङ्गबहादुर कुँवरले काठमाडौँबाट फुँगा जाँदै गर्दा संवत् १९१२ जेष्ठ वदी १२ मा स्याप्रु बाङगलबाट भाइ बमबहादुर कुँवर राणालाई लेखिएको पत्र



स्रोत : पुरातत्त्व विभाग, DNA 1/40

## राजा राजेन्द्रविक्रमले बनारसबाट सेनाको नाममा लेखेको आदेश

श्री धर्म        श्री ६ गुरु ६.

स्वस्ति श्री मन्महाराजाधिराज कस्य रूक्का—


आगे सत्र पल्टन कंपु गंहरु सर्व पगरी गंहरु के आसिष जंग्याले मेरा बिना हुकुम कौतपर्बमा भंथाद भारादार मारी उनका जाहान बच्चा समेत मधेसमा धपाउदा र ६ हरूलाई पनि औलामा आफ्ना मनोग्य गरी धपायो आजकाल अर्काका स्वास्नी पनी टिपी घर लंग्राछ भन्दा सुनिन्छ यस्तो नीमक हराम जंग्या हत्यारो लाइ मैले मुक्तीयारी बाट पारिज गर्‍या यस्तो पातकी टाटाका गोलियारहरू र भारादारहरू मान्यौं फेरि आफ्नु आग्या चलाइ हजुरको कामकाजमा हुकुम चल्दैन भनी नीज (ले) जबरजस्ति दुनीञाहरूको सही हलाइ मेरा हजुरमा अर्जी चह्राइ पठाउन लाउन्या हुंदाको बिगार्न्या सर्व जंग्या हो तिमीहरू सर्व मेरा नीमकका सोझा हौ आज संम तिमीहरूले र कंपु गोलहरू पल्टनहरूले मेरो सोझो गर्न्याका छौ गर्न्या पनि छौ भंन्या मलाई निश्चय छ जंग्या कुवरले आफनु आग्या मात्र मेरो हुकुम नमान्नु भंन्या तिमीहरूले सही हालो चह्राइ पठायाको भनी दडडा मेरा हजुरमा चह्राइ पठायो फेरी जंग्या कुंवरले म त हजुरको हुकुम मान्न्या थीञा इ सर्व दुनिञाले हजुरको हुकुम मानदैनौ जंगबहादुरको आग्या मानदछौ भनी सर्व दुनिञाले भन्या पछि म यउटाको क्या लागदछ भनी जंग्याले मेरा हजुरमा अर्जी चह्राइ पठायो तिमीहरू सबैलाइ घटीया ठहराइ आफु मात्र सोझो हुन जंग्या खोजदछ तसर्थ तिमीहरू सत्र पल्टन मेरा निमकका सोझा छौ पगरीहरू पनी मेरा निमकका सोझा छौ मेरो कुशोझो गर्न्या र मेरा बेहुकुम कोतमा थी चौतरिया भारादारहरू मार्न्या पनि तेही जंग्या र तैसका भाइ बंबहादुर्‍या छ इ दुइ नीमक हराम हुंदाको

बिगोर्न्या छ दुइ जना तसअर्थ मले मकैर गाउ बाट ~१९०४ सालको फज्नी १९०५ सालको बाली पान्याको तिमीहरू सत्र पल्टनको र पगरीको सर्व जंगी कामको अपतियार म आफै गर्दछु भंन्या मैले लालमोहर पठाउदा जंगबहादुरले नमान्दा म आह्रा सुगौलीमा राज गन्याको छु तिमीहरू सर्व पगरी हरू र सत्र पल्टन कंपु हरू मेरा पाउ रपवारी लाइ कटरवना संग आइ आफनु निमकको सोझो चिताइ मलाइ नेपाल बसाउनाको इच्छा छ भन्या हजुरको कमानको हुकुममा हामीहरू चल्दछौ जंग्याका आग्या र कमानमा हामीहरू चल्दैनौं भंन्या अर्जी लेषी चढाइ पठाइ सर्व पगरी समेत सत्र पल्टन कटरवना तीर ताहां पहारा लाइ सिपाही चाहिन्या घटाइ मेरा हजुरमा कटरवना मा हाजीर हो म पनी तिमीहरूका साथ म पनि नेपाल पाउ लागदछु होइन हामीत जंग्या नीमक हराम मेरा टाढाका गोतीया भारादारहरू लाइ मेरा बिना हुकुम मेरा का हुकुमले मान्यां जंग्या हत्यारा पछी लागदछौं हजुर सर्व टाढाका भैयाद भारादार रक्षा गर्न्या पछी लागदैनौ आपना मामा आफना बुढा मावली टाढाका गोतिया भैयाद मान्यां गोत्र हत्या गर्न्या पछी लागदछौ भन्या तैसं माफिक लेषि पठाउ र म पनी तेस्तो हत्यारो जंग्याको हातको पानी पाइ मीलना चाही (?) तीर्थ बर्त गर्न आहा बाट पनी आन्छु तिमीहरूले बिदा चह्राउं भनी अर्जी लेषी चह्राइ पठाउ कि मलाइ रोज की जंग्यालाइ रोज यस जगमा जंग्या लाइ अपतियार नतोडी म नेपालमा आउन्या छैन नीसाप यो जंग्या मानदछ भन्या कंपु छोडी हतीयार मली मेरा हजुरमा पाउ पर्न कटरवनामा आवस भनी साप गरी बकसुंला औ तिमीहरू मेरा चौध पुस्ताका सेवक हौ जंग्याको आग्या छोडी मेरा कमानको हुकुम मानी पहरा चौकी लाइ ताहां नेपालमा केही हजार बाहुलय सीपाही र केही पगरी राषि मेरा हजुरमा पगरीहरू र सत्र पल्टन कंपुसमेत नाम निसान समेत बादसाही बाजा समेत साजिमा समेत मेरा हजुर कटरवना मा हाजीर हो

र म पनी सिमीहरूलाइ साथ ली कटरवना बाट सरासर नेपाल अवस्य पाउ लागी वकसन्छु तिमीहरूलाइ अंल्हे आउना लाइ औलो छ भन्या जंग्या र उसका भाइहरूलाइ समेत कयद गरी चीसा पानी संम ली कन तीमीहरू पगरी समेत कंपु सत्र पलटन आउ म पनी व्राहांका भारादारहरू लाइ लि चीसा पानी मा आइ जंग्या लाइ र व्राहांका भारादार हरूलाइ राषि दोहोरो जोरी पुर्पक्ष गरी–मा लेष्याको माफिक जस्ताको तस्तो नीसाप गरी वकसौंला[११]

स्रोत : त्रिरत्न मानन्धर, 'नेपालको इतिहासमा जङ्गबहादुर', २०४८, पृ.५१–५३

## प्राइममिनिस्टर एन्ड कमान्डर इन चिफ जनरल बमबहादुर कुँवर राणालाई मेजर कप्तान बुद्धिमानसिंह बस्न्यातले दैलेखबाट लेखेको पत्र



स्रोत : पुरातत्त्व विभाग, DNA 1/65

# बमवीर विकटेश्वर महादेव मन्दिरभित्र रहेको यक्षविक्रम राणाको वि.सं.१९१३ सालको ताम्रपत्र

| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| श्री ५ सर्कार | | | | | | | |

- [illegible]
- [illegible]
- [illegible]
- [illegible]
- [illegible]
- [illegible]
- [illegible]
- [illegible]
- [illegible]
- [illegible]

[illegible]

[illegible]




[illegible]

स्रोत : प्रकाश दर्नाल, 'प्राचीन नेपाल', सङ्ख्या १५५, असार, २०६३ ।

# बमबहादुर कुँवरसम्बन्धी तस्बिर



**प्रधानमन्त्री बमबहादुर कुँवर राणा**



प्रधानमन्त्री बमबहादुर कुँवर राणा



प्राइममिनिस्टर एन्ड कमान्डर इन चिफ जनरल बमबहादुर कुँवर राणा



**प्राइममिनिस्टर एन्ड कमान्डर इन चिफ जनरल बमबहादुर कुँवर राणा**

स्रोत : राष्ट्रिय सङ्ग्रहालय, छाउनी



प्राइममिनिस्टर जनरल बमबहादुर कुँवर राणाको छाप संवत् १९१२



प्राइममिनिस्टर एन्ड कमान्डर इन चिफ जनरल बमबहादुर कुँवर राणाको छाप (संवत् १९१३)



बमवीर विकटेश्वर शिवालय (तीन देवल)



**बमवीर विकटेश्वर शिवालयको मूल गेट**



**प्रधानमन्त्री बमबहादुर कुँवर राणाको हातहतियार**

स्रोत : राष्ट्रिय सङ्ग्रहालय, छाउनी



**प्रधानमन्त्री बमबहादुर कुँवर राणाले गुह्येश्वरीमा स्थापना गरेको प्रस्तर स्तम्भमाथिको जोरसिंहले तरबार समातेको मूर्ति**



प्रधानमन्त्री बमबहादुर कुँवर राणास्थापित प्रस्तर स्तम्भमा ६ भाषामा लेखिएको अभिलेख



गुह्येश्वरी देवीको मन्दिर

# सन्दर्भ सामग्रीसूची


अधिकारी, सम्पूर्ण (२०७२ अ.), बमवीरविकटेश्वर शिवालयको सांस्कृतिक अध्ययन, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, इतिहास, संस्कृति तथा पुरातत्त्व विभाग, कीर्तिपुर, स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र ।

आचार्य, बाबुराम (२०२२), 'नेपालको सङ्क्षिप्त वृत्तान्त', काठमाडौँ : प्रमोदशमशेर, नीरविक्रम प्यासी ।

आचार्य, बाबुराम (२०२४), 'पृथ्वीनारायण शाहको जीवनी, भाग– १', काठमाडौँ : श्री ५ महाराजाधिराजको प्रमुख संवाद सचिवालय ।

आचार्य, बाबुराम (२०६०), 'अब यस्तो कहिल्यै नहोस्', काठमाडौँ : श्रीकृष्ण आचार्य ।

आचार्य, बाबुराम (२०६१), 'श्री ५ पृथ्वीनारायण शाहको सङ्क्षिप्त जीवनी', काठमाडौँ : श्री ५ महाराजाधिराज संवाद सचिवालय ।

उपाध्याय, रामजी (२०२९), 'नेपालको दिग्दर्शन', वाराणसी : सुब्बा होमनाथ, केदारनाथ ।

उप्रेती, प्रेमरमण (सन् १९८०), 'नेपाल तिब्बत रिलेसन्स', काठमाडौँ ।

ओल्डफिल्ड, एच. एम्ब्रोज (सन् १९८६), 'स्केचेज फ्रम नेपाल', दिल्ली : कस्मो पब्लिकेसन ।

कार्की, जया (२०६६), 'राणाकालीन नेपालको ऐतिहासिक घटनावली', मानवस्रोत विकास अनुसन्धान केन्द्र ।

केसी, सुरेन्द्र (२०४८), 'आधुनिक नेपालको राजनीतिक इतिहास', काठमाडौँ : सरिता प्रकाशन ।

खत्री, प्रेमकुमार (२०५८), 'नेपाली धर्म र समाज', काठमाडौँ : एम.के.प्रकाशन ।
खत्री, प्रेमकुमार (२०६१), 'नेपाली समाज र संस्कृति (प्राचीन, मध्यकालीन)', त्रि.विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्र ।
खत्री, प्रेमकुमार र दाहाल, पेशल (२०५३), 'आधुनिक नेपालको सामाजिक इतिहास', ललितपुर : साझा प्रकाशन ।
जैन, एम.एस. (सन् १९७२), 'द इमरजेन्स अफ ए न्यु एरिस्ट्रोक्रासी इन नेपाल', आग्रा : श्रीराम मेहरा एन्ड कम्पनी ।
थापा, कृष्णबहादुर (सन् १९८८), 'मेन आस्पेक्टस अफ सोसियल, इकोनोमिक्स एन्ड एडमिनिस्ट्रटिभ हिस्ट्री अफ मोर्डन नेपाल', काठमाडौँ : अम्बिका थापा ।
थापा, रमेश (सम्पा.) (२०६०), 'नेपाल देशको इतिहास'; 'प्राचीन नेपाल', सङ्ख्या २५, काठमाडौँ : पुरातत्त्व विभाग ।
थापा, शमशेरबहादुर (२०३०), 'रणवीरसिंह थापा', ललितपुर : जगदम्बा प्रकाशन ।
दर्नाल, प्रकाश (२०६१), 'पचलीस्थित बमवीर विकटेश्वर महादेव मन्दिर जीर्णोद्धार'; 'प्राचीन नेपाल', सङ्ख्या १५५, काठमाडौँ : पुरातत्त्व विभाग, पृ.३२–५३ ।
दीक्षित, कमलमणि (२०३२), 'बमबहादुरको धर्मपत्र', 'नेपाली' (त्रैमासिक), सङ्ख्या ६३, ललितपुर : मदन पुरस्कार गुठी, पृ.१६–१८ ।
नेपाल परराष्ट्र मन्त्रालय, 'भीमसेन थापाको पत्र, देउऋषि पाध्यालाई', डिसेम्बर १८२४ (बेनम्बरी पोका) ।
नेपाल, ज्ञानमणि (२०५२), 'नेपालको महाभारत', ललितपुर : साझा प्रकाशन ।
नेपाली, चित्तरञ्जन (२०२०), 'श्री ५ रणबहादुर शाह', काठमाडौँ : श्रीमती मेरी भण्डारी ।
नेपाली, चित्तरन्जन (२०७८), 'पारिवारिक षड्यन्त्र', काठमाडौँ : रत्न पुस्तक भण्डार ।
पन्त, दिनेशराज (२०४३), 'गोरखाको इतिहास (भाग– २)', काठमाडौँ : दिनेशराज पन्त ।
पन्त, दिनेशराज र सुवेदी, राजाराम (२०५६), 'कुँवर राणाजीहरूको बृहत् वंशावली', काठमाडौँ : पाञ्चायन प्रकाशन प्रा.लि. ।
पन्त, महेशराज (सम्पा.) (२०७९), 'नयराज पन्तको दृष्टिमा श्री ३ जङ्गबहादुर राणा', काठमाडौँ : संशोधन मण्डल ।

पहाडी, रामबहादुर (अनु.) (२०७४), 'जङ्गबहादुरको जीवन यात्रा', काठमाडौँ : ओरिएन्टल पब्लिकेसन हाउस प्रा.लि. ।
प्रसाई, नरेन्द्रराज (२०७८) (तेस्रो संस्करण), 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी', काठमाडौँ : नइ प्रकाशन ।
पाण्डे, श्रीनिवास र अरू (२०५६), 'कुँवर राणाजीहरूको बृहत् वंशावली', काठमाडौँ : पाञ्चायन प्रकाशन प्रा.लि. ।
बर्मा, आर.सी. (सन् १९१५), 'कल्चरल हेरिटेज इन नेपाल', इलाहाबाद : किताब महल ।
बर्मा, जगतमोहन (सन् १९१५), 'राणा जङ्गबहादुर', इलाहाबाद : काशी नागरी प्रचारिणी सभा ।
मानन्धर, त्रिरत्न (२०४८), 'नेपालको इतिहासमा जङ्गबहादुर', काठमाडौँ : दि अ ती प्रकाशन ।
मानन्धर, त्रिरत्न, मिश्र, तीर्थप्रसाद, पन्त, दिनेशराज र अरू (१९६९), 'नेपाली सेनाको इतिहास', काठमाडौँ : जङ्गी अड्डा भद्रकाली ।
मुनकर्मी, लीलाभक्त (२०४१), 'नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन', भक्तपुर : श्रीमती भवानीकुमारी मुनकर्मी ।
रमाकान्त (सन् १९६८), 'इन्डो–नेप्लिज रिलेसन्स सन् १८१६–७७', दिल्ली : एस. चाँद एन्ड कम्पनी ।
राइट, डी. (सन् १८७७), 'हिस्ट्री अफ नेपाल', क्याम्ब्रिज युनिभर्ससिटी ।
राणा, पद्मजङ्गबहादुर (सन् १९८०), 'लाइफ अफ महाराजा सर जङ्गबहादुर राणा', काठमाडौँ : रत्न पुस्तक भण्डार ।
राणा, सुबोध (अगस्त २, २०२०), 'द लोयल ब्रदर कन्ट्रिब्युसन अफ बमबहादुर' ।
राणा, पुरुषोत्तमशमशेर जबरा (२०४७), 'श्री ३ हरूको तथ्य वृत्तान्त, भाग–१', काशी : परम वीरशमशेर ज.ब.रा. ।
राणा, प्रमोदशमशेर (सन् १९७८), 'राणा नेपाल एन इनसाइड्स भ्यु', काठमाडौँ ।
रेग्मी, डी.आर. (सन् १९७५), 'मेडिभल नेपाल, भोलुम– १' (दोस्रो संशोधन), कलकत्ता : फर्मा के.एल. मुखोपाध्याय ।
वैद्य र अरू (२०५६), 'कुँवर राणाजीहरूको बृहत वंशावली', काठमाडौँ : पाञ्चायन प्रकाशन प्रा.लि. ।
वैद्य, तुलसीराम; मानन्धर, विजयकुमार; बस्न्यात, प्रेमसिंह (२०६५), 'नेपालको सैनिक इतिहास भाग– २', काठमाडौँ : नेपाली जङ्गी अड्डा ।

वैद्य, तुलसीराम र मानन्धर, त्रिरत्न (२०५३), 'आधुनिक नेपालको प्रशासनिक इतिहास' (सन् १७६८–१९५१) काठमाडौँ : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

शर्मा, बालचन्द्र (२००८), 'नेपालको ऐतिहासिक रूपरेखा', वाराणसी : कृष्णकुमारीदेवी ।

शर्मा, शिवप्रसाद; वैद्य, तुलसीराम र मानन्धर, त्रिरत्न (२०४९), 'नेपालको सैनिक इतिहास', काठमाडौँ : शाही नेपाली जङ्गी अड्डा ।

स्टिलर, लुडविक एफ. (सन् १९८१), 'लेटर्स फ्रम दि कोत म्यासाकर', कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

हुसेन, असद (सन् १९७०), 'ब्रिटिस इन्डियाज् विथ द किङडम अफ नेपाल', लन्डन : जर्ज एलेन एन्ड अनविन लिमिटेड ।

**अप्रकाशित सामग्री**

वि.स.१८८४ चैत्रको बमबहादुर कुँवरलाई काजी भनी सम्बोधन गरिएको ज्वालामुखी देवीको गुठीसम्बन्धी कस्यपत्र ।

वि.सं.१८९९ साल फाल्गुन सुदी १५ मा बमबहादुर कुँवरले पाल्पाबाट राजा राजेन्द्रलाई लेखेको अर्जी ।

वि.सं.१९०० चैत्र वदी ८ रोज ३ मा श्री ५ राजेन्द्रले बमबहादुर कुँवरलाई दिएको कस्यरुक्का ।

वि.सं.१९०५ जेष्ठ वदी १४ मा श्री ५ सुरेन्द्रबाट जनरल बमबहादुर कुँवर राणा र खजाञ्ची शिवप्रसाद अर्याललाई लेखेको कस्यरुक्का ।

वि.सं.१९११ साल जेष्ठ सुदी १४ रोज ६ मा राजा श्री ५ सुरेन्द्रविक्रम शाह, राजाका बाबु राजेन्द्रविक्रम शाह र राजाका छोरा त्रैलोक्यविक्रम शाहले छुट्टाछुटै छाप लगाएर कमाण्डर इन चिफ जनरल बमबहादुर कुँवर राणालाई गरिदिएको लालमोहर ।

वि.सं.१९१२ जेष्ठ वदी १२ मा जङ्गबहादुर कुँवर राणाले बमबहादुर कुँवर राणालाई लेखेको पत्र ।

वि.सं.१९१३ श्रावण २० मा प्राइममिनिस्टर एन्ड कमान्डर इन चिफ जनरल बमबहादुर कुँवर राणालाई दैलेखबाट मेजर कप्तान बुद्धिमानसिंह बस्न्यातले लेखेको पत्र ।

nai.com.np
nai.com.np@gmail.com

१८८



डा. तिलु थापा

दस्ताबेजमा नै इतिहास कायम भएका व्यक्तिहरूको गाथा कहिले पनि हराउँदैन र त्यो आधिकारिक नै हुन्छ । वास्तवमा नै त्यस्ता व्यक्ति अमर हुन्छन् । अनि नेपालमा यसको ज्वलन्त उदाहरणीय व्यक्तित्व बमबहादुर कुँवर राणा हुन् भनेर डा.तिलु थापाले 'प्रधानमन्त्री बमबहादुर कुँवर राणा'नामक ग्रन्थ लेखेर भरपर्दो, दह्रो र उपयोगी बयान दिएकी छिन् । नेपाली समाजका चिरञ्जीवी पात्र अथवा एक जना वीर पुरुषको जीवनगाथा सुरक्षितै रहेछ भन्ने प्रमाण नै प्रस्तुत ग्रन्थ हो । वास्तवमा कर्म मर्दैन भन्ने साक्षात् प्रमाण डा.तिलु थापाले यही ग्रन्थमार्फत इतिहासमा बलियो उदाहरण प्रस्तुत गरेकी छिन् ।

• नरेन्द्रराज प्रसाई

ISBN 978-9937-786-23-2
9 789937 786232 >